# लेखापरीक्षण प्रतिवेदन

# सूर्यविनायक नगरपालिका, भक्तपुर

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# सूर्यविनायक नगरपालिका, भक्तपुर

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/780

श्रीमान् नगरप्रमुखज्यू,
सूर्यविनायक नगरपालिका, नगरकार्यपालिकाको कार्यालय
भक्तपुर ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/780

श्रीमान् नगरप्रमुखज्यू,
सूर्यविनायक नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
भक्तपुर ।

**विषय : लेखापरीक्षण प्रतिवेदन।**

**१. कैफियत सहितको राय :**

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

**२. कैफियत सहितको राय व्यक्त गर्ने आधार :**

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय र व्यय तर्फ रु.३ अर्ब ६५ करोड ७४ लाख १३ हजारको लेखापरीक्षणबाट रू.४ करोड ११ लाख ६४ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.३८ लाख ५ हजारको सम्परीक्षण भई असुल गर्नुपर्ने रू.१ लाख ६९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२३ लाख ६४ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ७५ लाख ४४ हजार र पेश्की बाँकी रु. ७२ लाख ८१ हजार गरी जम्मा रु.३ करोड ७३ लाख ५९ हजार बाँकी रहेको छ । गत वर्षसम्म कायम बेरुजू रु.२५ करोड १४ लाख ५९ हजार बेरुजू मध्ये रु.२ करोड २६ लाख ६७ हजार सम्परीक्षण भई यस वर्षको थप रु.३ करोड ७३ लाख ५९ हजार समेत हालसम्म अद्यावधिक बेरुजू रु.२६ करोड ६१ लाख ५१ हजार बाँकी रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

२.३.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा :**

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी :**
नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरपालिकाप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी :**
वित्तीय प्रतिवेदन समग्रमा जालसाजी  वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९५ | ७१ | ४,११,६४,३२६ | ० | ८ | ३८,०५,६८२ | ० | ९५ | ६३ | ३,७३,५८,६४४ | १,६९,१५० | २,७५,४३,८३२ | २३,६४,३३८ | ० | ० | २,९९,०८,१७० | ७२,८१,३२४ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भक्तपुर | २५,१४,५८,८७० | ० | २,२६,६६,६७८ | २२८७९२१९२ | 0 | ३,७३,५८,६४४ | २६६१५०८३६ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | १९ | मूल्य अभिवृद्धि कर कट्टी : | ४,१७,६८२ |
| २ | २०८१/८२ | ४७ | प्रदेश समपुरक अनुपातः | १३,७३,००० |
| ३ | २०८१/८२ | १६ | पेश्की बाँकी : | २०,१५,००० |
| ४ | २०८०/८१ | ७९ | समपुरक अनुदान सम्बन्धमाः | १,०२,७०,३०१ |
| ५ | २०८०/८१ | ८० | विशेष अनुदान सम्बन्धमाः | ५०,४८,१२५ |
| ६ | २०८०/८१ | ५० | विद्यालय सहयोग अनुदानः | ६,००,००० |
| ७ | २०८०/८१ | ११० | मौजुदा सूची सम्बन्धमाः | २,४८,६०० |
| ८ | २०८०/८१ | १०३ | भुक्तानी बाँकी प्रमाणित वेगर खर्च : | २८,६८,४८७ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०८०/८१ | ५४ | पोशाक खर्च सम्बन्धमाः | ८,२२,२६६ |
| १० | २०८०/८१ | ३५ | पेस्की बाँकीको विवरणः | १,८९,००० |
| ११ | २०८०/८१ | ८७ | अनुगमन भत्ता सम्बन्धमा : | २५,५०० |
| १२ | २०८०/८१ | ५६ | अनुगमन गरेको बैठक भत्ता सम्बन्धमाः | २५,९४,४०० |
| जम्मा | | | | २,६४,७२,३६० |

# सूर्यविनायक नगरपालिका, भक्तपुर

# ( ८०३३३४०४३०० )

# सुर्यविनायक नगरपालिका , भक्तपुर

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सूर्यविनायक नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु सूर्यविनायक नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५२ सभा सदस्य, ४२ वर्ग किलोमिटर क्षेत्रफल तथा १४००८५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तिय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०९।२८ देखि २०८२।१०।१० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आयतर्फ र व्ययतर्फ रु. ३ अर्ब ६५ करोड ७४ लाख १२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची - २ मा

संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ८.५५,८०६।- असुल भई बेरुजु खाता दाखिला भएको प्रमाण पेश भएको छ ।

| क्र.सं. | बापत | मिती | रकम | दाखिला भएको |
|---|---|---|---|---|
| १. | इन्टरनेट, छात्रवृत्ती र दिवा खाजाको बढी निकासा (विभिन्न १४ विद्यालय) | २०८२।१०।७ | २०६८०६ | सघीय बेरुजु शीर्षक |
| २. | जनप्रतिनिधि चाडपर्व खर्च | २०८१।११।१७ | ५७४९६५ | आन्तरिक राजस्व बेरुजु शीर्षक |
| ३ | परामर्शदातालाई बढी भुक्तानी | २०८२।१०।८ | ५०००० | |
| ४ | जनप्रतिनिधि बढी भ्रमण भत्ता | २०८२।११।१७ | ८६५० | |
| ५ | बालकोट दिदी बहिनी समुहलाई बढी भुक्तानी | २०८२।१०।८ | १५३८५ | |
| | जम्मा | | ८५५८०६ | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

२.१ **एकीकृत वित्तीय विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०८१।८२ को समग्र संचित कोषको संक्षिप्त अवस्था देहायबमोजिम पेश गरेको छ ।

| आय तर्फ | | | | व्यय तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं | विवरण | रकम रु. | रकम रु. | क.सं | विवरण | रकम रु. | रकम रु. |
| १ | **गत वर्षको जिम्मेवारी** | | ८७८७७२१७४ | १ | चालु खर्च | | ७४३६१२२१६ |
| | क) नगद | ० | | २ | पूँजीगत खर्च | | ८८८४४३९३३ |
| | ख) बैक | ८७८७७२१७४ | | ३ | विभिन्न कोषतर्फको खर्च | | २७५०८६७९ |
| | ख.१) सञ्चित कोष खाता | ७४२८४३०३३ | | | क) विविध खर्च खाता | २७५०८६७७ | |
| | ख.२) धरौटी खाता | ४३७५४७०० | | ४ | धरौटी फिर्ता | | १५७१६५५४ |
| | ख.३) प्रकोप व्यवस्थापन कोष खाता | ३३७०४९८ | | ५ | अन्तरसरकारी अन्तियारी | | २१५२८८०१५ |
| | ख.४) विविध खर्च खाता | ३००३५३८८ | | | क) सामाजिक सुरक्षा | २०४२६१४६९ | |
| | ख.५) विविध कोष खाता | ३०१७०६७५ | | | ख)विद्यालय शिक्षा क्षेत्र योजना(केन्द्र स्तर) | ३५९००० | |
| | ख.६) कल्याण कोष खाता | २८५९७८८० | | | ग)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १०६६७५४६ | |
| २ | राजस्व | | ८७८८९२०२१ | ६ | मौज्दात | | ७५५०४६६५९ |
| | क) आन्तरिक राजस्व | २५६५२९८९८ | | | क) नगद | ० | |
| | ख) राजस्व बाँडफाँड | ५९११४३२१२ | | | ख) बैक | ७५५०४६६५९ | |
| | ग) अन्य आय | ३१२१८९११ | | | ख.१) सञ्चित कोष खाता | ६१६७७८६८२ | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ५५८४२७४३७ | | ख.२) धरौटी खाता | ४९९४९६४८ | |
| | क) वित्तिय समानीकरण अनुदान | १९६६४१६८० | | | ख.३) प्रकोप व्यवस्थापन कोष खाता | ३३७०४९८ | |
| | ख) सशर्त अनुदान | ३५६३१८२४५ | | | ख.४) विविध खर्च खाता | २६१७९२७५ | |
| | ग) समपूरक अनुदान | ५४६७५१२ | | | ख.५) विविध कोष खाता | ३०१७०६७५ | |
| | घ) विशेष अनुदान | ० | | | ख.६) कल्याण कोष खाता | २८५९७८८० | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ६८६७२३४१ | | | | |
| | क) वित्तिय समानीकरण अनुदान | २२०५४००० | | | | | |
| | ख) सशर्त अनुदान | २२९१९९४१ | | | | | |
| | ग) समपुरक अनुदान | १९९८२७८८ | | | | | |
| | घ) विशेष अनुदान | ३७१५६१२ | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | विभिन्न कोषतर्फको आय | | २३६५२५६६ | | | | |
| | क) विविध खर्च खाता | २३६५२५६४ | | | | | |
| ६ | धरौटी खाता | | २१९१११८३ | | | | |
| ७ | अन्तरसरकारी अन्तियारी | | २१५२८८०१५ | | | | |
| | क) सामाजिक सुरक्षा | २०४२६१४६९ | | | | | |
| | ख)विद्यालय शिक्षा क्षेत्र योजना(केन्द्र स्तर) | ३५९००० | | | | | |
| | ग)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १०६६७५४६ | | | | | |
| | जम्मा | | २६४५६१५७३५ | | | | २६४५६१६०५४ |

२.२ **स्थानीय तह सञ्चितकोष व्यवस्थापन प्रणाली:** पालिकाले आर्थिक वर्ष २०८१।८२ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७०, प्राप्ति तथा भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन अनुशूची ३ मा उल्लेख गरिएको छ ।

**(विस्तृत विवरण बेरूजु दफा २.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.३ **अन्तरसरकारी अख्तियारी :** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०.१) तयार गर्नुपर्छ । पालिकाले स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्राणालीको अनुसूचि १४ मा अन्तरसरकारी अन्तरसरकारी अख्तियारी अन्तर्गत प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. २०४२६१४६९, एकीकृत स्वास्थ्य पूर्वाधारको रु. १०६६७५४५.६१ र विद्यालय शिक्षा क्षेत्र योजनाको रु. ३५९००० सुत्रमा लेखाङ्कन नगरेकोले प्रस्तुत वित्तीय विवरणले पालिकाको समग्र कारोबारको सही र यथार्थ चित्रण गरेको छैन ।

२.४ **फरक हिसाब :** पालिकाले सुत्रबाट तयार गरेको स्थानीय संचित कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०-१) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्दा उक्त दुई विवरणमा देहायअनुसार फरक परेको देखिन्छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७०-१ (प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन) ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| क्र.सं. | विवरण | गतवर्षको जिम्मेवारी रु. | यसवर्षको प्राप्ति रु. | जम्मा | यसवर्षको भुक्तानी रु. | बाँकी बैङ्क मौज्दात रु. |
|---|---|---|---|---|---|---|
| १ | एकीकृत आर्थिक विवरण अनुसार | ८७८७७२१७४ | १७६६८४३५६२ | २६४५६१५७३६ | १८९०५६९०७७ | ७५५०४६६५९ |
| २ | सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०.१) | ८१६६३३१२२ | १४९४८४७८६२ | २३११४८०९८४ | १६२९७२४२०४ | ६८१७५६७८० |
| | फरक | ६२१३९०५२ | २७१९९५७०० | ३३४१३४७५२ | २६०८४४८७३ | ७३२८९८७९ |

उल्लेखित विवरण अनुसार स्थानीय तह सञ्चितकोष व्यवस्थापन प्रणाली (म.ले.प.फा.नं.२७०) को प्राप्ति तथा भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन र पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरणको तुलनात्मक अध्ययन गर्दा सुत्र अनुसारको वार्षिक प्रतिवेदन

(म.ले.प.फा.नं.२७०.१) अनुसार गत बर्षको जिम्मेवारी रु. ८१६६३३१२२ रहेकोमा पालिकाले पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार रु. ८७८७७२१७४ पेश भई रु. ६२१३९०५२ बढी जिम्मेवारी देखिएको साथै सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०.१) अनुसार बैकं मौज्दात रु. ६८१७५६७८० रहेकोमा पालिकाले पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार रु. ७५५०४६६५९ पेश भई रु. ७३२८९८७९ बढी मौज्दात देखिएको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२.५ **कोष तर्फ :** स्थानीय तह सञ्चितकोष व्यवस्थापन प्रणाली, (म.ले.प.फा.नं.२७०) को कोषहरुको प्राप्ती, भुक्तानी र बाँकीको विवरण र पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरणको तुलनात्मक अध्ययन गर्दा स्थानीय तह सञ्चितकोष व्यवस्थापन प्रणाली अनुसार विभिन्न कोषतर्फको प्राप्ति रु. २३६४५९९४ रहेकोमा एकिकृत आर्थिक विवरण अनुसार रु. २३६५२५६६ पेश भई बढी प्राप्ति रु. ६५७२ देखिएको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२.६ **आन्तरिक राजस्व तर्फ :** स्थानीय तह सञ्चितकोष व्यवस्थापन प्रणाली, राजस्वको संक्षित प्रतिवेदन अनुसार आन्तरिक राजस्व रु. २५५३८८९६१ रहेकोमा एकिकृत आर्थिक विवरण अनुसार रु. २५६५२९८९८ पेश भई सुत्रमा घटी राजस्व रु. ११४०९३७ देखिएको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२.७ **बैङ्क हिसाब विवरण :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान गर्नुपर्दछ । स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) को बैंक तथा नगद बाँकीको प्रतिवेदनमा स्रेस्ता अनुसार बाँकी रकम रु. ६८४८७७१०० उल्लेख छ । आर्थिक कारोबारको एकीकृत विवरणको अन्तिम मौज्दातमा समेत सोही रकम उल्लेख हुनुपर्नेमा रु. ७५५०४६६५९ रहेकोले यसलाई यकिन गर्नुपर्दछ ।

| क्र.सं. | खाताकोप्रकार | श्रेस्ताअनुसार बाकी रु | बैंकअनुसार बाकी रु | फरक |
|---|---|---|---|---|
| १ | नगद | ४२९० | | ४२९० |
| २ | ग १.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ३ | ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | -३००० | ० | -३००० |
| ४ | ग १.३, आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ५ | ग २.२, चालू खर्च खाता- जोर वर्ष | ० | ० | ० |
| ६ | ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ३१२०००० | ० | ३१२०००० |
| ७ | ग २.७, विविध खर्च खाता | २६१७२७०५ | २६१७९२७५ | -६५७० |
| ८ | ग ३.१, स्धानीय तह धरौटी खाता | ४९९४९६४८ | ४९९४९६४८ | ० |
| ९ | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ६०५६३३४५६ | ६१६७७८६८२ | -११११४५२२६ |
| | जम्मा | ६८४८७७१०० | ६९२९०७६०६ | -८०३०५०६ |

२.८ **वित्तीय प्रगति प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।

३ **आन्तरिक नियन्त्रणः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाइ विश्वसनिय बनाउन र प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले २०८१।११।६ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको देखिन्छ । तथापी निम्नानुसारका विषयमा नियन्त्रण प्रणालीले सम्बोधन नगरेका कारण आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकव छ। यस सम्बन्धी केहि ब्यहोरा निम्नानुसार रहेका छन ।

(क) स्थानीय सरकार सञ्चालन ऐन को २०७४ दफा ११ अनुसार पालिकाले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन नगरेको,

(ख) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार पालिकाले एक आर्थिक वर्ष भित्र भएको बजेट तथा शिर्षकको अनुगमन तथा मुल्यांकन गरी भौतिक तथा वित्तिय नतिजाको मुल्यांकन गरी प्रतिवेदन तयार नगरेको,

(ग) पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,

(घ) विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, भ्रमण गराउने कार्यक्रम, तालिम गोष्ठी र वितरणमुखि कार्यक्रम तर्फ बढी केन्द्रीत भई वितरणमुखि तरिकाले खर्च गरेको,

(ङ) कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

(च) सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा २८ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

(छ) दिगो बिकास लक्ष्य (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य नभएको,

(ज) वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार नगरेको तथा शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार नगरेको,

(झ) पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको अनुसुची १४ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,

(ञ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार पालिकाले न्यूनतम दररेट तयार गरी अनुमोदन नगराएको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४ **बजेट तथा कार्यक्रमः**

यसमा देहायका व्यहोरा देखिएका छन् ।

४.१ **बजेट तथा कार्यक्रम तर्जुमा :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ अनुसार बजेट तयार गर्नु भन्दा पहिले स्रोत अनुगमान तथा वजेट सिमा निर्धारण समिति वनाउने, मध्यकालिन खर्च संरचना तयार गरी स्रोत सुनिश्चित गर्ने, बजेट निर्माण तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने, आगामी बजेट तयार गर्दा साविकको उपलब्धिको विश्लेषण गर्ने, योजना तथा कार्यक्रमको तथ्यांकको आधारमा प्राथमिकीकरण गर्ने, विगत देखिको दायित्व, बजेट, निकासा खर्च र प्रगति विवरण जस्ता विषय ध्यान

दिई बजेट निर्माण गर्ने जस्ता पक्षलाई विचार गरी बजेट तर्जुमा गर्नु पर्ने व्यवस्था छ । बजेट निर्माण गर्दा स्थानीय आयोजना बैंकमा रहेका र प्राथमिकताक्रममा माथिल्लो श्रेणीमा रहेका आयोजनामा मात्र बजेट प्रस्ताव गर्नुपर्ने लगायतका व्यवस्था आंशिक मात्र कार्यान्वयन भएका छन । यस्ता व्यवस्थाको पूर्ण कार्यान्वयन गरी बजेटलाई गरिवी निवारण गर्ने, आय आर्जन रोजगारी सिर्जना गर्ने, उत्पादनमुलक क्रियाकलापमा विनियोजन हुनुपर्नेमा छिटो प्रतिफल नदिने र गरिवी निवारण एवं रोजगारी सिर्जना नहुने वितरणमुलक क्रियाकलापमा समेत बजेट विनियोजन भएको अवस्था छ । स्थानीय सरकार संचालन ऐनको बजेट तथा कार्यक्रम तर्जुमाको विषय कार्यान्वयन गर्नुपर्दछ ।

४.२ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६(७) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने लगायतका कार्यहरु सम्पन्न गरिसक्नुपर्ने व्यवस्था छ । त्यसैगरी आगामी आर्थिक वर्षको बजेट सीमा निर्धारण गरी प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको परिपालना गर्नुपर्दछ ।

४.३ **बजेट पेश पारित र अख्तियारी :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०८१।३।७ गते रु. २ अर्ब १५ करोडको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८१।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ ।

४.४ **त्रैमासिक खर्च :** आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रकम रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथौ त्रैमासिक | आषाढ महिना |
| पुँजिगत खर्च | ८८२५०३ | ५८०७४ | १०३७२७ | १९२०५७ | ५२८६४३ | ३२४६९१ |
| चालु खर्च | ७१८७६७ | १३७९९४ | १४३६१६ | १९०१३७ | २४७०१९ | १३५९५१ |
| जम्मा खर्च | १६०१२७० | १९६०६८ | २४७३४४ | ३८२१९५ | ७७५६६२ | ४६०६४३ |
| खर्च प्रतिशत | | १२.२४ | १५.४५ | २३.८७ | ४८.४४ | २८.७७ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. १ अर्ब ६० करोड १२ लाख ७० हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. १९ करोड ६० लाख ६८ हजार अर्थात १२.२४ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. २४ करोड ७३ लाख ४४ हजार अर्थात १५.४५ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. ३८ करोड २१ लाख ९५ हजार अर्थात २३.८७ प्रतिशत र चौथो त्रैमासिकमा रु. ७७ करोड ५६ लाख ६२ हजार अर्थात ४८.४४ प्रतिशत खर्च गरेको देखिएको छ । आषाढ महिनामा मात्र रु. ४६ करोड ६ लाख ४३ हजार अर्थात २८.७७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुनेगरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

४.५ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ बमोजिम स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने उल्लेख छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेटरु. | खर्चरु. | खर्चप्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १५०७८९५१९ | ९९७८२०७८ | ४.५६ |
| २ | पूर्वाधारविकास | ९०६४७९३६९ | ६६८३९६२७९ | ३०.५७ |
| ३ | सामाजिकविकास | ७२४९२४५८६ | ५४८६४३९८४ | २५ |
| ४ | संस्थागतविकास सेवा प्रवाह र सुशासन | ९९९१६६१२ | ६५११५४३३ | २.९७ |
| ५ | अन्यकार्यालय संचालन तथा प्रशासनिक | ३०४०८४५५७ | २१९३३३१५१ | १०.०३ |
| | जम्मा | २१८६१९४६४३ | १६०१२७०९२७ | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ३०.५७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी २.९७ प्रतिशत रहेको छ। पूँजी निर्माणतर्फ आयआर्जन, रोजगारी सिर्जना र गरिवीमा कमी ल्याउने कार्यमा बजेट प्राथमिकीकरण गरेको पाइएन । सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।

४.६ **योजना प्राथमिकिकरण :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजनाहरु न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| योजना | रु. १ लाख सम्म | रु. १ लाख देखि २ लाखसम्म | रु. २ लाखदेखि ५ लाखसम्मका | रु. ५लाख देखि १० लाखसम्मका | रु. १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|---|
| वडा/ नगरस्तरीय | १९ | ५९ | २३४ | २८२ | १५८ | ७५२ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा ७५२ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र ४१.४९ प्रतिशत योजनाहरू रहेका छन् । साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

४.७ **रकमान्तरः** स्थानीय सरका संचालन ऐन,२०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुँजिगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष कार्यपालिकाको पटक पटकको निर्णयबाट पुँजिगत तथा चालु शिर्षकका विभिन्न ५२५ योजना तथा कार्यक्रममा रु. ४१ करोड ४८ लाख ६३ हजार रकमान्तर गरेको छ । उक्त रकम सुरु बजेट रु. २ अर्ब १५ करोडको तुलनामा १९.३० प्रतिशत हुन आउँछ । पालिकाले आर्थिक वर्षको अन्तमा रकमान्तर न्यूनिकरण गरी कानुनमा भएको व्यवस्थाको परिपालन गर्नुपर्दछ ।

४.८ **गत बर्षको दायित्व भुक्तानी :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (१५) मा उपनियम १४ बमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको विवरणमा समावेश भएको खर्च रकममध्ये तलव, महंगि भत्ता र स्थानीय भत्ता, सरुवा भ्रमण खर्च,घर भाडा, पोशाक,खाद्यान्न, औषधि उपचार, बिरामी र बन्दीको सिधा, सेवा निवृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमको रकम जस्ता रकम मात्र भुक्तानी दिन

बाँकी रहेमा चालु आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा मात्र भुक्तानी गर्न पाइने उल्लेख छ । पालिकाले यसवर्ष गत वर्ष भुक्तानी नभएका विभिन्न ६६ योजना तथा कार्यक्रमको भुक्तानी दिन वाँकी रु. ३१ लाख ७६ हजार यो वर्ष भुक्तानी गरेको छ । बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

४.९ **बजेट अवण्डा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७१ को २ मा वजेट पेश तथा पारित गर्ने विषयमा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण माथी छलफल गरी सभाबाट पारित हुने वजेट विनियोजन नगरी एकमुष्ट राख्न मिल्ने देखिदैन । यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ को उपनियम १८ मा कार्यालयले वजेट तर्जुमा गर्दा आगामी आर्थिक बर्षमा कार्यान्वियन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत वजेटमा समावेश गर्नु पर्ने व्यवस्थाबाट पनि योजनागत तथा क्रियाकलापगत वजेट व्यवस्था नगरी एकमुष्ट वजेट राख्न मिल्ने देखिदैन । पालिकाको यो वर्ष स्पष्ट कार्यक्रम नखुलाई देहायबमोजिम विभिन्न शीर्षकमा नगरसभाबाट रु. ५९ करोड ५६ लाख बराबरको बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट विभिन्न योजना तथा कार्यक्रमहरुमा रु. ६० करोड ५५ हजार खर्च पालिकाको १७ औ नगरसभाबाट अनुमोदन गरेपनि यस्तो खर्च वार्षिक बजेटमा व्यवस्था नभै कार्यापालिका बैठकबाट योजना र कार्यक्रम तय गरेको देखिन्छ । यसबाट वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । बजेट र योजनालाई पारदर्शि र पद्धतिमा आधारित गराउन ठूलो मात्रामा भैपरी र अवण्डा राख्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.सं. | योजना | विनियोजन रु. | खर्च रु. |
|---|---|---|---|
| १ | विपद् कोष व्यवस्थापन | ८१९२६१२ | ७३३८६८० |
| २ | निर्मित पूर्वाधारहरुको मर्मत संरक्षण | ३६८४८६३ | ३६७२३९८ |
| ३ | भूक्षय नियन्त्रण तथा प्रकोप व्यवस्थापन | ५७७२८५१९ | ३१३९९१८२ |
| ४ | संचार क्षेत्र प्रवर्धन कार्यक्रम | ४५००००० | १०१००९७ |
| ५ | शैक्षिक क्षेत्र सुधार कार्यक्रम | २५००००० | २३९८३९० |
| ६ | कला संस्कृति सम्पदा संरक्षण र प्रवर्धन | ३२५५००० | ३२५५००० |
| ७ | विपन्न नागरिक जिवन संरक्षण तथा जिविकोपार्जन सहयोग कार्यक्रम | ५०००००० | ४३९१४४० |
| ८ | निजी क्षेत्र तथा संघ संस्था साझेदारी कार्यक्रम | ४२००००० | ३६७२६८९ |
| ९ | युवा तथा खेलकुद कार्यक्रम व्यवस्थापन | ४५००००० | २९१६८८० |
| जम्मा | | ९३५६०९९४ | ६००५४७५६ |

५ **प्रशासकीय संगठन तथा कर्मचारी व्यवस्थापनः**

यसमा देहायका व्यहोरा देखिएका छन् ।

५.१ **तलबी प्रतिवेदन पारित नगरेको :** बागमती प्रदेश, स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था रहेकोमा पालिका र अन्तर्गतका वडाहरु र स्वास्थ्य सस्थाहरुमा कार्यरत १४६ जना कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी रु. १० करोड ६० लाख ४७ हजार तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । यस सम्बन्धमा विगतका लेखापरीक्षण प्रतिवेदनमा समेत औल्याईएकोमा स्थिति यथावत छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब, भत्ता, ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

५.२ **दरबन्दी र पदपूर्ति :** बागमती प्रदेश, स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाले नगरसभाबाट मिति २०८१।९।२६ मा स्वीकृत गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार पालिकामा कुल २६२ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित स्थायी पदपुर्ति १३० र करार पदपुर्ति ९४ गरी कुल २२४ पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सि.डि.ई, प्रशासकीय अधिकृत, कृषि बिकास अधिकृत लगायतका पद रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

५.३ **करार कर्मचारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति गर्न सक्ने व्यवस्था उल्लेख छ । पालिकाले स्वीकृत गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार २६२ जनाको दरबन्दीमध्ये ९४ जना करारमा नियुक्त गरि रु. ३ करोड ५१ लाख ६४ हजार खर्च लेखेको छ । पालिकाले सब इन्जिनियर, प्रशासन सहायक, कृषि प्राविधिक लगायत पदमा करारमा नियुक्त गरेकोमा उक्त पदमा स्थायी पदपूर्ति गर्नुपर्दछ।

५.४ **प्रोत्साहन भत्ता:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था छ । सुर्यविनायक नगरपालिकाको कार्यसञ्चालन निर्देशिका २०७८ बमोजिम विभिन्न कर्मचारीहरुलाई प्रोत्साहन भत्ता वापत यस वर्ष रु. ३२ लाख ३६ हजार खर्च लेखेको छ । पालिकाले यसरी प्रोत्साहन भत्ता उपलब्ध गर्दा प्रोत्साहन भत्ता सम्बन्धी आवश्यक मापदण्ड निर्माण गरी कार्य बोझका आधारमा थप समय काम गरेको अतिरिक्त समय पुष्टि गर्ने विद्युतीय हाजिरी र सूचकसहितको कार्यसम्पादन मूल्याङ्कन गरेको नदेखिएकोले यसमा सुधार हुनुपर्दछ ।

५.५ **कर्मचारी कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष स्थानीय सेवाका कर्मचारीले खाईपाई आएको तलबबाट रकम कट्टा गरी तथा पालिकाले समेत थप गर्नुपर्ने रकम कल्याण कोषमा रकम जम्मा गरेको छैन । यसले गर्दा पालिकामा नियुक्त भएका कर्मचारीको भविष्यमा पर्ने ठूलो रकमको दायित्वको स्रोत अनिश्चित बनेको छ । स्थानीय सेवाका कर्मचारीको मासिक १० प्रतिशत रकम कट्टा गरि कर्मचारी कल्याण कोषमा दाखिला गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

६ **सम्पति व्यवस्थापनः**

यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

६.१ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण :** स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा नगरपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत एकीन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु राख्नु पर्दछ ।

६.२

**सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको प्रयोग :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ अनुसार सार्वजनिक निकायले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लागू गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकामा आ.व २०८१।०८२ सम्ममा सबै शाखा र वडाको एकीकृत जिन्सी अभिलेख देखिने गरी पाम्स प्रणाली लागू गरी सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्नेमा सो गरेको पाइएन । जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । पालिका मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुबाट सामाग्री खरिद गरी सो वापत बिल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्री अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको अवस्था छ।यसबाट परेको असर यकिन गरिनु पर्दछ ।

६.३ **मालसामानको गुणस्तरः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम स्पेसिफिकेशन निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । नगर अस्पताल समेतको औषधी खरिद गर्दा सामान स्टोर दाखिला हुनुअघि गुणस्तर परिक्षण गरेको देखिएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

६.४ **घर जग्गाको लगत :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ वमोजिम सरकारी कार्यलयको नाममा रहेको घर जग्गाको लगत राख्नुपर्ने व्यवस्था छ । पालिकासँग घर जग्गा सम्वन्धि विवरण माग गरिएकोमा विवरण प्राप्त भएन । घर जग्गाको लगत सार्वजनिक सम्पति व्यवस्थापन प्रणालीमा हालसम्म अभिलेखिकरण गरेको देखिदैन । पालिकाको नाममा भएका सवै भवन तथा जग्गाको यकिन गरी पालिकाले आफ्नो मातहत भएका सवै भौतिक सम्पत्ति तथा घर जग्गाको अभिलेख अद्यावधिक गरी प्रणालीमा अनिवार्य प्रविष्ट गर्नुपर्दछ ।

७ **कानुन निर्माण र कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा पालिकाले हालसम्म ३० ऐन, ८ नियमावली, ४१ कार्यविधि, २० निर्देशिका, ५ मापदण्ड, १ रणनीति, १ नीति र ३ आचारसंहित गरी जम्मा १०९ वटा कानुन निर्माण गरी राजपत्रमा प्रकाशन गरी कार्यान्यिवनमा ल्याएको छ । पालिकाले आवश्यकताको आधारमा कानून निर्माण गरि लागू गर्नु पर्दछ ।

८ **न्यायीक समितिको कार्यसम्पादनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६६ र यो बर्ष थप भएको २३ गरी कुल ८९ विवाद दर्ता भएकोमा ५३ वटा फछ्र्यौट भई ३६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

९ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको यस वर्ष वडागत विविध खर्च रु. ३६ लाख, नगरअस्पताल, स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रको विविध खर्च रु. ९ लाख, नगर प्रहरी कर्मचीको विविध खर्च रु. १ लाख ८० हजार, अन्य संघसंस्थाको विविध खर्च रु.

२४ लाख ४ हजार र अतिथि सत्कार र अनुगमन लगायतको विविध खर्च रु. २४ लाख ५२ हजार गरी जम्मा रु. ९५ लाख ३६ हजार गरेको छ । विविध खर्च गर्दा पालिकाले औचित्य पुष्टि हुने र मितव्ययी ढङ्गले आन्तरिक आयलाई समेत ख्याल गरी सकेसम्म यस्तो खर्च नियन्त्रण गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१० **आर्थिक सहायताः**

सूर्यविनायक नगरपालिका नगरप्रमुख राहत तथा जीविकोपार्जन कोष संचालन कार्यविधी,२०७८ को दफा १५ मा रु. १० हजार सम्मको सहायताको हकमा प्रमुख प्रशासकिय अधिकृतले, रु. १५ हजार सम्म नगरप्रमुखले र सो भन्दा माथिको आर्थिक सहायता कार्यपालिकाको बैठकको निर्णयको आधारमा गर्ने उल्लेख रहेको छ। साथै दफा ३८ मा यस कार्यविधी बमोजिम राहत तथा जिविकोपार्जन सुविधा लिएका व्यक्ति परिवार वा समूह वा संघ संस्था को विवरण नगरपालिकाले अभिलेखको रुपमा सुरक्षित राख्नुको साथै ३।३ महिनामा सार्वजनिक समेत गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष कार्यविधि बमोजिम तथा कार्यपालिकाको निर्णयको आधारमा रु. ५००० देखि रु.९९००० सम्मका दरले जम्मा रु.४३ लाख ९१ हजार आर्थिक सहायता वितरण गरेको छ । पालिकाले सहायता वितरणमा मितव्ययीता कायम गर्नुको साथै लाभग्राहिको पालिकाको वेबसाईट मार्फत सार्वजनिकरण गर्नुपर्दछ ।

११ **सेवा प्रवाहः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन नियम, नीति बनाउने, योजना तथा कार्यक्रम तयार गरी कार्यान्वियन गर्ने र सेवा प्रवाह गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको सेवा प्रवाहको लेखापरीक्षणको क्रममा माग गरिएकोमा विवरण उपलब्ध नगराएकोले यस सम्बन्धमा विश्लेषण गर्न सकिएन ।

१२ **वित्तीय जोखिम र संस्थागत क्षमता मूल्याङ्कनः**

पालिकाले प्रदान गर्ने सेवाको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह वित्तीय जोखिम मुल्याङ्कनमा यस पालिकाले आ.व. २०८०।०८१ मा ८५ अङ्क हासिल गरेको छ भने स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनमा आ.व. २०८०।०८१ मा ९०.५० प्रतिशत अङ्क प्राप्त गरेको पाइयो । पालिकाले क्षमता स्वमुल्याङ्कनका क्रममा संगठन तथा प्रशासन, सेवा प्रवाह, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवं आर्थिक व्यवस्थापन, सामाजिक समावेशिकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सहकार्य र समन्वय लगायतका विषय क्षेत्रमा सुधार गर्नुपर्ने देखिन्छ । साथै जोखिम मुल्याङ्कनको क्रममा पत्ता लागेका योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन, अनुगमन, मुल्याङ्कन तथा लेखापरीक्षण र राजस्व व्यवस्थापन लगायतका विषय क्षेत्रमा भएको जोखिमहरुको अभिलेख राखि नियन्त्रणको लागि कार्य योजना तयार गर्नुपर्दछ ।

१३ **पदाधिकारी सुविधाः**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३(क) मा गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाको अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यले अनुसूची १.क मा उल्लेख भएबमोजिम सुविधा पाउने व्यवस्था भएअनुसार पालिकाले यस वर्ष अनुसूची १ मा उल्लेख भएबमोजिम यातायात, टेलिफोन मोबाइल, खाजा, पुस्तक, पत्रपत्रिका, इन्टरनेट, समन्वय भत्ता, खानेपानी बिजुली महशुल, सरसफाइ, मर्मत, अतिथि सत्कार लगायतका शीर्षकमा बार्षिक रु. ७८ लाख ५७ हजार खर्च लेखेको देखिन्छ।

१४ **सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २०६ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विस्तृत विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । सहकारी संस्थाको नियमनकारी निकायको रुपमा रहेको पालिकाले आफ्नो क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको नियमित अनुगमन गरी त्यस्ता संस्थामा रहेका शेयर सदस्यहरुको वचत रकम र संस्थाहरुको ऋण लगानीको सुरक्षाको सुनिश्चितता प्रत्याभुत गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

१५ **आयोजना बैंकः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत बिषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने, विभिन्न अन्तरसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । योजना बनाउदा आर्थिक विकास र गरिबी निवारण प्रत्यक्ष योगदान पुग्ने, उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना सञ्चालन गनुपर्नेमा पालिकाले हालसम्म आयोजना बैँक बनाई कार्यान्वियनमा ल्याएको पाइएन । आयोजना वैङ्क स्थापना गरी आयोजनाको छनौट गर्नुपर्ने व्यहोरा गत विगत वर्षको लेखपरीक्षण प्रतिवेदनमा समेत सुझाएकोमा अवस्था यथावत रहेको छ । अत: स्थानीय आयोजना बैंकको अवधारणा कार्यान्वियन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

१६ **पेश्की बाँकी :**

आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७(४) मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले २१ दिन भित्र फछ्यौंट गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाको गत आ.व. सम्मको म्याद नाघेको रु. २६४८२०४१ र चालु आ.व को म्याद नाघेको रु. ७२८१३२४ गरी जम्मा म्याद नाघेको पेश्की बाँकी रु. ३५७७८३६५ रहेकोले नियमानुसार पेश्की रकम समयमै फछ्यौंट गर्नुपर्ने देखिएको रु.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **३२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **८५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **६४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा १६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| पेश्की | ७२,८१,३२४ |

१७ **खर्च मितव्ययिताः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक बजेट मिलाउनुपर्ने उल्लेख भएकोमा पालिकाले निम्नानुसार खर्च लेखेकोमा देखिएका व्यहोरा देहायानुसार छन् ।

१७.१ **अनुगमन तथा भ्रमण खर्च :** भ्रमण खर्च नियमावली २०६४ मा कार्यालयबाट भ्रमण आदेश लिई भ्रमण गर्ने कर्मचारीका सम्वन्धमा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष भ्रमण तथा अनुगमन मुल्याङ्कन कार्यमा रु. १९ लाख ६० हजार खर्च गरेको देखिन्छ । यो खर्च मध्ये पटक पटक प्रदेश मन्त्रालय हेटौडा, चितवन लगायत अन्य जिल्ला हरुमा पालिकाको काममा गएको र पालिकाभित्र सन्चालित वडागत र पालिकागत विभिन्न योजनाहरुको अनुगमन खर्च संलग्न रहेको छ ।यसरी भ्रमण र अनुगमन खर्च लेख्दा पालिकाले आफ्नो आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययी ढङगले गरी सकेसम्म यस्तो किसिमका खर्च कम गर्नेतर्फ पालिकाको ध्यायन जानुपर्दछ ।

१७.२

**इन्धन खर्च :** कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी गर्नुपर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्दछ । पालिकामा चार पाङ्ग्रे सवारी साधन ५ वटा, मोटरसाइकल ३० वटा, स्कुटर २७ वटा, टिप्पर २ वटा, एम्बुलेन्स १ वटा र शबबहान १ वटा रहेकामा यो बर्ष इन्धन वापत रु. ५५ लाख ७३ हजार भुक्तानी गरेको छ । पालिकाले सवारी साधन मर्मत ईन्धन खपतको व्यहोरा खुल्नेगरी म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्नेमा समय क्रम अनुसारको अभिलेख दुरुस्त हुनेगरी राखेको पाइएन । कार्यालयले सवारी साधनको प्रकृति अनुसार इन्धन न्यूनतम कोटा निर्धारण गरी खर्च मितव्ययि गर्नेतर्फ ध्यान दिनुपर्दछ। साथै महालेखा नियन्त्रक कार्यालयबाट इन्धन खर्च सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गर्नुपर्ने भनी निर्देशन गरेकोमा कार्यालयले प्रविष्टी गरेको पाईएन । प्रचलित कानूनी व्यवस्थाको पालना गरी PAMS मार्फत मात्र ईन्धन खर्चलाई मापदण्डमा आधारित र व्यवस्थित गर्नुपर्दछ।

१७.३ **सवारी मर्मत खर्च :** बाग्मती प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । पालिकामा चार पाङ्ग्रे सवारी साधन ५ वटा, मोटरसाइकल २३० वटा, स्कुटर २७ वटा, टिप्पर २ वटा, एम्बुलेन्स १ वटा र सबबहान १ वटा रहेकामा यो बर्ष सवारी साधन मर्मत खर्च शिर्षक बाट रु. २२ लाख ७३ हजार खर्च गरेको देखिन्छ। पालिकाले सवारी साधन मर्मत ईन्धन खपतको व्यहोरा खुल्नेगरी म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्नेमा समय क्रम अनुसारको अभिलेख दुरुस्त हुनेगरी राखेको पाइएन । साथै पालिकाले मर्मत खर्च लेख्दा प्रतिस्पर्धात्मक विधिबाट आवश्यक योजना तयार गरी सुचीकृत र प्रतिस्पर्धी सेवा प्रदायकबाट प्रस्ताव माग गरी मितव्ययिता अपनाउनु पर्दछ।

१७.४ **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम नियम ३१ मा बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण निर्माण कार्य वा मालसमान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुल्ला बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ साथै नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु. ५४ लाख ६५ हजार खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ । साथै यस प्रकारका खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

१८ **अवलोकन भ्रमणः**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले योजना तथा कार्यक्रम बनाउँदा आर्थिक विकास, दिगो विकास, उत्पादनमुलक, रोजगारी श्रृजना हुने, स्रोत साधन र शीपको उच्चतम् सदुपयोग हुने र दीर्घकालिन प्रतिफल उपलब्धि हुने खालका योजना तथा कार्यक्रम बनाई लागु गर्नु पर्ने व्यबस्था उल्लेख छ। नमुनाको रुपमा परिक्षण गर्दा पालिकाले विभिन्न वडागत रुपमा बजेट विनियोजन गरी देहायअनुसार ज्येष्ठ नागरिक तथा अन्य कर्मचारीलाई भ्रमण अनुगमन भनि विभिन्न धार्मिक स्थल लगायतको ठाउँमा अवलोकन भ्रमण गरेको बिल भरपाई पेश गरी खर्च लेखेको देखिन्छ। पालिकासँग छलफल गर्दा हरेक वर्ष नै यस्तै प्रकृतिका शिर्षकमा बजेट विनियोजन गरी खर्च हुने गरेको बताएको छ। पालिकाले उत्पादनमुलक, रोजगारी श्रृजना हुने, स्रोत साधन र शीपको उच्चतम् सदुपयोग हुने र दीर्घकालिन प्रतिफल उपलब्धि हुने खालका योजना तथा कार्यक्रम बनाई संचालन गर्नुपर्दछ।

| भौ.नं. मिति | भुक्तानी लिने | भ्रमण अवधि | भ्रमण गएको स्थान | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| ८५२।२०८१।११।२२ | जेष्ठ नागरीक रक्षा सेवा समाज | १ दिन | लेले | २००००० | ज्येष्ठ नागरिक |
| ९९४।२०८१।१२।१२ | सूर्यविनायक एकल महिला समूह | १ दिन | पाथीभारा | २००००० | एकल महिला |
| १०२८।२०८१।१२।१५ | ज्येष्ठ नागरीक समन्वय समिति | ४ दिन | दोलखा रामेछाप | १८९००० | ज्येष्ठ नागरिक |
| १०८४।२०८१।१२।२० | कुमार राउत | १ दिन | पालिकाभित्रका धार्मिक स्थल | १७२२१५ | ज्येष्ठ नागरिक |
| १६४१।२०८२।३।१ | मोहन देउबन्जार | ७ दिन | तिर्थयात्रा | १५०००० | ज्येष्ठ नागरिक |
| १६७६।२०८२।३।४ | बालकृष्ण कासुला | १ दिन | काठमाण्डौ रामकोट | २००००० | ज्येष्ठ नागरिक |
| १८२७।२०८२।३।१६ | राजेन्द्र फैंजु | २ दिने | दोलखा | १००००० | नंखेल स्वास्थ्य चौकि |
| १९९२।२०८२।३।२१ | उत्तमकृष्ण श्रेष्ठ | १ दिन | चाँगुनारायण | ४८४००० | ज्येष्ठ अपाङ्ग |

१९ **मूल्य अभिवृद्धि कर कट्टी :**

मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग सम्बन्धित ठेकेदार वा आपुर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम कट्टी नगरीभुक्तानी दिएको देखिन्छ ।तसर्थ उक्त कर रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| भौ.नं. | कार्य | आपुर्तिकर्ता | लागतअनुमान | सम्झौतारु. | भुक्तानीरु. | समायोजनगर्नुपर्ने रु. |
|---|---|---|---|---|---|---|
| ८९०।२०८२।३।१८ | अनुगमन तथामुल्याङ्कन सम्बन्धी सफ्टवेयर | होभरटेक्नोलोजी प्रा.लि | ४९८३३० | ४९७२०० | ४९७२०० | ५७२०० |
| ९३७।२०८२।३।२० | कृषि तथापशु शाखाको तथ्यांक व्यवस्थापन | भावीइन्जिनियरिङ्ग सोलुसन्स | १९०१७२९ | १८१०२३० | १८१०२३० | २०८२५७ |
| १०९२।२०८२।३।२४ | डाटास्टोरोज सहितको सरवर स्थापना | इन्टेकइन्टरनेशनल प्रा.लि. | २४९८२७५ | २३९८९०० | २४४८९०० | २८१७३२ |
| १५।२०८१।६।७ | अस्पतालव्यवस्थापन सफ्टवेयर | म्याभरायनसिस्टम प्रा.लि | १०००००० | ९७८१८४ | ९७८१८४ | ११२५३४ |
| ५१२।२०८२।१।१६ | आर्थिकसर्वेक्षण | स्कुल अफईकोनोमिक पोलिसि स्टडिज् प्रा.लि | १९४०७७५ | १६५५४५० | १६५५४५० | १९०४५० |
| ५१२।२०८२।१।१६ | आर्थिकसर्वेक्षण | स्कुल अफईकोनोमिक पोलिसि स्टडिज् प्रा.लि | १९४०७७५ | १६५५४५० | १६५५४५० | १९०४५० |
| ५६९।२०८२।१।३१ | प्रथम पञ्चबर्षीय आवधिक योजना अद्यावधिक कार्य | भिजनडेभलपमेन्ट सोलुसन प्रा.लि | ९९९७६७ | ९९०५८६ | ९९०५८६ | ११३९६१ |
| जम्मा | | | १०७७९६५१ | ९९८६००० | १००३६००० | ११५४५८४ |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **११३,९४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **१५५,४०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **१४८,३३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ११,५४,५८४ |
|---|---|

२० **घटी कर कट्टीः**

आयकर ऐन, २०५८ को दफा ८९(३)(क)अनुसार उपभोक्ता समितिलाई रु.५० लाख भन्दा बढी भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्न उपभोक्ता समितिलाई भुक्तानी गरेकोमा ऐन अनुसार घटि अग्रिम कर कट्टी गरेकोले घटी रकम असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु.

| भौ.नं. | योजना | भुक्तानीरु. | कट्टीगर्नुपर्ने रु. | कट्टीगरेको रु. | घटीकट्टी रु. |
|---|---|---|---|---|---|
| ११०८।२०८२।३।२४ | केदारनाथकोशिर डोलेश्वर मन्दिर निर्माण कार्य | ८०८८०८९ | १२१३२१ | ७२७५० | ४८५७१ |
| ८०५।२०८२।३।५ | अन्नतीझुला महादेवखोला पदमार्ग तर्फ खेल परिसर निर्माण | ८१५०६०० | १२२२५९ | ७२४५९ | ४९८०० |
| | जम्मा | | | | ९८३७१ |

| प्रमाण पेश नगरेको | ९८,३७१ |
|---|---|

२१ **राजस्व व्यवस्थापनः**

यसमा निम्न व्यहोरा देखिएका छन् ।

२१.१ **कर तथा शुल्क असुली :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर, घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | आम्दानीशीर्षक | अनुमानरु. | असुली रु. |
|---|---|---|---|
| १ | सम्पतीकर | ३००००००० | ३०८४१६३० |
| २ | वहालकर | ४००००००० | ५५९७०१८८ |
| ३ | वहालविटौरी कर | ० | ९८८९०९ |
| ४ | अन्यअचल सम्पत्तीमालाग्ने अन्य कर | ० | १२००० |
| ५ | सवारीसाधन कर (सानासवारी) | ० | ३५२०० |
| ६ | व्यवसायलेभुक्तानीगर्ने | ० | ६००० |
| ७ | अन्यकर | ० | ६१२५३३३ |
| ८ | अन्यनिकायबाटप्राप्त लाभांश | ० | ६००० |
| ९ | अन्यबिक्रीबाटप्राप्त रकम | ३८९३५००० | ५९६२५ |
| १० | अन्यसेवा शुल्क तथाबिक्री | ० | २५००० |
| ११ | न्यायिकदस्तूर | ० | ४८००० |
| १२ | अन्यप्रशासनिक सेवाशुल्क | ५०००००० | ५४६९०५० |
| १३ | नक्सापासदस्तुर | ४००००००० | ४११५९९६५ |
| १४ | सिफारिशदस्तुर | ५००००००० | ६२०१९०६८ |
| १५ | व्यक्तिगतघटनादर्ता दस्तुर | ० | २४९५०० |
| १६ | नाताप्रमाणितदस्तुर | ० | ८७४१०० |
| १७ | अन्यदस्तुर | ० | ३८८८१९४ |
| १८ | व्यावसायरजिष्ट्रेशनदस्तुर | ७२७७२५०० | २९४२९४६६ |
| १९ | प्रशासनिकदण्ड, जरिवाना र जफत | ० | ३१८८९०७ |
| २० | अन्यराजस्व | ५९३००००० | ५७४००० |
| २१ | व्यवसायकर | ० | ३२१००७६ |
| २२ | बेरूजू | ० | १२०८७५१ |
| | जम्मा | ३३६००७५०० | २४५३८८९६२ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२१.२ **राजस्व हिसाबमा फरकः** पालिकाको आम्दानी र खर्चको हिसाब एकिकृत वित्तिय विवरण र सुत्रअनुसार मिल्नुपर्दछ। पालिकाको एकिकृत वित्तीय विवरणले आन्तरिक आय रु. २५६५२९८९८ र सुत्रअनुसार रु.२४५३८८९६२ पेश भएकोमा रु. ११०४०९३६ फरक देखिएको सन्दर्भमा पालिकाले यकिन गर्नुपर्दछ। यस सन्दर्भमा सुत्रमा आम्दानी वेगर नै राजस्वमा पोष्टिङ्ग गर्दा हिसाब फरक भएको भन्ने भनाई आएको छ। सबै आम्दानी सुत्रमा आम्दानी बाँधेर मात्रै बैङ्क दाखिला गर्ने तर्फ कार्यालयले ध्यान जानुपर्दछ ।

२१.३ **राजस्व अभिलेखः** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचामा वित्तिय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाई कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म.ले.प फारम नं. २१२, राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र म.ले.प फा नं २१३ को राजश्व अम्दानि, बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन । नियमानुसार खाता तयार गरी राजस्व श्रेस्ता तयार गर्नुपर्दछ ।

२१.४ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ अनुमानित रु. ३३ करोड ६० लाख हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।०८२ मा रु २४ करोड ५३ लाख ८९ हजार अर्थात ७३.०३ प्रतिशत मात्र प्राप्त गरेको देखिएकोले पालिकाले आयको प्रक्षेपण वस्तुपरक र प्रभावकारी गरेको देखिएन । आम्दानीका स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आयआर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२१.५ **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष व्यवसाय कर रु. ७ करोड २७ लाख ७२ हजार अनुमान गरेकोमा रु. ३ करोड २६ लाख ३९ हजार संकलन गरेको देखिन्छ । लेखापरीक्षणको क्रममा आ.व. २०८१।८२ सम्ममा व्यवसाय कर असुली गर्न बाँकी रहेको करदाताको विवरण माग गरेकोमा पालिकाले उपलब्ध गराएको छैन । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरु कर तिर्न आएका वखत मात्र सुचिकृत गर्ने गरेकोले वास्तविक व्यवसायी यकिन गरी अभिलेख अध्यावधिक नभएकाले पालिकाले अनुमान गरेको र संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था देखिएन । पालिकाले व्यवसायकर वक्यौताको यकिन गर्ने अभिलेख लाई व्यवस्थित गरी सम्पुर्ण वक्यौता रकम प्रचलित कानून वमोजिम जरिवाना समेत लिई असुल गर्नुपर्दछ ।

२१.६ **सम्पत्ती कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ पालिकाको क्षेत्रभित्रका घर र जग्गामा सम्पत्ति कर लगाई असुल गर्नुपर्ने व्यवस्था उल्लेख छ। पालिकाले आफ्नो क्षेत्र भित्र रहेका ठूला करदाताहरूको पहिचान गरी तिनिहरुलाई करको दायरामा ल्याउन थप प्रयास गर्नुपर्ने देखिन्छ। लेखापरीक्षणको क्रममा आ.व. २०८१।८२ सम्ममा सम्पत्ती कर असुली गर्न बाँकी रहेको करदाताको विवरण माग गरेकोमा पालिकाले उपलब्ध गराएको छैन । पालिकाले बक्यौता सम्पत्ति करको लगत राखी उठाउनु पर्ने कर यकिन गरी असुल गर्नुपर्दछ ।

२१.७ **घर जग्गा बहाल कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पुरै वा आंशिक रूपमा बहालमा दिएमा बहालमा लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । त्यस्तै सुर्यविनायक नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा ३ मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुशुची घर/जग्गा बहाल कर लगाइने व्यवस्था छ । पालिकाले यो वर्ष वहाल कर रु. ४ करोड अनुमान गरेकोमा रु. ३ करोड ८ लाख ८२ हजार संकलन गरेको देखिन्छ । लेखापरीक्षणको क्रममा फाइल परिक्षण गर्दा धेरै वडा हरुमा स्वघोषणाको आधारमा वहाल कर असुली गरिएको देखियो । पालिकाले ले कति रकम सम्म, कस्तो परस्थितिमा स्वघोषणाको आधारमा कर असुली गर्न मिल्ने र कस्तो अवस्थामा अनिवार्य सम्झौता गर्नुपर्ने भन्ने सम्बन्धमा स्पष्ट मापदण्ड बनाएको देखिएन । लेखापरीक्षणको क्रममा आ.व. २०८१।८२ सम्ममा वहाल कर असुली गर्न बाँकी रहेको करदाताको विवरण माग गरेकोमा पालिकाले उपलब्ध गराएको छैन । साथै पालिकाले वहाल कर तिर्ने करदाताको अभिलेख तयार गरी सवै करदाताले वहाल कर तिरे नतिरेको यकिन गरेको छैन । वहाल कर तिर्न आएका वखत मात्र कर असुली गर्ने परिपाटि भएकाले पालिकाले बहाल कर सम्बन्धमा घर सर्वेक्षण गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरामा ल्याई आन्तरिक आय वृद्धि गर्ने गराउने तर्फ ध्यान दिनु पर्दछ ।

२१.८ **मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन प्रदर्शन स्थल ,ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८१।०८२ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको पाइएन । पालिकाको आफ्नो क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नुपर्दछ ।

२१.९ **फुटसलको आम्दानी :** पालिकाको आर्थिक ऐनमा नगरपालिका र अन्य निकायहरुको संयुक्त लगानीमा निर्माण भएका फुटसलहरुमा प्रति घण्टा रु. ३०० का दरले शुल्क लाग्ने व्यवस्था छ । पालिका अन्तर्गत ५ वटा फुटसल रहेकोमा सोबाट प्राप्त आम्दानी पालिकामा प्राप्त भएको देखिएन । पालिकाको आफ्नो क्षेत्र भित्रवाट उठ्नु पर्ने फुटसलको आम्दानी यकिन गरी असुल गर्नुपर्दछ ।

२२ **बैठक भत्ता सम्बन्धमाः**

सूर्य विनायक नगरपालिका कार्यसंचालन निर्देशिका, २०७८ (प्रथम संशोधन २०८१ समेत) को ३(ख) मा कार्यप्रकृति अनुसार सकेसम्म मितव्ययी हुने गरी बैठक राख्नुपर्ने तथा ३(ग) मा समिति वा कार्यदलका कूल सदस्य बाहेक सो संख्याको बढीमा तेत्तीस प्रतिशत वा तीन जना हुन आउने संख्यामा विज्ञ, आमन्त्रीत सदस्य वा कर्मचारीलाई मात्र बैठक भत्ता उपलब्ध गराउने व्यवस्था गरेको छ। नमुनाको रुपमा परिक्षण गर्दा देहाय अनुसारका बिषयगत समितिको बैठकमा तोकिएको भन्दा बढी आमन्त्रीत सदस्य राखी बैठक भत्ता भुक्तानी दिएको रु.२८०००० नियमसम्मत नदेखिएको रु.

| भौ.नं.मिति | समितिको नाम | समितिका सदस्य संख्या | बैठक संख्या | प्रति बैठक आमन्त्रित संख्या सहित हनुपर्ने | बढीमा भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ६७९।२०८१।१०।१० | पूर्वाधार विकास समिति | ७ | ८ | १० | ८०००० | १३१००० | ५१००० |
| १९६५।२०८२।३।२० | आर्थिक विकास समिति | ९ | १८ | १२ | २१६००० | २९३००० | ७७००० |
| १९६७।२०८२।३।२० | सार्वजनिक विकास तथा सेवा समिति | ८ | ३८ | ११ | ४१८००० | ५३७००० | ११९००० |
| १९२५।२०८२।३।१९ | पूर्वाधार विकास समिति | ७ | १० | १० | १००००० | १३३००० | ३३००० |
| जम्मा | | | | | | | २८०००० |

| अनियमित भएको | २,८०,००० |
|---|---|

२३ **ज्यालादारीमा नियुक्तः**

वागमती प्रदेश स्थानीय सेवा गठन तथा संचालन ऐन, २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागी कुनै व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने व्यवस्था रहेको छ । नमुनाको रुपमा परिक्षण गर्दा पालिकाले प्रत्येक वडामा प्राविधीक कर्मचारी १/१ जना रहेको अवस्थामा समेत वडाहरुमा संचालित विभिन्न योजनाहरुको रेखदेख गर्ने भनी डोर हाजिरमा नियुक्त गरी देहायका व्यक्तिलाई रु.१२५४४०५ भुक्तानी दिएको छ। पालिकाले दरबन्दी अनुसारका प्राविधीक र अन्य कर्मचारीको व्यवस्था हुदा हदै थप ज्यालादारीमा नियुक्त गरी खर्च लेखेको छ । आवश्यकता र औचित्यको आधारमा मात्रै यस किसिमको खर्च लेख्नुपर्दछ।

| सि.नं. | वडा नं | भौचर नं | नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | १ | विभिन्न भौचर बाट | प्रेम कृष्ण वोडेल श्रेष्ठ | २६३४२५ |
| २ | १० | विभिन्न भौचर बाट | सुमन कार्कि | ३०५०२५ |
| ३ | ७ | विभिन्न भौचर बाट | मिना कुमारी वाला नगरकोटी | ३४५८०० |
| ४ | ९ | विभिन्न भौचर बाट | राजु पन्थी | २६६६०५ |
| ५ | ५ | ५०८।२०८१।९।३ | कल्यान घिमिरे | ७३५५० |
| जम्मा | | | | १२५४४०५ |

२४ **तोकिएको दरभन्दा बढी भुक्तानीः**

सूर्यविनायक नगरपालिका कार्यसंचालन निर्देशिका, २०७८ (प्रथम संशोधन २०८१ समेत) को अनुसूची-२ मा सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार, कार्यशाला, सभा, समारोह संचालन सम्बन्धी खर्चको मापदण्ड तयार गरेको छ। जसमा वडा कार्यालय वा नगरपालिकाको आर्थिक सहयोगमा स्थानीय सामुदायिक संघ संस्थाले संचालन गर्ने कार्यक्रममा बाह्य प्रस्तुतिकरण कर्ताले प्रति सेसन कार्यपत्र वापत्र वापत रु.१६०० र प्रवचन वापत रु. १२०० गरी रु.२८०० पाउने र आन्तरिक प्रस्तुतिकर्ताले प्रतिसेसन कार्यपत्र वापत रु.१२०० र प्रवचन वापत रु. ८०० गरि रु.२००० पाउने उल्लेख गरेको छ। त्यस्तै यातायात बापत रु.३००, खाजा खर्च वापत प्रति व्यक्ति रु.१५०, मसलन्द ३ दिनसम्मको लागी रु.१०० ७ दिनसम्मको मा रु.२०० र ७ दिनभन्दा बढीमा रु.२५० का दरले, संयोजक भत्ता प्रतिदिन रु.१०००, व्यवस्थापकले प्रतिदिन रु.७५०, सहयोगी प्रतिदिन रु.३०० (एक इभेन्टमा २ जना सम्म), विविध(प्रमाणपत्र, पानी ब्यानर, आदिमा) ३,७ र ७ भन्दा बढी दिनको कार्यक्रममा क्रमश एकमुष्ट रु.१५००, २००० र ३००० दिन सक्ने व्यवस्था गरेको छ। नमुनाको रुपमा परिक्षण गर्दा पालिकाले देहायका कार्यक्रममा तोकिएको भन्दा बढी दरमा खर्च लेखेको रु.१६९१५० सम्बन्धीतबाट असुल गर्नुपर्ने रु.

| भौ.नं. मिति | कार्यक्रम | भुक्तानी पाउने | विवरण | हुनुपर्ने | भएको | बढी करबाहेक |
|---|---|---|---|---|---|---|
| १६८०। २०८२।३।५ | हार्पिक र फिनेल बनाउने ४ दिने तालिम | सूर्यविनायक एकल महिला समूह | व्यवस्थापक | ३००० | ४००० | ८५० |
| | | | संयोजक | ४००० | ६००० | १७०० |
| | | | सहयोगी | २४०० | ४००० | १३६० |
| जम्मा | | | | | | **३९१०** |
| १७५१। २०८२।३। १२ | २ दिने ग्यास बाट हुने जोखिम न्यूनीकरण तथा रोकथाम | राम श्रेष्ठ | प्रशिक्षक (कार्यपत्र नभएको) | ९६०० | ३०००० | १७३४० |
| | | | प्रतिवेदक | १००० | ३००० | १७०० |
| जम्मा | | | | | | **१९०४०** |
| १९१४। २०८२।३। १९ | ७ दिने उदघोषण तालिम | बालकृष्ण थापा | दैनिक २ सेसन प्रशिक्षक | ३९२०० | ४२००० | २३८० |
| | | | खाजा २३९ | ३५८५० | ५२५८० | १६४७९ |
| जम्मा | | | | | | **१८८५९** |
| १८१४। २०८२।३। १५ | ५ दिने उदघोषण तालिम | विजु थापा | खाजा २७५ | ४१२५० | ६०५०० | १८९६१ |
| | | | दैनिक २ सेसन प्रशिक्षक | २८००० | ३०००० | १७०० |
| | | | | | | **२०६६१** |
| १९९५। २०८२।३। १६ | ३ दिने मानसिक स्वास्थ्य तथा आत्मरक्षा सम्बन्धी | महिला हित समाज | प्रशिक्षक १२ सेसन | ३३६०० | ४८००० | १२२४० |
| जम्मा | | | | | | **१२२४०** |
| २०२०। २०८२।३। २२ | ५ दिने महिला क्षमता तथा उदघोषण तालिम | शैलेश बस्नेत | खाजा २५६ | ३८४०० | ११५८०० | ७७४४० |
| | | | प्रमाणपत्र | २००० | १९००० | १७००० |
| जम्मा | | | | | | **९४४४०** |
| कुल जम्मा | | | | | | **१६९१५०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६९,१५० |

२५ **प्रशासकीय भवन उद्घघाटनः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने तथा नियमावली को नियम ३१ मा बीस लाख रुपैयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यामद्धारा खरिद गर्नुपर्ने उल्लेख रहेको छ। पालिकाले बार्षिक बजेटमा नै नवनिर्मित प्रशासकीय भवन उद्घघाटन समारोह शिर्षकमा रु. ३० लाख बजेट विनियोजन गरेकोमा पालिकाले उक्त कार्यक्रमको लागत अनुमान तयार नगरी मिती २०८१।१०।१४ गते भवन उद्घघाटन गरेकोमा टुक्रा टुक्रा पारी देहायअनुसार विभिन्न आपूर्तिकर्ता बाट मालसमान खरिद गरी खर्च गरेको छ। यसरी पालिकाले उक्त कार्यक्रमको लागत अनुमान तयार गरी बोलपत्रको माध्यामबाट खरिद कार्य गर्नुपर्नेमा सोझै टुक्रा पारी

खर्च लेखेको छ। पालिकाले भिडियो, साउण्ड सिस्टम, एल इ डि स्किन लगायतका क्रियाकलापमा प्याकेजिङ्ग गरि प्रस्तावना पेश गर्न लगाई प्रतिस्पर्धी तवरले कार्य गर्न सकिनेमा पटक पटक गर्दा मितव्ययी भएको छैन। प्रकृति मिल्ने कार्यमा समेत प्रतिस्पर्धा बेगर कार्य भएकोले नियमसम्मत नदेखिएको रु.

| भौ.नं. मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | विवरण |
|---|---|---|---|
| ८५४।२०८१।११।२२ | किङस बैंकेट | ६२९९९९ | खाना खजा |
| ८६२।२०८१।११।२२ | किशोर नेपाल | ९००० | रोडमा पानी हालेको |
| ९४९।२०८१।१२।६ | विनायक प्रिन्टिङ प्रेस | ७३७२९५ | मायाको चिनो, लोगो लगायत |
| ९७७।२०८१।१२।१० | सलम्बु फुड एण्ड वेभेरेज प्रा.ली | २३००० | पिउने पानी |
| ९७८।२०८१।१२।१० | सिभिल मिडिया ग्रुप अफ नेपाल | ५०००० | मिडिया भिडियो खर्च |
| १००५।२०८१।१२।१७ | वनफ्रेम स्टुडियो प्रा.ली | ५६५०० | भिडियो खर्च |
| १०४४।२०८१।१२।१७ | इन्भेन्टस क्यारियर प्रा.ली | ६०९६३५ | मञ्च निर्माण |
| १०४७।२०८१।१२।१७ | अनमोल इभेन्ट म्यानेजमेन्ट एण्ड सर्भिस | ६७८०० | साउन्ड सिस्टम |
| १०४९।२०८१।१२।१७ | सूर्य प्रिन्टिङ प्रेस | २६९३९२ | ब्यानर तथा गेट निर्माण |
| १०५३।२०८१।१२।१७ | अमुल साउण्ड सर्भिस प्रा.ली | २१८७६८ | एल इ डी स्क्रिन भाडा |
| **जम्मा** | | **२६७१३८९** | |

| अनियमित भएको | २६,७१,३८९ |
|---|---|

२६ **ड्राइभिङ्ग तालिमः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८२ मा सार्वजनिक निकायलाई उपयोगी र आवश्यक पर्ने तालिम, गोष्ठि र सेमिनार जस्ता विषयमा मात्र सेवा लिनु परेमा पाँच लाख रुपैयासम्मको परामर्श सेवामा सार्वजनिक निकायको प्रमुख आफैले र सोभन्दा माथि बीस लाख रुपैँयासम्मको हकमा एक तहमाथिको अधिकारीको स्वीकृत लिई खरिद गर्न सकिने साथै एउटै प्रकृतिको खरिद कार्यमा प्याकिजिङ्ग गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाका विभिन्न वडाहरुले आ-आफ्नो बजेट उपशिर्षकमा ड्राइभिङ्ग सम्बन्धी कार्यक्रम राखेर देहायअनुसार फरक फरक दरमा लाभग्राहिलाई उक्त तालिम प्रदान गरेको देखिन्छ । पालिकाले यसरी एउटै प्रकृतिका तालिमा संचालन गर्दा प्याकेजिङ्ग गरी संचालन गर्नुपर्दछ। साथै तालिमको प्रमाणपत्र प्राप्त गरेका लाभग्राहिहरुले तालिम पश्चात उक्त ज्ञान सीप उपयोग गरे नगरेको सम्बन्धमा पालिकाले अभिलेख राख्नुपर्दछ ।

| भौ.नं. मिति | वडा नं | कार्यविवरण | परामर्शदाता | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ९८१।२०८१।१२।११ | ९ | ड्राइभिङ्ग तालिम | भक्तपुर मोटर ड्राइभिङ्ग सेन्टर | २००००० | १५ जना १५ दिन प्रतिव्यक्ति ७००० |
| १०३९।२०८१।१२।१७ | ५ | ड्राइभिङ्ग तालिम | डोलेश्वर ड्राइभिङ्ग ट्रेनिङ्ग सेन्टर प्रा.ली | २००००० | १६ जना २० दिन प्रतिव्यक्ति १२५०० |
| १८५०।२०८२।३।१७ | ७ | ड्राइभिङ्ग तालिम | एन्टिक ड्राइभिङ्ग स्कुल प्रा.ली | २८४९९९(५० प्रतिशत ) | ७५ जना प्रतिव्यक्ति ७६०० |
| १९६२।२०८२।३।२० | १ | ड्राइभिङ्ग तालिम | दलित लक्षित उ.स | २००००० | १९ जना प्रतिव्यक्ति ९५०० |
| २०५६।२०८२।३।२२ | ८ | ड्राइभिङ्ग तालिम | डोलेश्वर ड्राइभिङ्ग ट्रेनिङ्ग सेन्टर प्रा.ली | ९९५५०५(५० प्रतिशत ) | प्रतिव्यक्ति रु.७६०० र ५००० |

२७ **इजलासको बैठक भत्ताः**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को ४(क) मा न्यायिक समितिको बैठक भत्ता सम्बन्धी व्यवस्था रहेको तर इजलास बैठक सम्बन्धी कुनै व्यवस्था गरेको देखिदैन। पालिकाले कार्यविधि वेगर देहायको विभिन्न मितिमा इजलास बैठक बसेको भनी प्रति बैठक रु. १००० का दरले रु.३५५००० खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| भौ.नं. मिति | विवरण | खर्च रकम |
|---|---|---|
| ९६।२०८१।६।४ | विभिन्न मितिमा २५ चोटी ५ जना | १२५००० |
| २३९।२०८१।७।३० | विभिन्न मितिमा २६ चोटी ५ जना | १३०००० |
| ३६७।२०८१।७।३० | आश्विन १८ देखि कार्तिक २६ सम्म १० चोटी ५ जना | ५०००० |
| ६०३।२०८१।९।२५ | मङसिर महिना १० चोटी ५ जना | ५०००० |
| जम्मा | | ३५५००० |

| अनियमित भएको | ३,५५,००० |
|---|---|

२८ **पालिकाको नगर गानः**

पालिकाकले आफ्नो राष्ट्रिय गान तयार गरेकोमा एउटै प्रकृतिको कामको लागि टुक्रा ट्क्रा पारी परामर्शसँग खरिद सम्झौता गरि रास्ट्रिय गानको भिडियो छायङकनको लागी इन्फोटेनमेन्ट मिडिया प्रा.ली सँग सम्झौता गरी भौचर नम्बर ७३३।२०८१।१०।३० बाट रु. ४९००२५ र सोहि भिडियो सम्पादनको लागी लाइमलाईट नेपाल प्रा.ली सँग सम्झौता गरी भौचर नम्बर ७८३।२०८१।११।९ बाट रु. २९०००० गरी जम्मा रु. ७८००२५ खर्च लेखेको छ। यसरी एउटै प्रकृतिको लागि समेत अलग अलग रुपमा खरिद गरी रु. ७८००२५ भुक्तानी गरेको छ। कार्यक्षेत्रगत शर्त र परामर्श सेवा मिल्दोजुल्दो प्रकृतिको कार्यमा प्रतिस्पर्धी प्रक्रिया अपनाई खरिद कार्य गर्नुपर्दछ।

२९ **समाचार संकलनः**

पालिकाले नगरपालिकाले गरेका विकास कार्य तथा विभिन्न क्रियाकलापहरुको सम्बन्धमा विभिन्न संचार माध्यामबाट प्रकाशित हुने समाचारलाई संकलन गरी एकिकृत गरी पालिकामा पेश गर्नको लागी श्री फ्लोरिडा मिडिया प्रा.ली सँग सम्झौता गरी रु.४९३०९९ भुक्तानी दिएको देखिन्छ। पालिकाको आई टि शाखाबाट नै गर्न सक्ने उक्त कार्यका लागि समेत परामर्शको माध्यामबाट खरिद कार्य गरेकोमा लेखापरिक्षणको क्रममा उक्त प्रा.ली ले पेश गरेको प्यानड्राइभ परिक्षण गर्दा पालिकाका सम्बन्धमा विभिन्न समाचार माध्याममा प्रकाशित ८५ वटा समाचारको स्क्रिनसर्ट फोटो समावेश गरी पेश गरेको देखिन्छ। यसरी हेर्दा प्रति फोटोको स्क्रिन सर्ट गरेको रु.५८०१ रुपैँया परेको देखिन्छ। यसरी पालिकाको आन्तरीक जनशक्तिबाट नै हुने कार्यको लागि समेत परामर्श खरिद गरी भुक्तानी दिएको रु.४९३०९९ नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ४,९३,०९९ |
|---|---|

३० **नियमित कार्य परामर्शबाटः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रगतिहरुको प्रतिवेदन, गतिविधि प्रकाशन, अनुगमन मूल्यांकन, तथ्थाङ्क संकलन लगायतका कार्यहरु सेवा परामर्श लिई भुक्तानी गरेको देखिन्छ । कार्यालयको आन्तरिक नियन्त्रण, सेवा प्रवाह तथा कार्यक्रमको प्रगति सम्बन्धी विषय कार्यालयको नियमित कामकाज भएको र पालिकाका विभिन्न शाखाहरुमा कर्मचारी दरबन्दी र पदपुर्तिको अवस्था सन्तोषजनक रहेको अवस्थामा देहायबमोजिमका क्रियाकलापका लागि परामर्श सेवा लिई खर्च लेख्नु नियमित नदेखिएको रु.

| भौ.नं. मिति | कार्यविवरण | परामर्शदाता | भुक्तानी रु. |
|---|---|---|---|
| १९४५। २०८२।३।२० | कृषि तथा पशु विकासको क्षेत्रमा अनुदान तथा सहुलियत सम्बन्धी ३ बर्षको प्रभावकारीता मूल्याङकन | घण्टेश्वर इन्जिनियरिङ सोलुसन प्रा.ली | ४२८१०० |
| १९५१। २०८२।३।२० | लक्षित विकास क्षमता विकास सम्बन्धी कार्यक्रमको ३ वर्षको लेखाजोखा | समिन रिसर्ज इन्स्यिच्यूट प्रा.ली | ४९७२०० |
| १९६१। २०८२।३।२० | कर्मचारीहरुको क्षमता विकास सम्बन्धी ३ आर्थिक वर्षको लेखाजोखा | सिद्दिकली इन्जिनियरिङ प्रा.ली | ४९१८३२ |
| जम्मा | | | १४१७१३२ |
| | | अनियमित भएको | १४,१७,१३२ |

३१ **पर्व उत्सव तथा वितरणमुखी कार्यक्रमः**

आर्थिक कार्यविधि तथा वित्तीयउत्तर दायित्व नियमावली,२०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यबस्था उल्लेख छ साथै स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र ¬औचित्य समेत कायम गर्न आवश्यक व्यबस्था मिलाउनु पर्ने उल्लेख छ।नमुनाको रुपमा परिक्षण गर्दा पालिकाले पर्व उत्सव महोत्सव तथा जात्रा मनाउने कार्यमा खाना खाजा तथा अन्य सामाग्री वितरण गरेको विल भर्पाईका आधारमा मात्र खर्च भुक्तानी गरेको छ।सरकारी रकमको मितव्ययीता तथा औचित्यतता समेतलाई ध्यान राखी गत विगत वर्षहरुमा समेत सोहि समूह तथा संस्थालाई सोही प्रकर्तिका सामाग्री वितरण गरे नगरेको यकिन गरी उपलब्धी बिनाको खर्च रकम भुक्तानीमा सुधार गर्नु पर्दछ।यसका केहि उदाहरण निम्न अनुसार रहेको छ।

| भौचर नं र मिति | भुक्तानी | सामाग्री पाउने | विबरण | खर्च रकम |
|---|---|---|---|---|
| बाजा वितरण | | | | |
| १७९।२०८१।६।१४ | सुर्य बहादुर मकाजु | रामेश्वर हनुमान मन्दिर | साउन्ड सिस्टम वितरण | १९५०० |
| २४०।२०८१।६।२१ | आर्पित एण्ड आरोहि सप्लायर्स प्रा.ली | विभिन्न खलहरु | बाजा वितरण | २००००० |
| ६४३।२०८१।१०।३ | जि.पि.सि ट्रेडर्स | ३ वटा समूह | हार्मोनि तबला | २१४८१३ |
| ९१०।२०८१।१२।१ | श्री गणेश वाचनालय | | बासुरी धिमे बाजा | १५०००० |
| १०८७।२०८१।१२।३१ | समाज कल्याण युवा समाज | | धिमे बाजा | ५०००० |
| ११०४।२०८१।१२।२२ | निल ट्रेडर्स एण्ड कन्स्ट्रक्सन प्रा.ली | सहश्रेश्वर भजन समूह | स्पीकर बाजाहरु | १९९७८४ |
| १६७८।२०८२।३।५ | लुनिभा धिमे खल | | धिमेबाजा | १००००० |
| १७३५।२०८२।३।११ | करुणा तितजु | लतनसिङ्गे धिमे खल | बाजा | ५०००० |
| १७३७।२०८२।३।११ | श्री पञ्चमी मानन्धर गुठी | | बासुरी धिमेबाजा | २००००० |
| १७९२।२०८२।३।१३ | बालकोट धिमे खल | | धिमे बाजा | ५०००० |
| १८८४।२०८२।३।१८ | हलेसी ट्रेडस एण्ड सप्लायर्स | अग्रज ज्येष्ठ नागरिक समाज | तबला खैजडि | १५३९६२ |
| वितरणमुखी कार्यक्रम | | | | |
| ५४७।२०८१।९।१४ | सहायता फाउण्डेसन | | दराज कार्पेट | ९९००० |
| ६७२।२०८१।१०।१९ | सान्भि इन्टरप्राइजेज | वडा नं ६मा | ब्यान्केट वितरण | ४९९००० |
| ८२९।२०८१।११।१५ | एस.जे आर फनिसिङ | अरनिको योग प्रयोगशाला | कार्पेट वितरण | ८१८१६ |
| ८६५।२०८१।११।२५ | वाल विनायक आवि | | ट्र्याकसुट वितरण | १८६३५० |
| ८७५।२०८१।११।२६ | शिव तथा सरस्वती सेवा समिति | | कार्पेट वितरण | ३०००० |
| ९००।२०८१।११।२८ | सिरु योग साधना केन्द्र | | कार्पेट स्पीकर | १००००० |
| ११०२।२०८१। | सहज इन्ट्रप्राइजेज | नमुना बस्ती महिला | १८१ थान गमला | ९९५४९ |

| | | | | |
|---|---|---|---|---|
| १२।२२ | | स्था | | |
| ६२१।२०८१।९।२९ | कन्फर्ट फेशन | थिमि युथ क्लब | ट्रेकसुट | १६९५०० |
| २११६।२०८२।३।२५ | श्रीभद सप्लायर्स | विभिन्न क्लब | खेलकुद सामाग्री | १७८००० |
| १९३१।२०८२।३।२० | शैलेश बस्नेत | | खेलकुद सामाग्री | १५०७०० |
| १६९९।२०८२।३।८ | श्री गणेश सामुदायिक संस्था | | टेबल कुर्सी | २००००० |
| १७१४।२०८२।३।१९ | लोटस ट्रोक्जिम प्रेस | पलासे मगर समाज | टेबल कुर्सी | ९७३७५ |
| १८१८।२०८२।३।१५ | श्रीभद सप्लायर्स | २ समूह | कुर्सी साउन्ड सिस्टम | १५०००० |
| १९१२।२०८२।३।१९ | उमापति टुङ्गेल बंशादोर समाज शैलुङ | | दराज कार पेट | १३०००० |
| सास्कृतिक कार्यक्रम | | | | |
| ५६९।२०८१।९।२१ | पकाण्डोल ल्याम्ह पुच | | भिन्तुवार्यारीतथासास्कृतिककार्यक्रम | १००००० |
| १७०४।२०८२।३।८ | सूर्यविनायक युवा क्लब | वडा नं ६ | गणेश जन्मोत्सव जात्रा | ३००००० |
| १६९४।२०८२।३।८ | सूर्यविनायक युवा क्लब | वडा नं ४ | गणेश जन्मोत्सव जात्रा | ३००००० |
| १७४३।२०८२।३।११ | औम शान्ति सिरुटार | | धार्मिक पर्व संचालन | ३००००० |
| खेलकुद कार्यक्रम | | | | |
| ३४०।२०८१।७।१४ | तेकान्दो आईटिएफ नेपाल | | तेक्वान्दो प्रतियोगिता | ५०००० |
| १६६२।२०८२।३।३ | भक्तपुर जिल्ला जिम्न्याष्टिक संघ | | अन्तर ज्याम्न्याष्टिक प्रतियोगिता | ९९००० |
| १६८१।२०८२।३।५ | सूर्यविनायक नगर सितारियो कराते संघ | | | ५००००० |
| १८५९।२०८२।३।१७ | नेपाल गणातान्त्रित खेलकुद संघ | | भलिबल प्रतियोगिता | ५०००० |
| १८९२।२०८२।३।१८ | बाल अधिकार समिति | | क्रिकेट प्रतियोगिता | ५०००० |
| १९०६।२औ८२।३।१९ | राम श्रेष्ठ | | ब्याटम्यान्टिङ प्रतियोगिता | १००००० |
| १९३४।२०८२।३।२० | भक्तपुर सि.एच.आइ टी | तेक्वान्दी संघ | फुटसल प्रतियोगिता | २४५६०० |

| | | | | |
|---|---|---|---|---|
| २०८२।२०८२।३।२३ | श्रीमिला जोन्छु | पाण्डेबजार फ्रेण्डसिप क्लब | फुटसल प्रतियोगिता | ६०००० |
| जम्मा | | | | ५७१३९४९ |

३२ **फरक शिर्षकः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा तोकिएको खर्च शिर्षकमा मात्र वजेट खर्च गर्नुपर्ने व्यवस्था छ। साथै महालेखा नियन्त्रक कार्यालयद्धारा जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या,२०७४ (दोस्रो परिमार्जन) मा समेत तोकिएको तथा सम्बन्धित खर्च शिर्षकमा मात्र बजेट खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारका खर्च गर्दा तोकिएको शिर्षकवाट खर्च नगरी फरक खर्च शिर्षकवाट वजेट खर्च गरेको पाइएकोले फरक खर्च शिर्षकवाट खर्च गरको नियमसम्मत नदेखिएको रु.

| भौचर नं र मिती | विनियोजन भएको शिर्षक | खर्च भएको शिर्षक | खर्च रु. |
|---|---|---|---|
| ३७०।८२।३।२२ | किसान सुचिकरण कार्यक्रम | कार्यालय सामान खरिद | १९९७८४ |
| २१०८।८२।३।२४ | सभा संचालन खर्च | मसलन्द सामाग्रि खरिद | ९२९२४४ |
| २१०९।८२।३।२४ | सभा संचालन खर्च | मसलन्द सामाग्रि खरिद | ३९१०६९ |
| २१३७।८२।३।२४ | अपाङ्गता भएका व्यक्तीहरुका लागि सिप तथा व्यवसायिक विकास तालिम कार्यक्रम | कार्यालय सामान खरिद | २६०३५२ |
| | जम्मा | | १७८०४४९ |
| | | अनियमित भएको | १७,८०,४४९ |

३३ **मायाको चिनोः**

सूर्य विनायक नगरपालिका कार्यसंचालन निर्देशिका, २०७८ (प्रथम संशोधन २०८१ समेत) को अनुसूची-२ मा सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार, कार्यशाला, सभा, समारोह संचालन सम्बन्धी खर्चको मापदण्डमा विभिन्न किसिमका तालिममा मायाको चिनो खरिद गरि खर्च गर्ने व्यवस्था रहेको छैन। नमुनाको रुपमा परिक्षण गर्दा पालिकाले देहायका वडागत तालिममा मायाको चिनो खरिद गरेको भनी प्रति थान मायाको चिनो रु. ३३०० देखि रु. १०००० सम्मको बील पेश गरी रु.१५६००० भुक्तानी दिएको छ। यसरी कार्यविधीमा व्यवस्था नभएको शिर्षकमा खर्चिलो दरमा मायाको चिनो खरिद गरि भुक्तानी दिएकोले यस्तो खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

| भौ.नं. मिति | कार्यक्रम | भुक्तानी पाउने | विवरण | पिस | दर | रकम |
|---|---|---|---|---|---|---|
| १९१४।२०८२।३।१९ | ७ दिने उदघोषण तालिम | बालकृष्ण थापा | मायाको चिनो | ९ पिस | ३५०० | ३१५०० |
| १८१४।२०८२।३।१५ | ५ दिने उदघोषण तालिम | विजु थापा | मायाको चिनो | १० पिस | ३३०० | ३३००० |
| १८८०।२०८२।३।१८ | ५ दिने उदघोषण तालिम | वालकृष्ण कासुला | मायाको चिनो | ९ पिस | ३५०० | ३१५०० |
| २०२०।२०८२।३।२२ | ५ दिने महिला क्षमता तथा उदघोषण तालिम | शैलेश बस्नेत | मायाको चिनो | १० पिस | ८*५००० र २*१०००० | ६०००० |
| जम्मा | | | | | | १५६००० |

३४ **विद्युत महसुलमा जरिवाना भुक्तानीः**

सार्वजनिक खर्चलाइ मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २081 को ८(२) धारा, विद्युत र सञ्चारको महसुल निर्धारित समयभन्दा अगावै भुक्तानी गर्दा छुट हुने भएमा त्यस्तो छुट प्राप्त गर्ने गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले विद्युत महसुल समयमा भुक्तानी गरी छुट सुविधा लिनुपर्नेमा ढीला भुक्तानी गर्दा जरिवाना स्वरुप थप दस्तुर वापत देहायअनुसार रु.१९३७६७ भुक्तानी गरेको नियमसंगत नदेखिएको रु.

| भौचर मिति | भुक्तानी रु. | जरिवाना रु. |
|---|---|---|
| १८।२०८१।५।१२ | ५१२६०४ | ६४५७० |
| ३७।२०८१।५।२४ | ५६७०६ | ८९५५ |
| ४९।२०८१।५।३० | ६५००० | ३१७४ |
| ५१।२०८१।५।३० | २५००० | ३०९२ |
| १०२।२०८१।६।६ | ७३९६४ | १३४९० |
| २००।२०८१।६।१६ | ४४६३० | ५९१ |
| २७९।२०८१।७।१ | ५५००० | ५३८३ |
| ३०४।२०८१।७।६ | २५९६७ | २१४८ |
| ४२९।२०८१।८।१८ | १३१७१ | १००१ |
| ५२३।२०८१।९।७ | ५३९००० | ७६४१६ |
| ६५०।२०८१।१०।४ | ६०००० | १४७४ |
| ६६०।२०८१।१०।८ | २२५००० | ४०५८ |
| १६२४।२०८२।२।३० | ३२००० | २५९७ |
| १७४६।२०८२।३।११ | ३२३९२ | ६८१८ |
| जम्मा | | १९३७६७ |

| | |
|---|---|
| अनियमित भएको | १,९३,७६७ |

३५ **अन्य निकायको खर्चः**

स्थानीय सरकार सन्चालन ऐन २०७४ दफा ११ अनुसार गाउँपालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था गरी पालिकाले आफ्नो अधिकार क्षेत्रमा मात्र कार्य गर्नुपर्ने व्यवस्था छ ।नमुनाको रुपमा परिक्षण गर्दा पालिकाले आफ्नो क्षेत्र भन्दा बाहिर गई देहायका संघ संस्था तथा कार्यालयलाई भुक्तानी गरेको देखियो ।यसरी आफ्नो कार्य क्षेत्र भन्दा अन्य निकायको कार्य क्षेत्रमा गरिएको खर्च नियम सम्मत नभएको रु.

| भौचर मिति | कार्यालयको नाम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १४।२०८१।५।९ | अस्थाई प्रहरी पोष्ट गुण्डु | बेड तथा भाडाकुडा | ५०६६६ |
| ८३२।२०८१।११।२० | जनसास्कृतिक प्रतिष्ठान नेपाल | विविध | ५०००० |
| ९५८।२०८१।१२।८ | रफत संचार क्लब | बार्षिक उत्सव खर्च | ८५००० |
| | | | १८५६६६ |

| | |
|---|---|
| अनियमित भएको | १,८५,६६६ |

३६ **पारिश्रमिक करः**

आयकर ऐन, २०५८ को अनुसूची १ अनुसार बासिन्दा व्यक्तिले आफ्नो वार्षिक आयमा तोकिएको सिमा भन्दा बढि आयमा पारिश्रमिक कर तिर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले श्री डा. राकेश कुमार वर्मा को बार्षिक कर योग्य आय रु.१६३५६२२ रहेकोमा उक्त आयमा लाग्ने पारिश्रमिक कर रु. १११३८३ कट्टा नगरेकोले उक्त रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,११,३८३ |

३७ **खरिद व्यवस्थापनः**

यसमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

३७.१ **खरिद कारवाही अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको देखियो । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

३७.२ **बार्षिक खरिद योजना/गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ मा बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले बार्षिक खरिद योजना नबनाई यो बर्ष पुँजीगत प्रकृतिको रु. ८८ करोड ८४ लाख ४४ हजारको खरिद कार्य गरेको देखियो । अतः पालिकाले नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३७.३ **ठेक्का अभिलेख :** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३७.४ **डि.एल.पी अभिलेख :** सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । त्यस्तै सोही नियमको उपनियम २ मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेशिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ । त्यस्तै उपनियम ४ मा उपनियम (१) बमोजिमको निर्माण भए बमोजिमको नक्सा र उपनियम (३) बमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित सार्वजनिक निकायले वोलपत्र स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नुपर्ने र सार्वजनिक निकायको प्रमुख र बोलपत्र स्वीकृत गर्ने अधिकारी एउटै व्यक्ति भएमा निज भन्दा एक तह माथिको अधिकारी समक्ष पेश गर्नुपर्ने उल्लेख छ । नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक

कर्मचारीबाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन । यस्तो अवस्थामा डि.एल.पी समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन । अतः यसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

३८ **मसलन्द तथा कार्यालय सामाग्रीः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम नियम ३१ मा बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण निर्माण कार्य वा मालसमान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुल्ला बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ साथै नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद गर्नुपर्नेमा यो वर्ष देहायबमोजिमका मसलन्द तथा कार्यालय सामाग्री प्रतिस्पर्धा नगराई खुला कोटेशनको माध्यमबाट सोझै खरिद गरको छ । यसरी प्याकेज नगरी पटक पटक सोझै खरिद गर्दा प्रतिस्पर्धा सीमित हुन गएकोले खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अपनाउनुपर्दछ ।

| भौ.नं. मिति | आपूर्तिकर्ता | रकम |
|---|---|---|
| ४८९।२०८१।९।१ | विभिन्न ५ फर्म | ४००५७३ |
| ५७४।२०८१।९।२२ | सूर्य प्रिन्टिङ्ग स्पोर्ट | १७०१४९ |
| ५०२।२०८१।९।३ | विभिन्न ६ फर्म | २३४४४८ |
| ५५२।२०८१।९।१६ | विभिन्न ३ फर्म | १६४४५८ |
| १६४७।२०८२।३।१ | विभिन्न ९ फर्म | १००१२६३ |
| १६७४।२०८२।३।३ | विभिन्न ६ फर्म | ५३६१६० |
| १८३२।२०८२।३।१६ | विभिन्न ३ फर्म | २९२९१९ |
| १९०९।२०८२।३।१९ | विभिन्न ६ फर्म | २९३९४२ |
| २०१७।२०८२।३।२१ | निल ट्रेडर्स एण्ड कन्स्ट्रक्सन प्रा.ली | २८२०४८ |
| २०९२।२०८२।३।२३ | विभिन्न १० फर्म | ३६६०२३ |
| | | ३७४१९८३ |

३९ **प्रमाण पेश नभएकोः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले नेपाल नगरपालिका संघ लाई नगरपालिका संघ भवन निर्माणका लागि गो.भौ.नं. १०९७।२०८२।३।२४ बाट रु. १०००००० भुक्तानी भुक्तानी गरेकोमा उक्त निकायबाट सम्झौता बमोजिम खर्च गरेको पुष्ट्याई गर्ने प्रमाण कागजात पेश नभएकोले आवश्यक प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००,००० |

४० **ठेक्का प्रतिस्पर्धा :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) मा सार्वजनिक निकायले खरिद कार्यको कुनै वा सबै प्रकियामा विद्युतीय कार्यविधि प्रणाली मात्र अपनाउन सकिने उल्लेख छ । पालिकाले यस वर्ष देहायबमोजिमका योजना विद्युतीय बोलपत्र मार्फत सम्झौता गरी सञ्चालन गरेकोमा लागत अनुमानको तुलनामा ५६.५९ प्रतिशस सम्म घटी कबोल अंकमा ठेक्का सम्झौता भएको देखिन्छ । लागत अनुमानको

तुलनामा निकै न्यून लागतमा खरिद कार्य गर्दा निर्माण सामाग्री र निर्माण कार्यमा गुणस्तरीयता समेत कायम गर्ने सम्बन्धमा कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । पालिकाले यस बर्ष धेरै घटीमा बोलपत्र मार्फत सम्पन्न गरेका ठेक्काको अवस्था देहायबमोजिम रहेको छ ।

| क्र.सं. | ठेक्कानं | योजना | निर्माणव्यवसायी | लागतअनुमान रु. | सम्झौतारु. | घटीप्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | SM/ 01/ 081/ 082-04 | हेल्थपोस्ट देउजा गाउँ सडक स्तरोन्नति | हिल्सानिर्माण सेवा | ७९९६७१० | ३६३०९५८ | ५४.५९ |
| २ | SM/ 01/ 081/ 082-05 | देउजा गाउँसौडोल सडक स्तरोन्नती | सम्राटकन्सत्रक्सन | १८६५६५७२ | ८३८९३८६ | ५५.०३ |
| ३ | SM/ 01/ 081/ 082-06 | खड्का गाउँतामांग टोल सडक स्तरोन्नती | आर जीकन्सत्रक्सन | ७९४३६५० | ३६१८४६४ | ५४.४५ |
| ४ | SM/ 02/ 081/ 082-03 | संगम मार्गताथली सडक स्तरोन्नति | चित्रपुरगणेश निर्माण सेवा | १९३९६०४५ | ८७३९२८१ | ५४.९४ |
| ५ | SM/ 03/ 081/ 082-03 | बागमतीकोल्ड स्टोर बाहिरी चख्खु सडक स्तरोन्नति | आकाश दिपनि से | १९३९९१८९ | ९०३२८२० | ५३.४४ |
| ६ | SM/ 08/ 081/ 082-01 | दह गाउँभंगाली बन सडक स्तरोन्नति | चित्रपुर गणेश निर्माण सेवा | ८९३३८६६ | ३८७७८०९ | ५६.५९ |
| ७ | SM/ 08/ 081/ 082-02 | घट्टे खोलाकटान नियन्त्रण | शैलुंग निर्माण सेवा | ११२४५६०७ | ४९०४६४६ | ५६.३९ |

४१ **ट्राफिक कार्यालय ट्रस निर्माणः**

स्थानीय सरकार सन्चालन ऐन २०७४ दफा ११ अनुसार नगरपालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था गरी पालिकाले आफ्नो अधिकार क्षेत्रमा मात्र कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्वीकृती प्राप्त गरे पछि मात्र खर्च व्यहोर्नु पर्दछ । पालिकाले ट्राफिक कार्यालय ट्रस निर्माणका लागि रु. ७७३१३८ को लागत अनुमान तयार गरी सुरजीत कन्सट्रक्सन एण्ड सप्लायर्ससँग रु. ७७२४८४ मा सम्झौता गरी कार्यसम्पन्न गरी रु. ७७२४८४ खर्च लेखेको देखिन्छ । यसरी छुट्टै अस्तित्व र छुट्टै वजेट व्यवस्थापन भएका कार्यालयहरुमा तालुक मन्त्रालयबाट बजेट अख्तियारी हुने हुँदा पालिकावाट सरकारी निकायको निर्माण कार्यका लागि खर्च गरेको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७,७२,४८४ |

४२ **सफ्टवेयर खरिदः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १२९(१) मा कुनै कार्यालयले सम्पादन गर्नुपर्ने बजेट तथा लेखा सम्बन्धी कार्यलाई व्यवस्थित गर्न सूचना प्रविधिमा आधारित वा अन्य कुनै प्रणालीको विकास गर्नु पर्ने भएमा त्यस्तो कार्यालयले सम्बन्धित मन्त्रालय वा तालुक कार्यालयमार्फत महालेखा नियन्त्रक कार्यालय र अर्थ मन्त्रालयको स्वीकृत लिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष देहायबमोजिमका सफ्टवेयर खरिदका लागि खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । अन्य व्यहोरा देहायबमोजिम छन् ।

| भौ.नं. | योजना | आपुर्तिकर्ता | लागतअनुमान | सम्झौतारु. | भुक्तानीरु. |
|---|---|---|---|---|---|
| ८९०।२०८२।३।१८ | अनुगमन तथामुल्याङ्कन सम्बन्धी सफ्टवेयर | होभरटेक्नोलोजी प्रा.लि | ४९८३३० | ४९७२०० | ४९७२०० |
| ९३७।२०८२।३।२० | कृषि तथापशु शाखाको तथ्यांक व्यवस्थापन | भावीइन्जिनियरिङ्ग सोलुसन्स | १९०१७२९ | १८१०२३० | १८१०२३० |
| १५।२०८१।६।७ | अस्पतालव्यवस्थापन सफ्टवेयर | म्याभरायनसिस्टम प्रा.लि | १०००००० | ९७८१८४ | ९७८१८४ |
| जम्मा | | | ३४०००५९ | ३२८५६१४ | ३२८५६१४ |

(क) कार्यालयको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्नेमा पालिकाले प्रयोग गरेको उल्लेखित प्रणालीको व्यवस्थापन र नियन्त्रणमा कार्यालयको पहुँच देखिएन । सेवा प्रदायक सँस्थाले नियन्त्रण तथा व्यवस्थापन गर्नेगरि सम्झौता गरेको देखियो । प्रणाली व्यवस्थापनमा समेत पालिकाको पहुँच हुनेगरी सुधार गर्नु पर्दछ ।

(ख) सफ्टवेयरमा तोकिए अनुसार सेक्युटरी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म.ले.प. फाराम ९०३ मा राख्नुपर्नेमा सो गरेको दखिएन । यसबाट सेक्युरिटी प्रोटोकल र सुरक्षण विधिका सम्वन्धमा जोखिम आउने अवस्था रहन्छ। यसमा पालिकाले विधिको पालना गर्नुपर्दछ ।

## ४३ कन्टिन्जेन्सी खर्चः

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० (७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट 3 प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गरी यस बर्ष रु. १ करोड ४६ लाख २१ हजार खर्च गरेको विवरण पेश गरेको छ । लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सिको व्यवस्था गर्न सकिने व्यवस्था भएपनि सो रकम खर्च गर्ने अभिलेख राख्ने एवं प्रतिवेदन गर्ने कार्यविधि तोकिएको छैन । पालिकाले गरेको कन्टिन्जेन्सी खर्चको विवरण खर्च शिर्षक अनुसार राख्नुपर्नेमा सो अनुसार कुन खर्च शिर्षक वा कुन कार्यमा कति खर्च भएको हो भन्न अवस्था छैन । तसर्थ सम्बन्धित निकायले यसको कार्यविधि बनाई खर्च गर्ने गराउने तथा आन्तरिक नियन्त्रण गरी मितव्यियता कायम हुने गरी मात्र खर्च गर्नुपर्दछ ।

## ४४ एजबिल्ट ड्रइङः

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा खरिद सम्झौतामा निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र निर्माण व्यवसायीले निर्माण भए वमोजिमको एज विल्ड नक्सा सार्वजनिक निकायमा पेश गर्नपर्ने व्यवस्था रहेको छ। पालिकाको प्रशासनिक भवन २०८१।९।२९ मा रु. २० करोड ४१ लाख ५२ हजारको लागतमा सम्पन्न भैसकेको छ। निर्माण व्यवसायी म्यान।बाबुरत्न जे.भी रुपिन्चे ल.पू. सँग भएको खरिद सम्झौताको ठेक्का कार्य सम्बन्धी सामान्य सम्झौता जि.सि.सि को बुदाँ नं. १७.२० मा निर्माण व्यवसायीले भवन निर्माण अनुरुप भएको एज विल्ट ड्रइङ पेश गर्नुपर्ने व्यवस्था गरेकोमा उक्त ड्रइङ पेश गरेको देखिएन । सम्झौतामा भए अनुसार एज विल्ट ड्रइङ पेश हुनुपर्दछ।

## ४५ सडक बत्ती खरिदः

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम नियम ३१ मा बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण निर्माण कार्य वा मालसमान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुल्ला बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ साथै नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद गर्नुपर्नेमा यो वर्ष देहायबमोजिमका सडक बत्ती खरिद र जडान कार्य प्रतिस्पर्धा नगराई खुला

कोटेशनको माध्यमबाट सोझै खरिद गरको छ । यसरी प्याकेज नगरी पटक पटक सोझै खरिद गर्दा प्रतिस्पर्धा सीमित हुन गएकोले खरिद गर्दा आपुर्तिकर्ताले मर्मत सम्भारको दायित्वको सुनिश्चतता समेत लिने गरी प्रतिस्पर्धात्मक विधि अपनाउनुपर्दछ ।

| भौ.नं. | आपुर्तिकर्ता | भुक्तानी रु |
|---|---|---|
| ९०१।२०८२।३।१८ | अनिल फिटनेश कन्सट्रक्सन प्रा.लि | ९९२७११ |
| ९०२।२०८२।३।१८ | ब्राइट सन कम्पनी प्रा.लि | ९९२०८६ |
| ९०४।२०८२।३।१८ | सौर्य विद्युत विकास प्रा.लि. | ९९५०७८ |
| जम्मा | | २९७९८७५ |

४६ **सिसिटिभी खरिद तथा जडान कार्यः**

सि.सि.टि.भि जडान तथा संचालन सम्बन्धी कार्यविधि २०७२ को बुँदा नं ३ मा सार्वजनिक प्रयोग सम्बन्धमा सरकारी निकायले नागरिकको सुरक्षा र सम्पत्ति संरक्षणको लागि सि.सि.टि.भि जडान गर्न सक्ने र सो जडान गरेमा सोको लिखत जानकारी अनुसुचि १ बमोजिम १५ दिन भित्र नजिकको प्रहरी इकाई वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनिवार्य रुपमा दिनुपर्ने व्यबस्था छ । पालिकाले सिसिटिभी खरिद तथा जडान कार्यका लागि रु. ९२९९५०० (मु.अ.कर सहित) को लागत अनुमान तयार गरी वोलपत्र आह्वान गरेकोमा सबैभन्दा घटि रकम रु. ८१७६९६० कवोलवाला आपुर्तिकर्ता श्री फ्युचर हबसँग मिति २०८२।३।११ मा संझौता भई पालिकाको विभिन्न स्थानमा जडान गरी रु. ७२७२६३४ भुक्तानी भएकोमा देखिन्छ । कार्यविधी अनुसार पालिकाले सि.सि.टि.भि जडान गरी यसको उपयोग र सुरक्षा तथा गोपनियता समेतको लागि सुरक्षा निकायमा सर्भर कायम गर्ने व्यवस्था गरेको छैन । प्रहरी निकायको निगरानी र संलग्नतामा सि.सि.टि.भि संचालन गर्नुपर्दछ।

४७ **प्रदेश समपुरक अनुपातः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१,३७३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४८ **खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा कार्यालयले खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसँग आवश्यकताअनुसार पोष्ट बिड कन्फ्रेन्स गर्नुपर्नेमा नगरेको, सम्झौता कार्यान्वियनको कार्ययोजना र कार्यतालिका पालना नगराएको, सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण नगराएको, निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य, बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वियनको वित्तीय पक्षको व्यवस्थापन नगरेको र सम्झौता कार्यान्वियनको आवधिक प्रतिवेदन एक तहमाथिको अधिकारी समक्ष पेश गर्ने कार्य प्रभावकारी रूपमा कार्यान्वयन गरेको देखिएन । तसर्थ यस्तो अवस्थामा सुधार हुनुपर्दछ ।

४९ **परामर्श सेवाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(२) बमोजिम सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नुपर्ने साथै नर्म्सहरुको प्रयोग गर्दा मितव्ययिता कायम गर्नेतर्फ समेत विचार गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई खर्च लेखेकोमा देखिएका व्यहोराहरु देहायअनुसार रहेका छन्।

| भौ.नं | कार्यकोविवरण | परामर्शदाता | लागतअनुमानरु. | सम्झौतारु. | भुक्तानीरु. |
|---|---|---|---|---|---|
| ९४३। २०८२। ३।२० | नगर अस्पतालको वातावरणीय प्रभाव मुल्याङकन खर्च | फ्रन्टलाइनईन्जिनियरिङ्ग सोलुसन प्रा.लि | तयारनगरेको | ४२८१०० | ४२८१०० |
| ८५३। २०८२। ३।१६ | सुर्यविनायक गणेश मन्दिर क्षेत्रको समुचित संरक्षण व्यवस्थान तथापुर्वाधार विकास गर्न विस्तृत परियोजना प्रतिवेदन | अटो कार्टोकन्सल्ट प्रा.लि | तयारनगरेको | ४९७२०० | ४२८१०० |
| १०५५। २०८२। ३।२३ | डोल्श्वरमाली गाउँ बाटो स्तरोन्नती DPR | ईष्टसर्भेइङ्ग कम्पनी प्रा.लि. | ४४९७२३ | ४४८७७९ | ४४८७७९ |
| १०५८। २०८२। ३।२३ | मेट्रिक्स विधिमा आधारित घर नम्बरिङ्ग कार्य | जियोसर्भिस नेपाल परामर्श सेन्टर | १९९७९५४ | १९९०००० | १९०००० |
| १११२। २०८२। ३।१५ | सुर्यविनायक वृहत खानेपानी | हेबाइलइन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि | ४९०१०० | ४८०२५० | ४८०२५० |
| १११५। २०८२। ३।२४ | सामुदायिक भवनहरुको विस्तृत विवरण तयारी | थेम्मिङ्गइन्जिनयरिङ्ग कन्सल्टेन्सी प्रा.लि | तयारनगरेको | ४९१५५० | ४९१५५० |
| ५१२। २०८२। १।१६ | आर्थिक सर्वेक्षण | स्कुल अफईकोनोमिक पोलिसि स्टडिज् प्रा.लि | १९४०७७५ | १६५५४५० | १६५५४५० |
| ५६७। २०८२। १।३१ | दीर्घकालीन वन व्यवस्थापन रणनीतिक योजना | सिद्धिकालीइन्जिनियरिङ्ग प्रा.लि | तयारनगरेको | ४९०१३७ | ४९०१३७ |
| ५६३। २०८२। १।३१ | सुर्यविनायक नगरपालिकाको वास प्लान तयार गर्ने कार्य | घण्टेश्वरइन्जिनियरिङ्ग सोलुसन प्रा.लि | तयारनगरेको | ९९०४४५ | ९९०४४५ |
| ५६२। २०८२। १।३१ | केदार नाथको शिर डोलेश्वर महादेव बहुआयामिक पार्क र वडा स्तरीयखेलमैदान परियोजना | थेम्मिङ्गलायकु इन्जिनयरिङ्ग कन्सल्टेन्सी प्रा.लि | १३९९७८० | १३५०८४४ | १३५०८४४ |
| ५६८। २०८२। १।३१ | राजस्व सुधार कार्य योजना तयार | पाथवेइन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | १२९८३७० | १२८९३३० | १२८९३३० |
| ५६९। २०८२। १।३१ | प्रथम पञ्च बर्षीय आवधिक योजना अद्यावधिक कार्य | भिजनडेभलपमेन्ट सोलुसन प्रा.लि | ९९९७६७ | ९९०५८६ | ९९०५८६ |
| | जम्मा | | | १११०२६७१ | ९२३३५७१ |

(क) परामर्श कार्यका लागि विज्ञको Man Days, Field Work, Field Visit and Discussion जस्ता कार्य सहित पालिका प्रमुखले TIME SHEET प्रमाणित गरी सोही अनुसार कार्य गरे नगरेको एकिन गरी भुक्तानी दिनुपर्नेमा विज्ञहरु तथा अन्य कर्मचारीको TIME

Sheet वेगर भुक्तानी गरेको सम्झौता विपरित देखिएकोले सम्झौता अनुसारका सोही विज्ञहरु तथा संलग्न कर्मचारी फिल्डमा कार्य गरेको एकीन गरी मात्र परामर्शदातालाई भुक्तानी दिनुपर्दछ ।

(ख) सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले परामर्श सेवाको खरिद गर्नको लागि खरिद योजना तयारी गरी प्रतिष्पर्धि तवरले आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा खरिद गनुपर्दछ।

(ग) Inspection Report र Draft Report माथि छलफल भई पालिकाको सुझाव बमोजिम अन्तिम प्रतिवेदन तयार गरेको खुल्ने कागजात स्रेस्तासाथ राखेको देखिएन । त्यस तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५० **फलामे डण्डीः**

नगरपालिकाले सडक ढलान र नाली नार्माणमा फलामे डण्डीको प्रयोग गर्दा सडक विभागको नर्म्स, २०७५(अद्यावधी २०७८) अनुसारको सेक्सन २०१४ सि.नं. २.२०.९ अनुसारको नर्म्समा दर विश्लेषण गर्नुपर्नेमा शहरी विकास तथा भवन विभागको नर्म्स अनुसार प्रति किलो १५०.७५ को दर प्रयोग गरेको छ। सडक विभागको नर्म्स अनुसार प्रतिकिलो १३७.५० हुनेमा प्रतिकिलो रु. १३.२५ अतिरिक्त व्ययभार थपिएको छ। निम्नानुसार खरिद कार्यहरुमा थप व्ययभार पर्ने गरी प्रयोग भई भुक्तानी भएको रु.५६८७५१ नियमसम्मत नदेखिएको रु.

| क्र.स | योजनाको नाम | निर्माण व्यवसायी | परिमाण डण्डी केजीमा | रकम |
|---|---|---|---|---|
| १ | खड्का गाँउ तामाङटोल सडक स्तोरोन्नती | आर.जि.कन्सट्रक्सन | १०४६.५० | १३८५९ |
| २ | गुन्डु- प्रधानडाँडा धोवीखोला सडक | सनराईज कन्स्ट्रक्सन | १६६५१ | २२०६२४ |
| ३ | बाघसिंग मार्ग- टिकरमपाटी गर्गमार्ग- पलास पिपलवाट सडक | रामकला निर्माण सेवा | ६५२.८७ | ८६५० |
| ४ | देउजागाँउ देखि सौडोल बाटो | सम्राट कन्ट्रक्सन | २९७५ | ३९५७७ |
| ५ | पाटिभन्ज्याङ्ग बोकाचोगढी बाटो स्तोरोन्नती | सतराहअ कन्ट्रक्सन | २१५८८ | ५६८७५१ |
| जम्मा | | | | ५६८७५१ |

| अनियमित भएको | ५,६८,७५१ |
|---|---|

५१ **प्रधानडाँडा धोबिखोला सडक स्तरोन्नती :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा निर्माण व्यवसायीले सम्झौता बमोजिमको काम पुरा नगरेकोमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसकै बखत अन्त्य गरी जमानत जफत हुने र बाँकी कार्य पुरा गर्न आवश्यक पर्ने रकम सरकारी बाँकी सरह असुलउपर गर्ने व्यवस्था छ । कार्यालयये ठे.नं SM/०८१/८२-०१, प्रधानडाँडा धोबिखोला सडक स्तरोन्नती कार्यका लागि रु. १९३९७९६७ (मु.अ.कर सहित) को लागत अनुमान तयार गरी वोलपत्र आह्वान गरेकोमा सबैभन्दा घटि रकम रु. ९३९६५६७ कवोलवाला निर्माण व्यवसायी श्री सनराईज कन्स्ट्रक्सन सँग मिति २०८१।१०।९ मा संझौता भई कार्यसम्पन्न गर्ने अवधि २०८२।०३।२० रहेकोमा प्रथम रनिङ्गविल वापत रु. ३९४९७११ भुक्तानी भएकोमा देखिन्छ । कार्यालयले निर्माण कार्यको गति सुस्त रहेको र बाँकी कार्य अलपत्र राखेकोले २०८२।४।२१ को निर्णयबाट खरिद सम्झौता अन्त्य गरेको र निर्माण व्यवसायीलाई कालोसूचीमा राख्नका

लागि २०८२।४।२२ मा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखिपठाएको देखिन्छ । कार्यालयले राष्ट्रिय बाणिज्य बैकंमा राखेको P२५४१२००००३ को रु. ४०१६००० को कार्यसम्पन्न जमानत जफतका लागि बैकंलाई पाचौँ पटक २०८२।९।४ मा ताकेता गरेकोमा लेखापरीक्षण अवधिसम्म जमानत जफत भएको देखिएन । कार्यालयले यस सम्बन्धमा आवश्यक प्रकिया पुरा गरी कार्यसम्पादन जमानत जफत गर्नुपर्दछ ।

५२ **वीमा सम्बन्धमाः**

नगरपालिकाले व्यवस्थापन गरेको ठेक्का सम्बन्धी खरिद कार्यहरुको निर्माण व्यवसायीहरुको खरिद सम्बन्धी सम्झौताको जि.सि.सि १९ मा निर्माण व्यवसायीले खरिद कार्यसम्बन्धी संरचना र उपकरण तथा अन्य सम्पतिको क्षति र घटना सम्बन्धी वीमा गर्नुपर्ने व्यवस्था छ। नगरपालिका अन्तर्गत भएका ठेक्का व्यवस्थापन सम्बन्धी कार्यहरुमा उल्लेखीत आधारमा वीमा सम्बन्धी कार्य गरेपनि समग्र कार्यहरुको त्रुटि सच्याउने अवधीलाई समेत समेट्ने गरी वीमा गर्नुपर्नेमा निर्माण शुरु र निर्माण सम्पन्न गर्ने अवधीलाई मात्रै समेटी वीमा गरेको छ । यसरी त्रुटी सच्याउने अवधीलाई समेत समावेश नगरी कार्य गर्नाले निर्माण सम्बन्धी कार्यमा हुने जोखिमलाई न्यूनीकरण गर्ने कार्यमा कठिनाई हुने गर्दछ। तसर्थ त्रुटी सच्याउने अवधीलाई समेत समावेश गरी खरिदको विमा गर्नुपर्दछ। यसका केहि उदाहरण देहायअनुसार छन।

| क्र.सं. | योजनाको नाम | ठेकेदारको नाम | कार्य शुरु | सम्पन्न अवधी | वीमा अवधी |
|---|---|---|---|---|---|
| १ | डण्डिपाटि गाम्चा ड्राइभिङ्ग सेन्टर सडक | हिमचुली निर्माण सेवा | २०८१। ९।१२ | २०८२। ३।२० | २०८२। ३।२० |
| २ | खड्का गाँउ तामाङटोल सडक स्तोरोन्नती | आर.जि.कन्सट्रक्सन | २०८१। ७।२० | २०८२। ३।२० | २०८२। ३।२० |
| ३ | भगवती मन्दीर महाँकालेश्वर सडक स्तोरोन्नती | चित्रपुर गणेश निर्माण सेवा | २०७९।। ९।४ | २०८२। ३।१० | २०८२। ३।२१ |
| ४ | बाघसिंह मार्ग- टिकरमपाटी गर्गमार्ग- पलास पिपलवाट सडक | रामकला निर्माण सेवा | २०८१। १२।२१ | २०८२। ३।२० | २०८२। ३।१९ |
| ५ | भगवती मन्दिर राधाकृष्ण मन्दिर सडक योजना | त्रिपुरा गणेश निर्माण सेवा | २०८१। ८।५ | २०८२। ३।१० | २०८२। ३।२० |
| ६ | चुनदेवी सीमकोधारा तथा पाण्डेय बजार सुन्दरबस्ति सडक | माताचुनदेवी कन्स्ट्रक्सन | २०८१। ८।४ | २०८२। ३।२० | २०८२। ३।२१ |

५३ **चक्कु खोला पुल निर्माण SM/080/81-3:**

कार्यालयये ठे.नं SM/०८०/८१-३, चक्कु खोला पुल निर्माण कार्यका लागि रु. १५४८५८४३ (मु.अ.कर सहित) को लागत अनुमान तयार गरी वोलपत्र आह्वान गरेकोमा सबैभन्दा घटि रकम रु. ८४४४६६६ कवोलवाला निर्माण व्यवसायी श्री अंशु विल्डर्स सँग मिति २०८१।३।२० मा संझौता भई कार्यसम्पन्न गर्ने अवधि २०८२।०३।२० रहेकोमा २०८२।३।२३ मा प्रथम रनिङ्गविल वापत रु. २७०६९०१ भुक्तानी भएकोमा देखिन्छ ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम सम्झौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । निर्माण व्यवसायीले बाटो अवरुद्ध, जग्गा विवाद, बाढी जस्ता कारणले तोकिएको अवधिमा कार्यसम्पन्न गर्ने नसकि म्याद थपका लागि २०८२।३।२ मा निवेदन दिएकोमा पालिकाले यस सम्बन्धमा म्याद थपको निर्णय गरेको देखिएन । पालिकाले सम्झौताको परिपालना गरी समयमै कार्य सम्पन्न गर्ने तर्फ पहल गर्नुपर्दछ ।

५४ **देउजागाउँ देखि सौडेल जाने सडकः**

कार्यालययेे ठे.नं SM/०८१/८२-०५, देउजागाउँ देखि सौडेल जाने सडक निर्माण कार्यका लागि रु. १८६५६५७२ (मु.अ.कर सहित) को लागत अनुमान तयार गरी वोलपत्र आह्वान गरेकोमा सबैभन्दा घटि रकम रु. ८३८९३८६ कवोलवाला निर्माण व्यवसायी श्री सम्राट कन्सट्रक्सन सँग मिति २०८१।७।२० मा संझौता भई कार्यसम्पन्न गर्ने अवधि २०८२।३।२० रहेकोमा प्रथम तेस्रो रनिङ्गबिलसम्म रु. ४८७३७४६ भुक्तानी भएको देखिन्छ । निर्माण व्यवसायीले हाल निर्माण कार्य नगरेको, म्याद थपको लागि निवेदन समेत नदिएको र सम्पर्कमा समेत नरहेको जनाएको छ । पालिकाले सम्झौताको परिपालना गरी समयमै कार्य सम्पन्न गर्ने तर्फ पहल गर्नुपर्दछ ।

५५ **M15 सम्बन्धमाः**

नगरपालिकाले विकास निर्माणको कार्य गर्दा आफ्नै नर्म्स र कार्यविधी नभएको खण्डमा कार्यको प्रकृति अनुसार उपयुक्त, मिल्दो र व्यवहारिक नर्म्सको प्रयोग गरि कार्य गर्नुपर्दछ। यस पालिकाले सडक निर्माणमा सडक ढलान सम्बन्धी (m१५) को कार्य गरी खरिद व्यवस्थापन गर्दा सडक विभागको नर्म्स, २०७५(अद्यावधी २०७८) को प्रयोग गरी कार्य गर्दा उपयुक्त, व्यवहारिक र मितव्ययी हुनेमा विभिन्न योजनाहरुको ढलान र नाली निर्माणमा pcc(१:२:४) कार्य गर्दा सडकको दर विश्लेषण गरी रु. १४७०० प्रति घनमिटर मा कार्य हुनेमा प्रति घनमिटर रु. १६०२२ ले प्रयोग गर्दा प्रति घनमिटर रु.१३१२ थप व्ययभार हुने गरी लागत तयार गर्दा देहायअनुसार निर्माण कार्यमा रु.२८९९६२ को व्ययभार परेको छ। यसरी विषयगत प्रकृतिसँग नमिलेको नर्म्स प्रयोग गरी खर्च लेखेको रु. २८९९६२ नियमसम्मत नदेखिएको रु.

| क्र.स | योजनाको नाम | निर्माण व्यवसायी | परिमाण घनमिटर | प्रति घ.मी थप लागत | रकम |
|---|---|---|---|---|---|
| १ | खड्का गाँउ तामाङटोल सडक स्तोरोन्नती | आर.जि.कन्सट्रक्सन | ३२.३४ | १३१२ | ४२४३० |
| २ | डण्डिपाटि गाम्चा ड्राइभिङ्ग सेन्टर सडक | हिमचुली निर्माण सेवा | १३.२० | १३१२ | १७३१८ |
| ३ | बाघसिंग मार्ग- टिकरमपाटी गर्गमार्ग- पलास पिपलवाट सडक | रामकला निर्माण सेवा | २८.७० | १३१२ | ३७६५४ |
| ५ | भगवती मन्दिर राधाकृष्ण मन्दिर सडक योजना | त्रिपुरा गणेश निर्माण सेवा | २८.८१ | १३१२ | ३७७९८ |
| ६ | देउजागाँउ देखि सौडोल बाटो | सम्राट कन्ट्रक्सन | ६९.२६ | १३१२ | ९०८६९ |
| ७ | चुनदेवी सीमकोधारा तथा पाण्डेय बजार सुन्दरबस्ति सडक | माताचुनदेवी कन्स्ट्रक्सन | २२.७२ | १३१२ | २९८०८ |
| ८ | भगवति मन्दिर महाकालेश्वर सडक | चित्रपुर गणेश निर्माण सेवा | २५९८ | १३१२ | ३४०८५ |
| जम्मा | | | | | २८९९६२ |

| अनियमित भएको | २,८९,९६२ |
|---|---|

५६ **पाटी भन्ज्याङ्ग बोकाचोगडी बाटो स्तोरोन्नतीः**

सार्वजनिक खरिद ऐन, २०६२ को दफा ६३(१) मा खरिद सम्झौताको शर्त अनुसारको दायित्व पालना नगरेमा कालोसूचीमा राख्न सक्ने व्यवस्था गरेको छ। सूर्यविनायकनगरपालिका वडा नम्बर ८, पाटी भन्ज्याङ्ग बोकाचोगडी बाटो स्तोरोन्नती गर्न सनराइज निर्माण सेवा सँग संघीय सर्शत कार्यक्रम अनुसार २०८२।८।२० मा कार्य सम्पन्न गर्ने गरी रु. ८४ लाख २७ हजार ७३४ मा ठेक्का सम्झौता

भएकोमा उक्त फर्मले प्रथम रनिङ बीलबाट रु. ३५ लाख १६ हजारको कार्य सम्पन्न भएको बील पेश गरेको छ । सम्झौता अनुसारको समयमा कार्यसम्पन्न हुनुपर्दछ ।

५७ **उपभोक्ता समिति मार्फत कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । पालिकाले सडक निर्माण तथा मर्मत, खानेपानी आयोजना, सामुदायिक भवन निर्माण तथा मरम्त जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रममुलक, मितव्ययी, र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र योजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने खालका देखिएन । सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ । लेखापरीक्षणको क्रममा तयार गरी उपलब्ध गराएको विबरण अनुसार संघीय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको उपभोक्ता समितिहरुसंग सम्झौता गरी ५१५ योजनाहरुमा यो वर्ष जम्मा रु. ३७ करोड ४६ लाख २४ हजार बजेट भुक्तानी भएको बिबरण पेश भएको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सो सँग सम्बन्धित फाइल र श्रेस्ता परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

५७.१ **आयोजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदायमार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार उपभोक्ता समितिमार्फत यो बर्ष सडक निर्माण तथा मर्मत, खानेपानी आयोजना, सामुदायिक भवन लगायतका रु. ३७ करोड ४६ लाख २४ हजारका ५१५ योजना उपभोक्ता समितिमार्फत गराएकोमा योजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वियन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितिलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

५७.२ **सार्वजनिक परिक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, सामुदायिक भवनहरु बनाउने, मन्दिर निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेकोमा यकिन हुन सकिएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ । केहि उदाहरण देहायअनुसार रहेका छन ।

| क्र.सं. | योजनाकोनाम | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | अपुरो वालकुमारी मन्दिर तथा फल्चा निर्माण | २६९६०२८ | २४२५००० |
| २ | गुम्वा निर्माण क्षेत्रमा बुद्धको मूर्ति निर्माण गर्न | २६९७५४० | २४२५००० |
| ३ | सिद्धार्थ मार्ग बाटो स्तरोन्नति | २१६७७१३ | १९४०००० |
| ४ | नया मनोरम टोल सडक स्तरोन्नती वडा नं ५ | २३९२८९० | १९३००४३ |
| ५ | पञ्चकन्या मन्दिर कृयापुत्री बाटो स्तरोन्नती वडा नं ९ | २१७४३२८ | १९४०००० |
| ६ | प्रगती टोल सडक स्तरोन्नती वडा नं ३ | २६८२६९५ | २४२५००० |

५७.३ **उपभोक्ता समितिका वील भरपाईहरुः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको मूल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । उपनियम (७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ११ मा उपभोक्ता समिति वा लाभग्राही समुदायको निर्माण कार्य सम्पन्न पश्चात सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीवाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायवाट प्राप्त रकम र जनसहभागिता व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको बिबरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट उपभोक्ता समिति मार्फत संचालित निर्माण कार्यको प्राविधिक विल र खर्च प्रमाणित गर्ने विल बीच सामञ्जस्यता देखिएन । वास्तविक खरिद परिमाण भन्दा घटी/बढि परिमाण देखिएकोले पालिकाले सो सम्बन्धमा यकिन गर्नुपर्दछ ।उपभोक्ता समितिले खरिद गरेको दरभन्दा बढि दर रहेको मू.अ.कर सहितको जिल्ला दररेटको आधारमा मूल्याङ्कन कायम गरी भुक्तानी गर्दा उपभोक्ता समितिलाई निर्माण सामाग्री खरिदमा दिएको मूल्य अभिवृद्धि कर वापतको रकम समेत बढि दरमा मूल्याङ्कन हुँदा उपभोक्ता समितिलाई बीजक मूल्य भन्दा बढी भुक्तानी हुन सक्ने अवस्था छ ।कार्यालयले बिल अनुसारको मूल्यांकन गरी न्यून बिजकीकरणलाई नियन्त्रण गर्न जरुरी देखिन्छ ।

५७.४ **फरक नर्म्स प्रयोग :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सबमोजिम दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो नर्म्स स्वीकृत नगरेको अवस्थामा सडकका संरचना सम्बन्धी निर्माण कार्यमा सडक विभागको नर्म्स प्रयोग गरी दर विश्लेषण गर्नुपर्नेमा सहरी विकास तथा भवन निर्माण विभागको नर्म्स प्रयोग गरी दर विश्लेषण गरेको कारण बढी दरमा भुक्तानी भएको देखिन्छ । नमूना छनौट गरी उपभोक्ता समितिबाट भएका निर्माण कार्यको परीक्षण गर्दा देहायबमोजिमका योजनामा फरक नर्म्स प्रयोग गरी दर विश्लेषण गर्दा बढी खर्च भएको देखिएकोले यस्तो रकम नियमित नदेखिएको रु.

| भौ.नं | योजना | काम | परिमाण | भुक्तानी भएको दर | भुक्तानी हुनुपर्ने दर | बढी खर्च रु. |
|---|---|---|---|---|---|---|
| ९२६।२०८२।३।२० | गोदावरी करिडरको रातो पुल तर्फको सडक | RCC 1:1.5:3 | ६०.९५ | १५८००.२७ | १३२८१.९९ | १५३४८९ |
| | | Reinforcement | २१८४.८२ | १४४.७७ | १२३.२८ | ४६९५२ |
| ९२९।२०८२।३।२० | बस्नेतटोल सडक देउजागाउँ सडक | M15 | ४०.२७ | १४५२३.६८ | ११५६७.२ | ११९०५७ |
| | | Reinforcement | २९०४.०८ | १४४.७७ | १२३.२८ | ६२४०९ |
| | | Plumb concrete | १८. | १३०६१.०५ | १०७७३.६५ | ४११७३ |
| ९४६।२०८२।३।२० | सडक सुरक्षा अन्तर्गत डिभाइडर राख्ने | M15 | २२.९५ | १४५२३.६८ | ११५६७.२ | ६७८५१ |
| | | Plumb concrete | ३०. | १३०६१.०५ | १०७७३.६५ | ६८६२२ |
| ९५७।२०८२।३।२१ | विरुवा बसपार्कबाट भुजुङ्गे सडक | M15 | ४७.०९ | १४५४०.१३ | ११५६७.२ | १३९९९५ |
| | | Reinforcement | १३६१.६४ | १४४.७७ | १२३.२८ | २९२६२ |
| ९६०।२०८२।३।२१ | बस्नेत गौडा पाथिभरा सडक स्तरोन्नती | Plumb concrete | ७९.२५ | १३०६१.०५ | १०७७३.६५ | १८१२७६ |
| ९६१।२०८२।३।२१ | बुढाथोकी टोल बाटो स्तरोन्नती | M15 | १७.४८ | १४५४०.१३ | ११५६७.२ | ५१९६७ |
| ९६४।२०८२।३।२१ | सानुथुम्को पिपलडाडा सडक निर्माण | Gabion box filling | २१८. | ५०६९.९७ | ४०८७.९ | २१४०९१ |
| | | gabion box 2*1*1 | २१८. | २०८९.१२ | १६३९. | ९८१२६ |
| ९७२।२०८२।३।२२ | मिलिजुली टोल शान्ति बस्ती सडक ढलान | M15 | २०.२६ | १४५४०.१३ | ११५६७.२ | ६०२३२ |
| | | Reinforcement | ९४०.३७ | १४४.७७ | १२३.२८ | २०२०९ |
| ९७४।२०८२।३।२२ | सिमसार टोल बाटो ढलान | M15 | ५०.९ | १४५४०.१३ | ११५६७.२ | १५१३२२ |
| | | Reinforcement | २५८५.६४ | १४४.७७ | १२३.२८ | ५५५६५ |
| ९७५।२०८२।३।२२ | समगाल बाटो स्तरोन्नती | M15 | ६४.२६ | १४५४०.१३ | ११५६७.२ | १९१०४० |
| | | Reinforcement | ३२४५.२८ | १४४.७७ | १२३.२८ | ६९७४१ |
| ९८०।२०८२।३।२२ | भगवती मन्दिर राधाकृष्ण मन्दिर सडक स्तरोन्नती | M15 | २०.१८ | १४५४०.१३ | ११५६७.२ | ५९९९४ |
| | | Reinforcement | ६९३.१३ | १४४.७७ | १२३.२८ | १४८९५ |
| | | Plumb concrete | ११३.०७ | १३०६१.०५ | १०७७३.६५ | २५८६३६ |
| | | Gabion box filling | ३३९. | ५०६९.९७ | ४०८७.९ | ३३२९२२ |
| | | gabion box 3*1*1 | १९५. | १९०२.७५ | १५८९.३३ | ६१११७ |
| | | gabion box | ९०. | १९७४.२८ | १६३९. | ३०१७५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | 2*1*1 | | | | |
| ९७९।२०८२।३।२२ | घट्टेखोलामा स्ल्याब निर्माण | M15 | ५०.९ | १४५४०.१३ | ११५६७.२ | १५१३२२ |
| | | Reinforcement | २५८५.६४ | १४४.७७ | १२३.२८ | ५५५६५ |
| ९८७।२०८२।३।२२ | भुवनेश्वरी स्कुल जाने बाटो | Plumb concrete | ४२.४९ | १३०६१.०५ | १०७७३.६५ | ९७१९२ |
| ९८८।२०८२।३।२२ | थापाटोल पुजास्थल निर्माण | Plumb concrete | ३७.१७ | १३०६१.०५ | १०७७३.६५ | ८५०१८ |
| १००९।२०८२।३।२२ | देवीस्थान मुनी बाटो ढलान | Plumb concrete | १२१.५४ | १३०६१.०५ | १०७७३.६५ | २७८०११ |
| १०१०।२०८२।३।२२ | बागसिंह मार्गबाट पलासे जाने सडक वाल निर्माण | Plumb concrete | ११८.५५ | १३०६१.०५ | १०७७३.६५ | २७११७१ |
| | | M15 | ५.१५ | १४५४०.१३ | ११५६७.२ | १५३०२ |
| १०११।२०८२।३।२२ | खड्काखोला कल्भर्ट निर्माण | Plumb concrete | ८६.५५ | १३०६१.०५ | १०७७३.६५ | १९७९७४ |
| | | RCC 1:1.5:3 | २६.७९ | १५८००.२७ | | ४२३२८९ |
| | | M15 | ७.१२ | १४५४०.१३ | ११५६७.२ | २११७९ |
| | | Reinforcement | २१३३.५८ | १४४.७७ | १२३.२८ | ४५८५१ |
| १०१२।२०८२।३।२२ | लक्ष्मी नन्दन मार्गबाट दक्षिण अर्याल टोल जाने बाटो | M15 | २१.२६ | १४५४०.१३ | ११५६७.२ | ६३२०४ |
| | | Reinforcement | ८८६.९४ | १४४.७७ | १२३.२८ | १९०६० |
| १०१५।२०८२।३।२३ | छत्रपाल क्लब भवनबाट दक्षिण तर्फको बाटो स्तरोन्नती | M15 | २७.१७ | १४५४०.१३ | ११५६७.२ | ८०७७५ |
| | | Reinforcement | १५४९.५२ | १४४.७७ | १२३.२८ | ३३२९९ |
| १०१६।२०८२।३।२३ | प्रधानडाँडा धोबीखोला सडक स्तरोन्नती | M15 | ५९.२७ | १४५२३.६८ | ११५६७.२ | १७५२३१ |
| | | Reinforcement | २४३०. | १४४.७७ | १२३.२८ | ५२२२१ |
| | | Plumb concrete | २७३.९५ | १३०६१.०५ | १०७७३.६५ | ६२६६३३ |
| १०१८।२०८२।३।२३ | राधाकृष्ण मन्दिरबाट रामजानकी मार्ग निस्कने बाटो स्तरोन्नती | M15 | ५६.४८ | १४५४०.१३ | ११५६७.२ | १६७९११ |
| १०२०।२०८२।३।२३ | खड्का गाउँ सडक | Plumb concrete | ९१.७६ | १३०६१.०५ | १०७७३.६५ | २०९८९२ |
| १०२४।२०८२।३।२३ | पञ्चयन भगवती मार्ग बाटो ढलान | M15 | २६.४५ | १४५४०.१३ | ११५६७.२ | ७८६३४ |
| १०२८।२०८२।३।२३ | दक्षिणवाराही चोकबाट पश्चिम पट्टी जाने सडक | M15 | २७.४५ | १४५४०.१३ | ११५६७.२ | ८१६०७ |
| | | Reinforcement | १३५५.८६ | १४४.७७ | १२३.२८ | २९१३७ |
| १०२९।२०८२।३।२३ | चारखण्डी हाइट विष्णुभक्ती सडक स्रोन्नती | RCC 1:1.5:3 | २५.४२ | १५८००.२७ | १३२८१.९९ | ६४०१५ |
| | | M15 | १४.४ | १४५४०.१३ | ११५६७.२ | ४२८१० |
| | | Reinforcement | २८६०.८९ | १४४.७७ | १२३.२८ | ६१४८१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०३०।२०८२।३।२३ | गुण्डु चोक स्तरोन्नती | RCC 1:1.5:3 | ३२.६८ | १५८००.२७ | १३२८१.९९ | ८२२९७ |
| | | Reinforcement | ३०६७.९ | १४४.७७ | १२३.२८ | ६५९२९ |
| १०३५।२०८२।३।२३ | अरनिको राजमार्गबाट पधेरोसम्म नाली निर्माण | M15 | ४३.०५ | १४५४०.१३ | ११५६७.२ | १२७९८५ |
| | | Reinforcement | १९६१.२ | १४४.७७ | १२३.२८ | ४२१४६ |
| १०३६।२०८२।३।२३ | मदन भण्डारी पार्कबाट बालबालिका स्कूल पश्चिम तर्फ सडक | M15 | २२.२८ | १४५४०.१३ | ११५६७.२ | ६६२३७ |
| | | Reinforcement | १५२६.३७ | १४४.७७ | १२३.२८ | ३२८०२ |
| १०४१।२०८२।३।२३ | वडा कार्यालय अगाडीको बाटो स्तरोन्नती | M15 | ५७.०६ | १४५४०.१३ | ११५६७.२ | १६९६३५ |
| १०४३।२०९८२।३।२३ | वडा कार्यलय हुदै मनकामना मन्दिर हुदै खानापानो बाटो ढल तथा ढलान | M15 | ३९.१२ | १४५४०.१३ | ११५६७.२ | ११६३०१ |
| | | Reinforcement | २१४०. | १४४.७७ | १२३.२८ | ४५९८९ |
| १०४५।२०८२।३।२३ | अंशुमाली स्कुल भई जाने बाटो लक्ष्मीनन्दर मार्ग सडक ढलान | M15 | १६.३२ | १४५४०.१३ | ११५६७.२ | ४८५१८ |
| | | Reinforcement | ८९७.८ | १४४.७७ | १२३.२८ | १९२९४ |
| १०४८।२०८२।३।२३ | माझा पाटी सडक स्तरोन्नती | Plumb concrete | १११.३४ | १३०६१.०५ | १०७७३.६५ | २५४६७९ |
| | | M15 | १०.५५ | १४५४०.१३ | ११५६७.२ | ३१३६४ |
| १०५०।२०८२।३।२३ | सिलवाल टोल ठाडो ओरालो झर्ने बाटो ढलान | M15 | ८२.५१ | १४५४०.१३ | ११५६७.२ | २४५२९६ |
| | | Reinforcement | ३१४९.५४ | १४४.७७ | १२३.२८ | ६७६८४ |
| १०६५।२०८२।३।२३ | हर्सचोक मुल सडक वाल निर्माण | Plumb concrete | ४४.३९ | १३०६१.०५ | १०७७३.६५ | १०१५३८ |
| | | M15 | ८.७५ | १४५४०.१३ | ११५६७.२ | २६०१३ |
| १०६७।२०८२।३।२३ | मेनरोड सडक चौर बाटो | M15 | ३१.८८ | १४५४०.१३ | ११५६७.२ | ९४७७७ |
| | | Reinforcement | १०१२.४४ | १४४.७७ | १२३.२८ | २१७५७ |
| १०६९।२०८२।३।२४ | ब्रम्हनगर हनुमन्ते कटान रोकथाम | Gabion box filling | १५३. | ५०६९.९७ | ४०८७.९ | १५०२५७ |
| | | gabion box 2*1*1 | १५३. | २०८९.१२ | १६३९. | ६८८६८ |
| १०७२।२०८२।३।२४ | पञ्चकुमारी मार्ग बाटो स्तरोन्नती | M15 | २२.८६ | १४५४०.१३ | ११५६७.२ | ६७९६१ |
| | | Reinforcement | १०२४.९३ | १४४.७७ | १२३.२८ | २२०२६ |
| १०७३।२०८२।३।२४ | झोलुङ्गे पुल माख्लो घुम्ती वाल निर्माण | Plumb concrete | ४६.६१ | १३०६१.०५ | १०७७३.६५ | १०६६२५ |
| १०७४।२०८२।३।२४ | दुई बित्ते कुलो बाट राधा कृष्ण मन्दिर उक्लने बाटो | M15 | २१.१४ | १४५४०.१३ | ११५६७.२ | ६२८४८ |
| १०७७।२०८२।३।२४ | खड्का गाउँ उकालो ढलान | M15 | १९.६१ | १४५४०.१३ | ११५६७.२ | ५८२९९ |
| १०७८।२०८२। | चित्तपोल स्वास्थ्यचोकी देखि संगममार्ग सडक | M15 | १७.५५ | १४५४०.१३ | ११५६७.२ | ५२१७५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३।२४ | | Reinforcement | १७६६.२७ | १४४.७७ | १२३.२८ | ३७९५७ |
| | | Plumb concrete | ११४.७ | १३०६१.०५ | १०७७३.६५ | २६२३६५ |
| १०८४।२०८२।<br>३।२४ | घट्टीखोला करिडोरमा कटान नियन्त्रण | Plumb concrete | ३१९.४८ | १३०६१.०५ | १०७७३.६५ | ७३०७७९ |
| १०९०।२०८२।<br>३।२४ | थापागाउँबाट महालक्ष्मी लुभुजाने ढुङ्गेखोलामा कर्भरट निर्माण | M15 | ३८.१९ | १४५४०.१३ | ११५६७.२ | ११३५३६ |
| | | Reinforcement | ४४४७.६३ | १४४.७७ | १२३.२८ | ९५५८० |
| | | Plumb concrete | ६४.५१ | १३०६१.०५ | १०७७३.६५ | १४७५६० |
| ११०२।२०८२।<br>३।२४ | बस्नेतगाउँबाट सुयलगाउँ जाने बाटो | Gabion box filling | १४९. | ५०६९.९७ | ४०८७.९ | १४६३२८ |
| | | gabion box 3*1*1 | ५१. | २०१३.१७ | १५८९.३३ | २१६१६ |
| | | gabion box 2*1*1 | ९८. | २०८९.१२ | १६३९. | ४४११२ |
| ११०६।२०८२।<br>३।२४ | लक्ष्मीटोल ढल तथा बाटो निर्माण | Plumb concrete | ३८.२ | १३०६१.०५ | १०७७३.६५ | ८७३७९ |
| १११४।२०८२।<br>३।२४ | काक्राबारी सडक | Gabion box filling | ६१. | ५०६९.९७ | ४०८७.९ | ५९९०६ |
| | | gabion box 3*1*1 | २७. | २०१३.१७ | १५८९.३३ | ११४४४ |
| | | gabion box 2*1*1 | २८. | २०८९.१२ | १८५२.०७ | ६६३७ |
| ११३९।२०८२।<br>३।२५ | सेतोपाटी कालीटार मार्ग स्तरोन्नती | Plumb concrete | ६३.८४ | १३०६१.०५ | १०७७३.६५ | १४६०२८ |
| ११४२।२०८२।<br>३।२५ | अपुरो फोर्स पार्क चाँगाथली बाटो स्तरोन्नती | M15 | ५७.०५ | १४५४०.१३ | ११५६७.२ | १६९६०६ |
| | | Reinforcement | ३३०३.९२ | १४४.७७ | १२३.२८ | ७१००१ |
| ११५१।२०८२।<br>३।२५ | तीन सय फाँट खड्कागाउँ जाने बाटो ढलान | M15 | २३.२२ | १४५४०.१३ | ११५६७.२ | ६९०३१ |
| | | Reinforcement | १११७.५८ | १४४.७७ | १२३.२८ | २४०१७ |
| ११६०।२०८२।<br>३।१५ | टि चोकदेखि दक्षिण तर्फको बाटो स्तरोन्नती | Plumb concrete | ४७.८३ | १३०६१.०५ | १०७७३.६५ | १०९४०६ |
| ११६३।२०८२।<br>३।२५ | चित्रपुरबाट खुकुन्डोल जानेबाटो | Plumb concrete | ३१.५४ | १३०६१.०५ | १०७७३.६५ | ७२१४५ |
| ११६४।२०८२।<br>३।२५ | तीनसय फाँट सडक ग्याविन जाली | Gabion box filling | २४. | ५०६९.९७ | ४०८७.९ | २३५७० |
| | | gabion box 3*1*1 | ६. | २०१३.१७ | १५८९.३३ | २५४३ |
| | | Plumb | ३३.३९ | १३०६१.०५ | १०७७३.६५ | ७६३७६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | concrete | | | | |
| ११६८।२०८२।३।२५ | सुर्यविनायक पिपल बोट मुनिको बाटो | M15 | ७६.७९ | १४५४०.१३ | ११५६७.२ | २२८२९१ |
| ११७१।२०८२।३।२५ | भंगाल राय टोल भुक्षय नियन्त्रण | Plumb concrete | १५२.७८ | १३०६१.०५ | १०७७३.६५ | ३४९४६९ |
| | | M15 | १२.८८ | १४५४०.१३ | ११५६७.२ | ३८२९१ |
| ५९।२०८२।।३।२३ | बालकोट ल क्याम्पस पानी टंयाकीचोबाट राजकुलो जोड्ने सडक | M15 | ४७.२७ | १४५४०.१३ | ११५६७.२ | १४०५३० |
| | | Reinforcement | ३८६३.२३ | १४४.७७ | १२३.२८ | ८३०२१ |
| ६१।२०८२।३।२३ | आदर्श चोकदेखि वडा कार्यालय जाने बाटो स्तरोन्नती | Plumb concrete | ८८.९ | १३०६१.०५ | १०७७३.६५ | २०३३५० |
| ६९।२०८२।३।२४ | पाटी भन्ज्याङ्ग बोकाचो गाडी बाटो स्तरोन्नती | Gabion box filling | ३६५.५ | ५०६९.९७ | ४०८७.९ | ३५८९४७ |
| | | gabion box 3*1*1 | २२८. | २०१३.१७ | १५८९.३३ | ९६६३६ |
| | | gabion box 2*1*1 | ११८. | २०८९.१२ | १६३९. | ५३११४ |
| | | M15 | १६१.६ | १४५४०.१३ | ११५६७.२ | ४८०४२५ |
| | | Reinforcement | ८८२९.४४ | १४४.७७ | १२३.२८ | १८९७४५ |
| ७०।२०८२।३।२४ | अरनिको स्कुल पछाडी ढल र नाली निर्माण | M15 | ६२.७८ | १४५४०.१३ | ११५६७.२ | १८६६४१ |
| | | Reinforcement | ३२१६.१८ | १४४.७७ | १२३.२८ | ६९११६ |
| | जम्मा | | | | | १३२६३७०० |

| | |
|---|---|
| अनियमित भएको | १,३२,६३,७०० |

५७.५ **घटीमा कार्यसम्पन्न :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न गरेको निर्माण कार्य स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने र निर्माण कार्यको हकमा कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगति भएको हुनुपर्ने उल्लेख छ । पालिकाले देहाय अनुसारका उपभोक्ता समितिसंग सम्झौता गरेकोमा सम्झौता भन्दा उल्लेख्य घटीमा निर्माण कार्य गरेको अवस्थामा समेत कार्यसम्पन्न तयार गरेको देखिएकोले यस सम्बन्धमा कार्यसम्पन्न तयार गर्ने तथा समयमा काम सम्पन्न नगर्ने उपभोक्ता समितिलाई जिम्मेवार बनाउनुपर्दछ । साथै पालिकाले प्रथम वा दोश्रो त्रैमासिक मै सम्झौता गरी समयमा नै सम्झौता अनुसार कार्य पूरा गराएर मात्र कार्यसम्पन्न तयार गरी भुक्तानी दिनुपर्दछ । केही उदाहरण देहाय अनुसार रहेका छन् ।

| सि.नं. | योजनाकोनाम | सम्झौतारु. | कार्यसम्पन्नरु. | भुक्तानीरु. | कार्यसम्पन्न प्रतिशत |
|---|---|---|---|---|---|
| १ | अरनिको उ.मा.वि. नजिक पन्त किराना पसलबाट बायाँ तर्फको सडक खण्डतथा बालकोट स्थित भुजेलटोलबाट दक्षिण तर्फ जाने एकता मार्गको सडक स्तरोन्नतीकार्य | ३३१६३१५ | २५६४४०७ | २२५०२१६ | ७७.३३ |
| २ | उपयोग चोक क्लब भवन निर्माण क्रमागत | ११०२२७९ | ५३४५५२ | ४७०४०३ | ४८.५० |
| ३ | सेतोपाटी कालीटार मार्ग स्तरउन्नती | १२०२८३५ | ९०२६३८ | ७२७९१२ | ७५.०४ |
| ४ | सूयलगाउँ गौचरण लतनसिङ्गटोल जाने डिलको बाटो | ६०५१९५ | ४३०९६१ | ३४५३६९ | ७१.२१ |
| ५ | चरखण्डी महादेब मन्दिर स्तरउन्नती | ११०१८०५ | ८६३४०९ | ७६०१२३ | ७८.३६ |
| ६ | टी चोकदेखि दक्षिण तर्फको बाटो स्तरोन्नती | १५१४४२८ | ६९७०२५ | ५८०३८४ | ४६.०३ |
| ७ | नगरपालिका अगाडिको टोलको ढल निकास | ९१३८१२ | ७१७५७७ | ६०९३५९ | ७८.५३ |
| ८ | वडा कार्यालय उत्तर तर्फ जाने बाटो विस्तार गर्न | ९७४५०६ | ४६११९३ | ३६७२४८ | ४७.३३ |
| ९ | सूर्यनगर टोलको पुरानो इनारबाट पूर्व पश्चिम र दक्षिण तर्फको बाटोढलान गर्न | १७९६१३९ | १४७८४१७ | ११९७६२२ | ८२.३१ |
| १० | शान्ति टोल बाटो स्तरोन्ती (साविक सिपाडोल-३) | ९०७९२४ | ७३७६९० | ६३०५०१ | ८१.२५ |
| ११ | चुनदेवी मन्दिर ट्रस निर्माण | १०९८३८४ | ६२८४६६ | ५५५००८ | ५७.२२ |
| १२ | छुमकोटकी देवी मन्दिर बाँसाजाँग क्रिया पुर्ती भवन जाने पद मार्ग | ३८९०६६ | २९९७१८ | २२४१७३ | ७७.०४ |
| १३ | पलाँसे डोलेश्वर सडक खण्डबाट निकास साविक ५ | ६१५७३० | ३९४२३८ | ३१०५३५ | ६४.०३ |
| १४ | ढुग्रे खोला कुलो मर्मत | १०८४८६ | ९०५६० | ८०९७२ | ८३.४८ |
| १५ | सहरी स्वास्ठ केन्द्रवाट पूर्वपट्टीको सडक ढलान | ३२०४०० | २५०४७३ | २२७४९० | ७८.१८ |
| १६ | हर्षचोक मुल सडक वाल निर्माण | २२६००३८ | ९७१०८४ | ८३३५७२ | ४२.९७ |
| १७ | सेती देवी मन्दिर | ५८५७४२ | ३१८८८७ | २६४०४१ | ५४.४४ |
| १८ | खेत वहादुर महत सहित वस्ती पहिरो नियन्त्रण | २००३०९ | १५२९५२ | ८८८८१ | ७६.३६ |
| १९ | ओमशान्ति टोल नमुना वस्ती भङ्याङ्ग चोकवाट दक्षिण वस्तीमाखानेपानी पाइप | ३२८७१९ | २५०६४३ | २२१८८३ | ७६.२५ |
| २० | घलाते पाटी निर्माण थप बजेट | १०७३७२७ | ६५०८४३ | ५८७९६८ | ६०.६२ |

५७.६ **हेभी इक्विपमेण्टको प्रयोग :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोल,र ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको देखिन्छ । नियमावलीमा भएको व्यवस्था विपरित उपभोक्ता समितिबाट हेभी इक्विपमेन्ट प्रयोग गरेको उपयुक्त देखिएन । केही उदाहरणहरु देहायबमोजिम छन ।

| भौ.नं. | योजना | सम्झौतारु. | कार्यसम्पन्नरु. | भुक्तानी रु. |
|---|---|---|---|---|
| ८०२।२०८२।३।५ | मनिकाडोल घाट सुधार | १५१७००० | १५१७००० | १०००००० |
| १०४९।२०८२।३।२३ | हनुमन्ते खोलामा डोजर मार्फत सरसफाई | १३८१९४७ | १३८१५९० | १०४६००० |
| ३४१।२०८१।१२ऽ१४ | घट्टे खोला कोरिडोर खोला सरसफाई | १२३५२६१ | १२४८२९५ | १०००००० |
| ३०४।२०८१।१२।७ | पहिरोबाट अवरुद्ध सडकमा बाटो खुलाउने | १७४७३९५ | १७३९१५० | १४९३१३५ |
| | जम्मा | ५८८१६०३ | ५८८६०३५ | ४५३९१३५ |

५७.७ **पहिरो पन्छाउने काम** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सबमोजिम दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले पहिरो सफा गर्ने काममा सडक विभागको नर्म्स बमोजिम दर विश्लेषण गरी रु. ५६.४० का दरले भुक्तानी गर्नुपर्नेमा सबै प्रकारको माटो खन्ने कार्यको दर रु. ७९.९२ का दरले भुक्तानी गरेको देखिन्छ । नमूना छनौट गरी उपभोक्ता समितिबाट भएका निर्माण कार्यको परीक्षण गर्दा देहायबमोजिमका योजनामा बढी दरमा भुक्तानी भएको रकम नियमित नदेखिएको रु.

| भौ.नं. | योजना | उपभोक्तासमिति | परिमाण | बढीखर्च रु. |
|---|---|---|---|---|
| ३०४।२०८१।१२।७ | पहिरोबाट अवरुद्ध सडकमा बाटो खुलाउने | भद्रवस्ती पहिरो नियन्त्रण उ.स. | १७४५०.०० | ४०६९३४ |
| ९४।२०८१।८।६ | भूक्षय नियन्त्रण तथा प्रकोप व्यवस्थापन | सुर्यबिनायक बस्तीमासडक स्तरोन्नती उ.स. | २५२२३.७५ | ५८८२१८ |
| ५८।२०८१।६।२२ | भूक्षय नियन्त्रण तथा प्रकोप व्यवस्थापन | सडक पहिरो बाढी नियन्त्रण तथा खोला सरसफाई उ.स. | १२६५०.०० | २९४९९८ |
| ५४।२०८१।६।२२ | भूक्षय नियन्त्रण तथा प्रकोप व्यवस्थापन | पुरानो पलासे खोला ग्याविन जाली खड्का खोला चोका ग्याविन जाली उ.स. | ११३३०.३३ | २६४२२३ |
| २५।२०८१।६।१५ | भूक्षय नियन्त्रण तथा प्रकोप व्यवस्थापन | वडा नं. ४ विपद व्यवस्थापन उ.स. | ६४२०.०० | १४९७१४ |
| | जम्मा | | | १७०४०८८ |

| अनियमित भएको | १७,०४,०८८ |
|---|---|

५७.८ **बीमा नगरेको :** सार्वजनिक खरिद नियमावली,, २०६४ को नियम ११२(३ क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा बीमा वापतको खर्च व्यहोर्ने रकम समावेश गरी सोही रकमबाट उपभोक्ता समिति तथा लाभग्राही समुदाउले बीमा गराउनुपर्ने उल्लेख छ। पालिकाले देहायका निर्माण कार्य उपभोक्ता समिति मार्फत सम्पन्न गरेकोमा बीमा गरेको नदेखिएकोले नियमावली बमोजिम बीमा गरी जोखिम न्यूनीकरण तर्फ ध्यान दिनुपर्दछ । केहि उदाहरण देहायअनुसार रहेका छन ।

| सि.नं. | योजनाकोनाम | सम्झौतारु. | कार्यसम्पन्नरु. | भुक्तानीरु. |
|---|---|---|---|---|
| १ | अरनिको उ.मा.वि. नजिक पन्त किराना पसलबाट बायाँ तर्फको सडक खण्डतथा बालकोट स्थित भुजेलटोलबाट दक्षिण तर्फ जाने एकता मार्गको सडक स्तरोन्नतीकार्य | ३३१६३१५ | २५६४४०७ | २२५०२१६ |
| २ | बालकोट ल क्याम्पसमाथिको पानी ट्यांकी चोकबाट राजकुलो जोड्ने सडकस्तरोन्नति | २१६४८२४ | २१६५०८४ | १९४०००० |
| ३ | घ्याम्पे डाँडा रानीकोट सडक स्तरोन्नति, सूर्यविनायक नगरपालिका-७ र ८ | २८२२६१४ | २८२९८१४ | २४२५००० |
| ४ | रेडक्रस मार्ग ठूलो धारा सडक स्तरोन्नती, सूर्यविनायक नगरपालिका-८ | २६६७३८७ | २६६९५४२ | २४२५००० |
| ५ | उर्गेन साङ्गे छ्योकोर्लीङि गुम्वा सुनपा ६ भक्तपुर | २१००००० | २१००००० | १७४६००० |
| ६ | खत्रि कुलायन मन्दिर पूर्वाधार निर्माण सुनपा १० खडका गांउ | २१८४९५१ | २१८५३०१ | १७४६००० |
| ७ | सूर्यविनायक न.पा. ४ चरखण्डी मन्दिरमा ढुङ्गा बिच्छ्याउने तथापूर्वाधार विकास निर्माण भक्तपुर | ३१२०६२५ | ३०३५९९१ | २५४७९७० |
| ८ | सूर्यविनायक न.पा. ४ दक्षिण बाराही मन्दिरमा ढुङ्गा बिच्छ्याउनेतथा पूर्वाधार विकास निर्माण भक्तपुर | ५२९३६१८ | ५२९४३५१ | ४३६५००० |
|  | जम्मा | २३६७०३३४ | २२८४४४९० | १९४४५१८६ |

५७.९ **उपभोक्ता समिति बाट खरिद :** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट काम गराउदाँ मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य रोजगारी सिर्जना गर्ने भएमा उपभोक्ता समितिबाट काम गराउन मिल्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार जनसहभागितामूलक एवम श्रममूलक काम उपभोक्ता समिति मार्फत गर्न सकिने उल्लेख छ । उपभोक्ता समितिवाट कुनै मालसामान खरिद, परामर्श वा अन्य सेवा प्राप्त गर्न मिल्ने देखिदैन । कार्यालयले सडक बत्ती जडानका लागित विभिन्न सामाग्री खरिद गर्न रु. २७३०१४९ को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गरी रु. १४१७५८५ को कार्यसम्पन्न भई गो.भौ.नं. २०१।२०८१।१०।१५ बाट रु. १२९२१३५ भुक्तानी गरेको देखिन्छ ।सडक बत्ती लगायतका खरिद कार्यमा आपुर्तिकर्ताले न्यूनतम २ वर्षको वारेण्टि गराउने असल अभ्यास छ । उपभोक्ता समितिलाई सम्बन्धित सडक बत्तीहरुको मर्मत अवधिको दायित्वमा न्यूनतम दुई बर्षका लागि जिम्मेवार बनाउदै उपभोक्ता समितिबाट खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५७.१० **सामुदायिक भवन निर्माण :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ३ मा सार्वजनिक निकाय र लाभग्राही समुहले निर्माण स्थलको भ्रमण गरी खरिद सम्झौता गर्नुपर्ने उल्लेख छ ।त्यस्तै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ मा कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिसंग भवन तथा अन्य भौतिक संरचनाहरु निर्माणको लागि सम्झौता गर्दा संरचना निर्माण हुने निर्माण स्थलको जग्गाको स्वामित्व सरकारी तथा सार्वजनिक भएको सम्बन्धमा यकिन गरेको देखिएन । देहायबमोजिमका भवन निर्माण स्थलको स्वामित्व सम्बन्धमा कागजात माग गर्दा प्रमाण पेश भएन । पालिकाबाट नक्सा पारित नगरी भवन निर्माण हुँदा ऐनमा भएको व्यवस्थाको कार्यान्वियन नहुनुको साथै भवन निर्माण मापदण्ड पुरा गरेर निर्माण भए नभएको सुनिश्चित हुन सकिदैन । नियममा भएको व्यवस्थाको कार्यान्वियन गरी पालिका अन्तर्गत निर्माण हुने भवन निर्माणको नक्सा पारित गरेर भवन निर्माण कार्य हुनुपर्ने तथा पालिकाले संरचना निर्माण गर्ने स्थलको जग्गा सम्बन्धित समूहको नाममा जग्गाप्राप्ति भएपछि मात्र निर्माण कार्यको सम्झौता गर्नुपर्दछ ।

| सि.नं. | योजनाकोनाम | सम्झौतारु. | कार्यसम्पन्नरु. | भुक्तानीरु. |
|---|---|---|---|---|
| १ | तामाङ्गटोलसामुदायिक भवन निर्माण गर्न | ५४२३६४ | ५४७२८३ | ४८५००० |
| २ | पानीटयाङ्कीसामुदायिक भवन | ८७९८२१ | ८८४२९८ | ७७६००० |
| ३ | पिपलडाँडासामुदायिक भवन निर्माण गर्न | ८६२१९५ | ८६४७६० | ७७६००० |
| ४ | डि गाउंसामुदायिक भवन | ११०४६२३ | ११०७१७१ | ९७०००० |
| ५ | तौडोलसामुदायिक भवन | ७८००३२ | ७७८१२५ | ६७७३४० |
| ६ | विविचासामुदायिक भवन पूर्वाधार | ११७४५३५ | ११७१६२९ | ९६७६०० |
| ९ | कार्कीगाउँ सामुदायिक भवन | ११२१६२७ | ११३००७० | ९७०००० |
| १० | विविचासामुदायिक भवन | ११२०६०२ | ११०२४६२ | ९५४२९८ |
| ११ | एकल धारासामुदायिक भवन अधूरो निर्माण | ५३७१३९ | ५३९९५२ | ४८५००० |
| १२ | ढुङ्गेचौरसामुदायिक भवन स्तरोन्नती | ४९३८५९ | ५०१०५५ | ४८५००० |
| १३ | परियारटोल सामुदायिक भवन | १०७८७२० | १०८४६६२ | ९७०००० |
|  | जम्मा | ९६९५५१७ | ९७११४६९ | ८५१६२३८ |

५७.११ **ट्याक कोट :** सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION १३०० – table BITUMINOUS SURFACE AND BASE COURSE मा Table १३.१० Rate of application of Tack Coat, Granular surfaces treated with Primes को Rates of Spray ०.५० to ०.६० kg/sq m हुने उल्लेख छ । पालिकाले देहायबमोजिमका उपभोक्ता समितिबाट भएका Granular surfaces treated with Primes कार्यमा ट्याक कोटको स्पेदर १ लिटर प्रतिवर्गमिटर इस्टिमेट राखी सोहि दरमा कार्य सम्पन्न गराएको छ ।बढी परिमाणमा भुक्तानी भएको नियमित नदेखिएको रु.

| भौ.नं. | योजना | भुक्तानीभएको परिमाण (sqm) | स्पेसिफिकेशन अनुसारहुनुपर्ने परिमाण | बढीपरिमाण | दर | बढीखर्च रु. |
|---|---|---|---|---|---|---|
| ९९६।२०८२।३।२२ | अधिकारी टोलबाट पश्चिम संयुक्त मार्ग जाने बाटो स्तरोन्नती | ५३४ | ३३४ | २०० | १३७ | २७४६५ |
| ९९८।२०८२।३।२२ | अधिकारी टोलबाट पूर्व जाने बाटो स्तरोन्नती | ४७७.८५ | २९८.६६ | १७९.१९ | १३७.२५ | २४५९४ |
| १०००।।२०८२।३।२२ | देवीस्थान बाट रोजाभिलेज निस्कने बाटो स्तरोन्नती | ३९८.९५ | २४९.३४ | १४९.६१ | १३७.२५ | २०५३३ |
| १०००२।२०८२।३।२२ | अधिकारी टोलबाट पूर्व जाने बाटो स्तरोन्नती | ५११.४८ | ३१९.६८ | १९१.८१ | १३७.२५ | २६३२५ |
| १००३।२०८२।३।२२ | देवडोल मार्ग बाट गणेश मन्दिर निस्कने बाटो स्तरोन्नती | ७४९.०० | ४६८.१३ | २८०.८८ | १३७.२५ | ३८५५० |
| १००४।२०८२।३।२२ | आरम्भ टोलदेखि देवी मन्दिर जाने बाटो स्तरोन्नती | ५१७.६३ | ३२३.५२ | १९४.११ | १३७.२५ | २६६४२ |
| १००७।२०८२।३।२२ | साईबाबास्कुल पश्चिम तर्फ र पुलिस चौकी दक्षिण तर्फ बाटो स्तरोन्नती | ४३९.४२ | २७४.६४ | १६४.७८ | १३७.२५ | २२६१६ |
| ४६।२०८२।३।२२ | रेडक्रममार्ग ठूलो धारा सडक स्तरोन्नती | ११६९.९५ | ७३१.२२ | ४३८.७३ | १०२.५६ | ४४९९६ |
| | जम्मा | | | | | २३१७२१ |

| अनियमित भएको | २,३१,७२१ |
|---|---|

५७.१२ **उपभोक्ताबाट सरकारी निकायका संरचना निर्माण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राहीबाट गराउन सकिने र उक्त कार्यसम्पन्न पश्चात सोही समूहलाई जिम्मेवारी हुने गरी हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । नियम ९७ अनुसार जनसहभागितामूलक एवम श्रममूलक काम उपभोक्ता समिति मार्फत गर्न सकिने उल्लेख छ । पालिकाले यस बर्ष देहायबमोजिमका सरकारी निकायका संरचना निर्माण गर्न उपभोक्ता समितिमार्फत सम्झौता गराई कार्यसम्पन्न गर्नु सार्वजनिक खरिद नियमावलीको प्रावधानको पालना भएको छैन । लेखापरिक्षण र छलफलको क्रममा यस सम्बन्धमा सुधार गर्ने प्रतिबद्धता व्यक्त भएको छ । खरिद नियमावलीको पालना गरी कार्य गर्नुपर्दछ ।

| भौ.नं. | योजना | उपभोक्ता समिति | सम्झौता रु. | कार्यसम्पन्न | भुक्तानी रु. |
|---|---|---|---|---|---|
| ९१६।२०८२।३।१९ | स्वास्थ्य चौकी पूर्वाधार निर्माण वडा नं. ६ | जिल्ला जनस्वास्थ्य जाने बाटो उ.स. | १९३४७७० | १९४४०३९ | १८००००० |
| ४७।२०८२।३।२३ | सिपाडोल स्वास्थ्य चौकी निर्माण/ सबलीकरण | सिपाडोल स्वास्थ्य चौकी निर्माण उ.स. | १९५०३८२ | १९९४९२७ | १७४६००० |
| ४५।२०८२।३।२१ | चुनदेवी स्वास्थ चौकी निर्माण/ सवलीकरण | चुनदेवी स्वास्थ चौकी निर्माण उ.स. | २१५१९६० | २१५८४४६ | १९४०००० |
| जम्मा | | | | | ५४८६००० |

५७.१३ **सीमाभन्दा बढीको कार्य उपभोक्ता समितिबाट :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (१) मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोवास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गराउन वा प्राप्त गर्न सकिने र लागत अनुमानमा मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिको अंश समेतको रकम समावेश हुने उल्लेख छ । नमुना छनौटको रुपमा परीक्षण गर्दा कार्यालयले यस बर्ष मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिको अंश समेतको एक करोड रुपैयाभन्दा बढीको लागत अनुमान हुने देहायका निर्माण कार्य बोलपत्रको माध्यमबाट गराउनुपर्नेमा नियमावली विपरित उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई खर्च लेखको देखिएकोले नियमसंगत नदेखिएको रु.

| भौ.नं. | योजना | सम्झौतारु.(मु.अ.कर, ओभरहेड, कन्टिन्जेन्सी रकमबाहेक) | कुल लागत रु. (मु.अ.कर, ओभरहेड, कन्टिन्जेन्सी रकमसमेत) | कार्यसम्पन्नरु. | एक करोड भन्दा माथि गरेको सम्झौता रु. |
|---|---|---|---|---|---|
| ११०८।२०८२।३।२४ | केदारनाथकोशिर डोलेश्वर मन्दिर निर्माण कार्य | ८१०१४०३ | १०५८४५२५ | ७९९०८३७ | ५८४५२५ |
| ८०५।२०८२।३।५ | अन्नतीझुला महादेवखोला पदमार्ग तर्फ खेल परिसर निर्माण | ८१७९८०२ | १०६९६०९९ | ८१८८४८३ | ६९६०९९ |
| | जम्मा | | | | १२८०६२४ |

| | |
|---|---|
| अनियमित भएको | १२,८०,६२४ |

५७.१४ **बोलपत्रको बचत रकमबाट उपभोक्ता समितिमार्फत काम :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) मा सार्वजनिक निकायले खरिद कार्यको कुनै वा सबै प्रकियामा विद्युतीय कार्यविधि प्रणाली मात्र अपनाउन सकिने उल्लेख छ । पालिकाले देहायका योजना बोलपत्रको माध्यमबाट धेरै घटी कबोल गरेका निर्माण व्यवसायीसँग सम्झौता गरी ठेक्का फरफारक गरेको र ठेक्काबाट बचत रहेको रकमबाट पुन: सोही योजनामा उपभोक्ता समितिसँग सम्झौता गरी खरिद गर्दा प्रतिस्पर्धा सीमित भएको देखिन्छ । लागत अनुमान तयार गर्दा सो योजना सम्पन्न गर्न लाग्ने रकम बराबरको लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट घटी कबोल गरेको योजनामा सोको पुर्ण लाभ लिई योजना सम्पन्न गर्नुपर्नेमा आंशिक कार्यको मात्र लागत अनुमान तयार गर्ने र ठेक्काबाट बचत रहेको रकमबाट पुन: सोही योजनामा उपभोक्ता समितिसँग सम्झौता गरी खरिद गर्दा रु. १३८७४९७2 थप व्ययभार परेको देखिएकोले यस्तो खरिद विधि उपयुक्त देखिएन । पालिकाले योजनाको कुल लागत अनुमान तयार गरी एकै पटक बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ ।

| क्रसं | योजनाको नाम | बोलपत्रबाट | | | | | | उपभोक्ताबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | निर्माण व्यवसायी | ठेक्कानं | लागत अनुमान रु. | सम्झौतारु. | घटी प्रतिशत | कार्यसम्पन्न रु. | उपभोक्ता समिति | सम्झौतारु. | कार |
| १ | भगवती मन्दिरमहाकालेश्वर सडक स्तरोन्नति | चित्रपुर गणेश निर्माणसेवा | SM/ 02/ 081/ 082-01 | १९३९७१९२ | ९६८००२८ | ५०.१० | ९६७६१४५ | भगवती मन्दिरमहाकालेश्वर सडक निर्माण उस | ५५१०१११ | ५५ |
| २ | भगवती मन्दिर राधाकृष्ण मन्दिर सडक स्तरोन्नति | चित्रपुर गणेश निर्माणसेवा | SM/ 02/ 081/ 082-02 | १९३९७७२२ | ९६७७२५० | ५०.११ | ६४९०२०७ | भगवती मन्दिरमहाकालेश्वर सडक निर्माण उस | ५५३४२८६ | ५६ |
| ३ | संगम मार्ग ताथली सडकस्तरोन्नति | चित्रपुर गणेश निर्माणसेवा | SM/ 02/ 081/ 082-03 | १९३९६०४५ | ८७३९२८१ | ५४.९४ | ७६५५०४८ | साविक चितपोल उस | ४१२४०१५ | ४९ |
| ४ | बागमती कोल्ड स्टोरबाहिरी चख्खु सडक स्तरोन्नति | आकाश दिप नि से | SM/ 03/ 081/ 082-03 | १९३९९१८९ | ९०३२८२० | ५३.४४ | २६७३६६९ | बागमती कोल्ड स्टोरबाहिरी चख्खु सडक उ.स. | ५४३९६५६ | ५३ |
| ५ | प्रधान डांडा धोबीखोला सडक स्तरोन्नति | सनराइज कन्स्ट्रक्सन | SM/ 04/ 081/ 082-01 | १९३९७९६७ | ९३९६८७५ | ५१.५६ | २१५८६२३ | प्रधान डांडा धोबीखोला सडक उ.स. | ५८५२५९३ | ५८ |
| ६ | पाटी भन्ज्यांग परमहंसबोकाचा गढी सडक स्तरोन्नति | सनराइज कन्स्ट्रक्सन | SM/ 04/ 081/ 082-02 | १६९७७३६२ | ८४२७७७४ | ५०.३६ | ३५१६००२ | ठुलो गाउँ पाटीभञ्याङ्ग बाटो सिमांकन उस र ठुलो गाउँ बाढी तथा पहिरो नियन्त्रण उस | ९४५२५८० | ९ |
| ७ | आदर्श वडा कार्यालयसडक स्तरोन्नति | सुनाखरी बिल्डर्स | SM/ 04/ 081/ 082-04 | १२६५७६४१ | ६५३७२६५ | ४८.३५ | ४७७९५५४ | चखु खोला कटाननियन्त्रण उस | ३६४८७२३ | ३६ |
| ८ | भट्टराई टोल चख्खुखोला ढल व्यबस्थापन | मनोहारा बिल्डर्स एंडकन्स्ट्रक्सन | SM/ 08/ 081/ 082-03 | ७७१५४०८ | ५४४२५०६ | २९.४६ | ५४३१८९० | भद्रकाली पहिरोनियन्त्रण उस | १३०९४५५ | १३ |
| जम्मा | | | | | | | | | | |

५८ **शिक्षा तर्फः**

यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम छन् ।

५८.१ **अनुगमन :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरी सोहि अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन राखेको देखिएन । यस सम्बन्धमा शिक्षा शाखा संग छलफल गर्दा सबै विद्यालयहरुको समानुपातिक ढंगले अनुगमन

गर्न नसकेता पनि समिति बनाई आलोपालो रुपमा अनुगमन तथा सुपरिवेक्षणको प्रयास भईरहेको जनाएको छ । पालिकाले अनुगमन सम्बन्धि निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ ।

५८.२ **सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका २९ विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

५८.३ **दिवा खाजाः** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ को क्रियाकलाप ७.१ बमोजिम स्थानीय तहले विद्यालय खुलेको आधारमा विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परिक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयको प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई संख्या एकिन भए पश्चात मात्र प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ५ सम्म अध्यनरत बालबालिकाहरुका लागि रु.१५/- का दरले १८० दिनका लागि त्रैमासिक रुपमा निकासा गर्ने र त्रेस्रो त्रैमासिकमा अनुदान निकासा गर्दा पहिलो र दोस्रो त्रैमासिकमा निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघिय सर्शत कार्यक्रममा व्यवस्था रहेको यस कार्यक्रम सञ्चालन गरेवापत २९ वटा सामुदायिक विद्यालयलाई रु ८८,०७,२९६।- खर्च गरी भुक्तानी दिएको देखिएको छ । दिवा खाजा खर्च लेख्दा खानामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषण तत्वका सम्बन्धमा विद्यालयहरुको अनुगमन प्रतिवेदन पेश गरी त्रैमासिक रुपमा विद्यार्थीहरुको उपस्थिति हाजिरी पुस्तिकाको आधारमा निकासा गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

५८.४ **पाठ्यपुस्तक खरिद :** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.४.६.१ को क्रियाकलाप ३.१ बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यायलयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई तेस्रो त्रैमासिकभित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम निकासा दिनुपर्दछ । यसरी रकम निकासा दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई दिने र बाँकी २५ प्रतिशत रकम शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशत निकासा दिन सकिने व्यवस्था छ ।पालिकाले यस कार्यक्रम संचालन गरेवापत २७ वटा विद्यालयहरुलाई रु ३८,३१,००० खर्च गरी भुक्तानी दिएको छ ।पालिकाले पाठ्यपुस्तक समयमा उपलब्ध भए नभएको, अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थिलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ ।

५९ **बाल विकास सहजकर्ताको पारिश्रमिक भुक्तानीः**

प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शन पुस्तिका, २०७५ को प्रथम संशोधन, २०७७ बमोजिम एक विद्यालय वा समुदायमा २५ जना सम्म विद्यार्थीका लागी १ जना बाल विकास सहजकर्ता राख्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गत देहायका विद्यालयमा २५ जना भन्दा कम विद्यार्थी संख्या रहेको विद्यालयमा पनि २ देखी ३ जना बाल विकास सहजकर्ता राखी संघ सशर्तबाट रु.१२००० का दरले र पालिकाबाट रु.७००० का दरले र पालिकाले थप नियुक्त गरी रु.१७००० का दरले भुक्तानी भएको छ । बालविकास सहजकर्ता नियुक्ति गर्दा कक्षा मा विद्यार्थी संख्याका आधारमा नियुक्त गरी निकासा दिनुपर्नेमा देहायका विद्यालयमा सो अनुपात भन्दा कम विद्यार्थी रहेकोमा समेत तोकेको भन्दा बढी बाल बिकास सहजकर्ता नियुक्ति गरी खर्च लेखेकोले पालिकालाई बढी व्ययभार परेको छ। यसरी मापदण्ड भन्दा बढी बालबिकास सहजकर्ता नियुक्त गरी खर्च गरेको रु.२०५६००० नियमसम्मत नदेखिएको रु.

| क्र.सं | विद्यालयको नाम | ECD का विद्यार्थी संख्या | आवश्यक ECD शिक्षक | नियुक्त ECD शिक्षक | बढी व्यय भार भएको रकम |
|---|---|---|---|---|---|
| १ | गणेश आ.वि.वालकोट | ४७ | २ | ३ | २५७००० |
| २ | महांकालेश्वर आ.वि. चित्तपोल | १२ | १ | २ | २५७००० |
| ३ | भगवती आ.वि.चित्तपोल | २० | १ | २ | २५७००० |
| ४ | सुवर्णेश्वर निमावि कटुन्जे | ६१ | ३ | ४ | २५७००० |
| ५ | कटुन्जे आ.वि., कटुञ्जे | ३९ | २ | ३ | २५७००० |
| ६ | जोरपाटी मावि चित्तपोल | २४ | १ | २ | २५७००० |
| ७ | सरस्वती आ.वि. नैचा सिपाडोल | ९ | १ | ३ | ५१४००० |
| जम्मा | | | | | २०५६००० |

| | |
|---|---|
| अनियमित भएको | २०,५६,००० |

६० **न्यानो झोला कार्यक्रमः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका १ वटा बर्थिङ सेन्टरको लागि ११० थान न्यानो झोला खरिद गरेको पाइयो । ति न्यानो झोलाहरु बर्थिङ्ग सेन्टरलाई हस्तान्तरण गरी १०१ थान बाँकी रहेको देखिन्छ । बर्थिङ्ग सेन्टरमा ९ जना प्रसुति भएको अभिलेखबाट देखिन्छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको यकिन गर्न सकिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

६१ **स्वास्थ्य विमा कार्यक्रमः**

सूर्यविनायक नगरपालिका स्वास्थ्य विमा कार्यक्रम कार्यक्रम कार्यविधी, २०७८ को दफा ५ मा नगरपालिकामा रहेका स्थायी बासिन्दा, कर्मचारी र जनप्रतिनिधी लाई विमामा अनुदान दिने व्यवस्था रहेको छ । सोहि अनुसार नगरसभाको निर्णय अनुसार जनप्रतिनिधी तथा कर्मचारीलाई विमा रकमको ५० प्रतिशत तथा अन्य स्थानीय बासीन्दालाई रु.१००० विमा रकममा अनुदान दिने निर्णय बमोजीम पालिकाले दिएको विवरण अनुसार ३७२ जना जनप्रतिनिधी तथा कर्मचारीलाई ५० प्रतिशत रु.७०१८००, ५६ जना महिला स्वास्थ्य स्वयमसेविकालाई ५० प्रतिशत रु.११२००० र २५८५ स्थानीय नगरबासीलाई रु. १००० का दरले रु. २५८५००० गरी यस वर्ष ३०१३ जनालाई रु. ३३९८८०० अनुदान दिएको छ। पालिकाले यसरी अनुदान दिँदा कानुनमा कुनै प्रकारको व्यवस्था नभएको जनप्रतिनीधीलाई अनुदान दिनुको सट्टा आर्थिक अवस्था कमजोर भएका, अपाङ्ग, ज्येष्ठ नागरीक तथा तोकिएका वर्गहरुलाई मात्र यस्तो प्रकारको अनुदान दिनुपर्दछ।

६२ **औषधी खरिद तथा व्यवस्थापनः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस बर्ष देहायको औषधि खरिद गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

| भौ.नं. | आपुर्तिकर्ता | खरिद विधि | भुक्तानी |
|---|---|---|---|
| १५०।२०८१।६।१० | मुक्तिनाथ मेडिको फर्म | | ३३६९९५ |
| १६१।२०८१।६।११ | मार्केटिङ लाइन इन्स | | १०९१५८ |
| ४५०।२०८१।८।२१ | मुक्तिनाथ मेडिको फर्म | | ३०३८२३ |
| ९३६।२०८१।१२।४ | मुक्तिनाथ मेडिको फर्म | | ३७५२६१ |
| १८१५।२०८२।३।१५ | सन साइन मेडिहेल्थ कन्सर्न प्रा.ली | | ७५५२५३ |
| १७८।२०८१।११।१९ | सोहन मेडि हेल्थ | | ८३२८१० |
| ३२८।२०८२।३।१३ | सोहन मेडिहेल्थ | | ५९९८३५ |
| जम्मा | | | ३३१३१३५ |

औषधिको आवश्यक्ता निर्धारण गर्दा विगतको विरामी संख्या, नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधि, गैर सरकारी संस्थाबाट प्राप्त हुने भएमा सो समेत यकिन गरी तथ्याङ्कको आधारमा मात्र खरिद गर्नु पर्नेमा तथ्यांङ्क वेगर पटके रुपमा खरिद गर्ने, खरिद गरेका औषधि छोटो समय मै खर्च देखाउने, औषधिको ब्याच नंबर, म्याद समाप्त हुने मिति नखुलाई खरिद र भुक्तानी गरेको देखिन्छ । स्वास्थ्य चौकीमा औषधी पुगेपछि केस रजिष्टरको आधारमा औषधी खर्च गरी औषधिको मौज्दात यकिन गर्ने व्यवस्था मिलाउनु पर्दछ । पालिकाबाट औषधी वितरणको अनुगमन समेत गर्नुपर्दछ । औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए/नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६३ **पाडापाडी प्रवर्द्धन कार्यक्रमः**

पालिकाले मासु तथा दुध उत्पादनमा प्रोत्साहन गर्न ५० प्रतिशत लागत साझेदारी यस वर्ष ११३ वटा पाडापाडी किसानलाई वितरण गर्न रु.३७५६५०० को लागत अनुमान तयार गरी बोलपत्र आह्वान गरेकोमा किस्मत सप्लायर्ससँग रु. ३५८१९०० मा सम्झौता गरी ७४ पाडापाडी आपुर्ति भई रु. २११३५०० भुक्तानी भएको देखिन्छ । पालिकाले किसानको निवेदनको आधारमा अधिकांश पाडा मासु उत्दापनको लागि वितरण गरेको जनाएको छ । पालिकाले बितरण गरेको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले अनुदान वितरण गर्दा समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने, वितरित अनुदानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ ।

६४ **मिनिटिलर खरिद तथा वितरणः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३ मा पालिकाको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था अन्तर्गत कृषि व्यवस्थापन, योजना र कार्यक्रमको अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले कृषि मिनिटिलर खरिद तथा वितरण कार्यका लागि ३ वटा फर्मबाट दरभाउपत्र माग गरी न्यूनतम प्रति मिनिटिलरको रु. ४००० लाई आधार मानि शिलबनदी दरभाउपत्र आह्वान गरी श्री सपोर्ट एग्रो सोलुसन्न प्रा.लि. सँग प्रतिमिनिटिर २९१४३ का दरले रु. १०२०००० मा सम्झौता गरी ३२ वटा मिनिटिलर आपुर्ति भई रु. १००००० भुक्तानी भएको देखिन्छ । कृषि सामाग्री वितरण पश्चात उक्त समाग्री प्रयोगको अनुगमन गरेको प्रतिवेदन संलग्न गरेको नदेखिएकोले अनुदानको प्रभावकारी उपयोगको सुनिश्चितताका लागि निरन्तर अनुगमन तथा मुल्याङ्कन गर्नुपर्दछ ।

६५ **सामाजिक सुरक्षाः**

सामाजिक सुरक्षा सञ्चचालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ अनुसार गरिनु पर्दछ । पालिकाले सामाजिक सुरक्षा अन्तर्गत यस वर्ष रु. २० करोड ४२ लाख ६१ हजार खर्च गरेकोमा देखिएका व्यहोराहरु

निम्नानुसार छन् ।

६५.१ **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया भत्ताको दर प्राप्त हुने बैंक लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानिय सामाजिक संघसंस्था गैरसरकारी संस्था सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ र त्यस्ता विषय सम्बन्धि सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने स्थानिय तहले भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लेखत कार्यहरु भएको पाइएन ।

६५.२ **भत्ता वितरणको अनुगमनः** सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण प्रकृयाको अनुगमन मुल्यांकन गरी पृष्ठपोषण लिएको अभिलेख राखेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

६६ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका देहायबमोजिमका २५ योजनाहरुमा सञ्चालन गरी कामदारको ज्याला खर्च रु. २८ लाख ९८ हजार खर्च भएको पाईयो । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहायबमोजिम छन् ।

| क्र.सं. | योजना | ज्यालारु. | कामदारसख्या | रोजगारीदिन |
|---|---|---|---|---|
| १ | वडा नं १ स्थित विभिन्न स्थानमा बिग्रिएका बाट तथा कुलो मर्मतसरसफाई | १२९५३६ | ६ | १७६ |
| २ | वडा नं १ स्थित विभिन्न स्थानमा बिग्रिएका बाट तथा कुलो मर्मतसरसफाई | ६८४४८ | ४ | ९३ |
| ३ | ईकुडोलस्थित संगम टोल बाटो स्तरोन्नती | १९५७७६ | ६ | २६६ |
| ४ | वडा नं २ चाडबाँड लक्षित सरसफाई कार्यक्रम | ३४५९२ | ६ | ४७ |
| ५ | वडा ३ भित्रका सडक कुलो मर्मत तथा सरसफाई गर्ने | २८२६२४ | ४ | ३८४ |
| ६ | वडा न ४ स्थित सडक कुलो सरसफाइ र नालीको नियमित सरसफाइ | ११४०८० | ५ | १५५ |
| ७ | सुशिलाभैरव खुल्ला जिम स्तरोन्नती | १९०६२४ | १२ | २५९ |
| ८ | बाटो तथा सडक किनारका नाली मर्मत तथा सरसफाई गर्ने | ८६८४८ | ४ | ११८ |
| ९ | बाटो तथा सडक किनारका नाली मर्मत तथा सरसफाई गर्ने | १४४९९२ | ८ | १९७ |
| १० | वडा नं ५ मा चाडवाड लक्षित सरसफाई कार्यक्रम | ८८३२० | १२ | १२० |
| ११ | पानेहिटिबाट तुरतुरे धारा जाने बाटोमा ड्रेन र सुर्यविनायकगणेशस्थानबाट मुना राजथलाको घर जाने बाटोमा स्टोन पेभिग | ६८४४८ | ५ | ९३ |
| १२ | वडा नं ६ भित्रका विभिन्न स्थानमा रहेका बाटो, कुलो, नाली मर्मततथा सरसफाई, आइ डि ए | ८०९६० | ३ | ११० |
| १३ | वडा नं ६चाँडबाड लक्षित सरसफाई कार्यक्रम | ३६०६४ | ७ | ४९ |
| १४ | वडा नं ६ भित्रका विभिन्न स्थानमा रहेका बाटो, कुलो, नाली मर्मततथा सरसफाई | ८५३७६ | ३ | ११६ |
| १५ | सडक किनारको पक्की कुलो तथा सिँचाई बाँध र कुलो सरसफाई गर्ने, नेपाल सरकार | १०००९६ | ९ | १३६ |
| १६ | पधेराटोल सामुदायिक प्रतिक्षालय निर्माण तथा मर्मत सम्भार | १२१४४० | ६ | १६५ |
| १७ | वडा नं ७ मा चाडबाँड लक्षित सरसफाई कार्यक्रम | ९६४१६ | १२ | १३१ |
| १८ | वडा कार्यालयदेखी आदर्श चोकसम्मको बाटो नाली सरसफाई आई डि ए | ७०६५६ | ६ | ९६ |
| १९ | सूर्यविनायक गणेश मन्दिर हुदै वडा कार्यालय बैरीखेल- दोर्लाङ्गसम्मको बाटो नाली सफा गर्ने निरन्तर | १३३२१६ | १३ | १८१ |
| २० | श्री पञ्चकन्या आधारभुत विद्यालय भवन संरक्षण गर्न वाल निर्माण | १९७९८४ | १४ | २६९ |
| २१ | वडा नं ९ स्थित सडक मर्मत तथा नाली सरसफाई | १०५९८४ | ५ | १४४ |
| २२ | वडा नं ९ मा विपद पश्चात विभिन्न भौतिक पुर्वाधार मर्मत तथा चाडवाडलक्षित सरसफाई कार्यक्रम | ७३६०० | १० | १०० |
| २३ | वडा नं ९ स्थित सडक मर्मत तथा नाली सरसफाई | ११७७६० | ५ | १६० |
| २४ | वडाका सडकको नाली सहित सडकको मर्मत तथा सरसफाई | १४७२०० | ७ | २०० |
| २५ | वडाका सडकको नाली सहित सडकको मर्मत तथा सरसफाई | १२७३२८ | ७ | १७३ |
| | कुल खर्च | २८९८३६८ | | |

(क) प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका२०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरि अनुगमन मुल्यांकन गरी पृष्ठपोषण प्रदान गरेको पाईएन । सो सम्बन्धमा सुधार हुनुपर्दछ।

(ख) निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेकोदफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित पालिका तथा नगरकार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्वयन गरेको छैन । यसमा सुधार हुनुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सूर्यविनायक नगरपालिका, भक्तपुर , सुर्यविनायक नगरपालिका , भक्तपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Tara Nath Luitel | २०८०-०९-०४ | २०८२-०२-०२ |
| कार्यालय प्रमुख | Yubaraj Acharya | २०८२-०२-०५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Sapana Sharma | २०८०-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १६९,१५० | २७,५४३,८३२ | ४,१५५,०२० | ० | ० | ९,२९६,३२४ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ४१,१६४,३२६ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ३,८०५,६८२ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३७,३५८,६४४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ८७८७७२१७४ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५५८४२७४३७ | चालु खर्च | ७४३६१२२१६ |
| प्रदेश सरकारबाट अनुदान | ६८६७२३४१ | पूँजीगत खर्च | ८८८४४३९३३ |
| राजश्व बाँडफाँट | ५९११४३२१२ | वित्तीय/अन्य व्यवस्था | २५८५१२९२९ |
| आन्तरिक आय | २८७७४८८०९ | | |
| अन्य आय | २६०८५१७६४ | | |
| कुल आय | १७६६८४३५६३ | कुल खर्च | १८९०५६९०७८ |
| बाँकी मौज्दात | | ७५५०४६६५९ | |

## अनुसूची - २

## बेरूजु दफा २.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को रु. | गत आ.ब. को रु. |
|---|---|---|---|
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | |
| ११००० | कर | ६८४८६१३७४ | ५६२३७०६१४ |
| १३००० | अनुदान | ६५८३१८६८९ | ६१९४९४१३१ |
| १४००० | अन्य राजस्व | १५०४५९०४८ | १६१७८१९८१ |
| १५००० | विविध प्राप्ति | १२०८७५१ | १७१८०६८५ |
| ३३३६६ | दहत्तर बहत्तर शुल्क | ० | ० |
| क | कुल जम्मा प्राप्ति | १४९४८४७८६२ | १३६०८२७४१२ |
| ३ | चालु | ७४३६१२२१६ | ६६१८१५२४० |
| २१००० | पारिश्रमिक / सुविधा | ३०४३५३२२२ | ३०४२३६६०४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ३६०७०४६३९ | २९२७४८९१४ |
| २५००० | सहायता (Subsidy) | १३७३३२६ | ३३१५६९७ |
| २७००० | सामाजिक सुरक्षा | ७४०५२०९८ | ५९६६२३३८ |
| २८००० | अन्य खर्च | ३१२८९३१ | १८५१६८७ |
| ४ | पूंजीगत | ८८८४४३९३३ | ८१४७२३९१९ |
| ३१११० | भवन तथा संरचना | ९९४२०४०५ | ७८६५५७३६ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ७१२६९३०० | १८६३६८४९ |
| ३११३० | अन्य पूँजीगत खर्च | ५३१९६६४ | १२९३८१२ |
| ३११४० | सुरक्षा उपकरण | १२८७००५० | ६००००० |
| ३११५० | सार्वजनिक निर्माण | ६८९२३००४९ | ७०८१३१४४९ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ० | ३७६३२०७ |
| ३११७० | पूँजीगत सुधार खर्च | १०३३४४६५ | ३६४२८६७ |
| ख) | कुल जम्मा भुक्तानी | १६३२०५६१४८ | १४७६५३९१६० |
| ग) | बचत / कमी (ग = क-ख ) | -१३७२०८२८७ | -११५७११७४७ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -) | २३३१९४४ | ८५४५२७२ |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ) | -१३४८७६३४२ | -१०७१६६४७६ |
| | | | |

| | | | |
|---|---|---|---|
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ८१६६३३१२२ | ९२३७९९५९७ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ६८१७५६७८० | ८१६६३३१२२ |

## बेरूजु दफा १६ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क.सं. | पेश्कीको विवरण | पेश्की लिने नाम | चालु आ. व. | | गत आ. व.सम्मको | | जम्मा बाँकी पेश्की | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको | म्याद ननाघेको | म्याद नाघेको | म्याद ननाघेको | म्याद नाघेको | |
| १ | पानी तथा बिजुली | शंभु पौडेल | ० | १५६०० | ० | ० | ० | १५६०० | १५६०० |
| २ | वडास्थित मेनरोडमा वातावरण दिवशको अवसरमा बृक्षारोपन | राम श्रेष्ठ | ० | ४००००० | ० | ० | ० | ४००००० | ४००००० |
| ३ | उत्पिडित समुदाय लक्षित कार्यक्रम संचालन गर्न | मोहन देउबन्जार | ० | ७०००० | ० | ० | ० | ७०००० | ७०००० |
| ४ | एकल महिला क्षमता अभिबृद्धि लगायतका कार्यक्रम गर्न | मोहन देउबन्जार | ० | ८०००० | ० | ० | ० | ८०००० | ८०००० |
| ५ | चंखु खोला पुल झ्यालीपाटी भट्टराईटोल सूर्यविनायक ८ | अंशु बिल्डर्स | ० | ० | ० | १४८३००० | ० | १४८३००० | १४८३००० |
| ६ | नगर तथा वडा भवन | त्रिशक्ति । यू एस जे.भी | ० | ० | ० | २४००००० | ० | २४००००० | २४००००० |
| ७ | साम्लेपाटीबाट तीनधारा जाने सडक स्तरोन्नति (संघ) | पलाञ्चोक कन्स्ट्रक्सन (प्रा.) लि. | ० | ० | ० | ६००००० | ० | ६००००० | ६००००० |
| ८ | नगरका विभिन्न सडक पूर्वाधार निर्माण कार्यहरु | सनराइज ड्रिलिङ् एण्ड कन्सट्रक्सन प्रा.लि | ० | ० | ० | ४०००००० | ० | ४०००००० | ४०००००० |
| ९ | COVID १९ संक्रमण नियन्त्रण सम्बन्धी विविध क्रियाकलाप | समता सचेतना समाज | ० | ० | ० | ३००००० | ० | ३००००० | ३००००० |
| १० | पात्लेटार मैत्री भवनदेखि कैलाश डाँडा जाने बाटो स्तरोन्नती | ॐ दुर्गेश्वरी महादेव निर्माण सेवा | ० | ० | ० | ४००००० | ० | ४००००० | ४००००० |
| ११ | देउजागाउँ देखि सौडोल जाने सडक स्तरोउन्नती योजना । | सम्राट कन्ष्ट्रक्सन | ० | ८०००० | ० | ० | ० | ८०००० | ८०००० |
| १२ | बागमती कोल्ड स्टोर बाहिटी चख्खु मार्ग सडक स्तरोन्नति, सूर्यविनायक-८ | आकाश दिप बिल्डर्स एण्ड ईन्जिनियर्स प्रा. लि | ० | १६००००० | ० | ० | ० | १६००००० | १६००००० |
| १३ | विपद व्यवस्थापन कोष | अरनिको माध्यमिक विद्यालय | ० | ० | ० | ४६०००० | ० | ४६०००० | ४६०००० |
| १४ | अस्पताल पूर्वाधार निर्माण | आरोग्य मेडि टेक प्रा. लि. | ० | ० | ० | २५००००० | ० | २५००००० | २५००००० |
| १५ | बाल दिवस कार्यक्रम | आसाको सन्देश नेपाल | ० | ० | ० | २५००० | ० | २५००० | २५००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | विपद व्यवस्थापन कोष | जुद्ध वारुण यन्त्र कार्यालय भक्तपुर | ० | ० | ० | २००००० | ० | २००००० | २००००० |
| १७ | बैरिखेल बिद्युत पोल सार्न | नेपाल विद्युत प्राधिकरण, भक्तपुर वितरण केन्द्र | ० | ० | ० | २८११९५ | ० | २८११९५ | २८११९५ |
| १८ | भंगाल खानेपानी योजना ,सूर्यविनायक-१० | नेपाल विद्युत प्राधिकरण, भक्तपुर वितरण केन्द्र | ० | ० | ० | १३५३६०२ | ० | १३५३६०२ | १३५३६०२ |
| १९ | मर्मत संभार कोष | नेपाल विद्युत प्राधिकरण, भक्तपुर वितरण केन्द्र | ० | ० | ० | ३०६७८८ | ० | ३०६७८८ | ३०६७८८ |
| २० | वडाका बिभिन्न स्थानमा बिद्युत पोल व्यबस्थापन तथा सडक बत्ती मर्मत | नेपाल विद्युत प्राधिकरण, भक्तपुर वितरण केन्द्र | ० | ० | ० | १६९८७५ | ० | १६९८७५ | १६९८७५ |
| २१ | विभिन्न स्थानमा रहेको विद्युतिय पोल व्यवस्थापन | नेपाल विद्युत प्राधिकरण, भक्तपुर वितरण केन्द्र | ० | ० | ० | ३२०५२७ | ० | ३२०५२७ | ३२०५२७ |
| २२ | साविक कटुञ्जे १-९ को मुलबाटोमा रहेको विद्युतीय पोल व्यवस्थापन गर्न | नेपाल विद्युत प्राधिकरण, भक्तपुर वितरण केन्द्र | ० | ० | ० | २७३८२६ | ० | २७३८२६ | २७३८२६ |
| २३ | विभिन्न स्थानमा रहेको विद्युतिय पोल व्यवस्थापन | नेपाल विधुत प्राधिकरण | ० | ० | ० | १३८२२८ | ० | १३८२२८ | १३८२२८ |
| २४ | नगरका विभिन्न सडक पूर्वाधार निर्माण कार्यहरु | भूमीसुधार तथा मालपोत कार्यालय भक्तपुर | ० | ० | ० | १०००००० | ० | १०००००० | १०००००० |
| २५ | सीपविकास तालिम | महिला शसक्तिकरण एवम क्षमता अभिबृद्धि कार्यक्रम | ० | ० | ० | १००००० | ० | १००००० | १००००० |
| २६ | पूर्वाधार विकास डिपिआर/ वातावरण अध्ययन | मानवास इन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा.लि. | ० | ० | ० | ५४०००० | ० | ५४०००० | ५४०००० |
| २७ | सामुदायिक विद्यालयमा लक्षित कार्यक्रम | श्री ज्योती माध्यामिक विध्यालय | ० | ० | ० | २००००० | ० | २००००० | २००००० |
| २८ | निर्मित पूर्वाधारहरुको मर्मत संरक्षण | नेपाल विधुत प्राधिकरण | ० | ८५७८४ | ० | ० | ० | ८५७८४ | ८५७८४ |
| २९ | निर्मित पूर्वाधारहरुको मर्मत संरक्षण | नेपाल विधुत प्राधिकरण | ० | ६२७८२ | ० | ० | ० | ६२७८२ | ६२७८२ |
| ३० | वडाका बिद्युत पोल ब्यबस्थापन तथा सडक बत्ती | नेपाल विद्युत प्राधिकरण, भक्तपुर वितरण केन्द्र | ० | २४१७६२ | ० | ० | ० | २४१७६२ | २४१७६२ |
| ३१ | वडाका बिद्युत पोल ब्यबस्थापन तथा सडक बत्ती | नेपाल विद्युत प्राधिकरण, भक्तपुर वितरण केन्द्र | ० | १२६७६७ | ० | ० | ० | १२६७६७ | १२६७६७ |
| ३२ | निर्मित पूर्वाधारहरुको मर्मत संरक्षण | नेपाल विद्युत प्राधिकरण, भक्तपुर वितरण केन्द्र | ० | २४६३०० | ० | ० | ० | २४६३०० | २४६३०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३३ | विधुतिय पोलहरु व्यवस्थापन गर्न | नेपाल विधुत प्राधिकरण भक्तपुर वितरण केन्द्र | ० | ४३८०३५ | ० | ० | ० | ४३८०३५ | ४३८०३५ |
| ३४ | विधुतिय पोलहरु व्यवस्थापन गर्न | नेपाल विधुत प्राधिकरण | ० | ३४४७२ | ० | ० | ० | ३४४७२ | ३४४७२ |
| ३५ | निर्मित पूर्वाधारहरुको मर्मत संरक्षण | काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड आयोजना कार्यान्वयन निर्देशनालय | ० | १५७०३२ | ० | ० | ० | १५७०३२ | १५७०३२ |
| ३६ | कटुञ्जे स्वास्थ्य चौकीको ल्याव विस्तार र थप जनशक्तिको लागि अनुदान | कटुन्जे स्वास्थ्य चौकी | ० | ९७२०० | ० | ० | ० | ९७२०० | ९७२०० |
| ३७ | निर्मित पूर्वाधारहरुको मर्मत संरक्षण | नेपाल विधुत प्राधिकरण, भक्तपुर वितरण केन्द्र | ० | २६३९१ | ० | ० | ० | २६३९१ | २६३९१ |
| ३८ | निर्मित पूर्वाधारहरुको मर्मत संरक्षण | नेपाल विधुत प्राधिकरण ठिमी वितरण केन्द्र | ० | १२५७०५ | ० | ० | ० | १२५७०५ | १२५७०५ |
| ३९ | विधुतिय पोलहरु व्यवस्थापन गर्न | नेपाल विधुत प्राधिकरण, भक्तपुर वितरण केन्द्र | ० | ३२०१० | ० | ० | ० | ३२०१० | ३२०१० |
| ४० | मर्मत संभार कोष | नेपाल विधुत प्राधिकरण | ० | २५१३४१ | ० | ० | ० | २५१३४१ | २५१३४१ |
| ४१ | विधुतिय पोलहरु व्यवस्थापन गर्न | नेपाल विधुत प्राधिकरण भक्तपुर वितरण केन्द्र | ० | १७७६४३ | ० | ० | ० | १७७६४३ | १७७६४३ |
| ४२ | ६०.४० लागत सहभागिता योजना | एकता टोल बाटो स्तरोन्नती उ.स. | ० | ० | ० | ६४८००० | ० | ६४८००० | ६४८००० |
| ४३ | एकल धारोमा किरिया पुत्री भवन निर्माण गर्न | एकल धारोमा किरिया पुत्री भवन निर्माण गर्न उपभोक्ता समिति | ० | ० | ० | ४८०००० | ० | ४८०००० | ४८०००० |
| ४४ | कसटोलबाट पश्चिम उत्तर तर्फको Dead End बाटो स्तरोन्नती | कसटोल बाट पश्चिम उतर डेडइन बाटो स्तरोन्नती उ.स. | ० | ० | ० | १६०००० | ० | १६०००० | १६०००० |
| ४५ | खकुण्डोल कुलो बाटो स्तरोन्नति | खुकुन्डोल कुलो बाटो स्तरोन्नती उ.स. | ० | ० | ० | २२४००० | ० | २२४००० | २२४००० |
| ४६ | सडक तथा पुल निर्माण | ख्याचोटार बाटो तथा ढल स्तरोन्नती उ स | ० | ० | ० | ३२०००० | ० | ३२०००० | ३२०००० |
| ४७ | पलाँसे डोलेश्वर त्रिवेणी खोला पुल, सूर्यविनायक-०९ | त्रिवेणी खोला पुल निर्माण उ.स. | ० | ० | ० | २५००००० | ० | २५००००० | २५००००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४८ | दक्षिणकालीबाट दिलजाने बाटो | दक्षिणकाली मन्दिरबाट दिलसामा जाने बाटो उ.स. | ० | ० | ० | ९६००० | ० | ९६००० | ९६००० |
| ४९ | आकस्मिक सडक मर्मत | परिवर्तन टोल माथिल्लो एरियामा ओरालो बाटो ढलान | ० | ० | ० | १००००० | ० | १००००० | १००००० |
| ५० | परिवर्तनटोल बाटो स्तरोन्नति | परिवर्तन टोल माथिल्लो एरियामा ओरालो बाटो ढलान | ० | ० | ० | ३००००० | ० | ३००००० | ३००००० |
| ५१ | पाण्डुवजार घलाते र चुनदेवी क्षेत्रमा सन्ध्याकालिन पर्यटकीय शहर पर्यटन पूर्वाधार | पाण्डुबजार घलाते र चुनदेवी पर्यटन सन्ध्याकालीन उ.स. | ० | ० | ० | ४८०००० | ० | ४८०००० | ४८०००० |
| ५२ | तुरतुर धारा राजकुलो बाटो | पाण्डोवजार मेन सडकवाट साम्लेपाटी जाने सडक उ.स. | ० | ० | ० | ३२०००० | ० | ३२०००० | ३२०००० |
| ५३ | नगरस्तरीय विभिन्न पूर्वाधार कार्यक्रम कार्यान्वयन तथा पूर्वाधार निर्माण (संघ) | बखुन्छे टोल उपभोक्ता समिति | ० | ० | ० | १६०००० | ० | १६०००० | १६०००० |
| ५४ | वाइजुटार गिरीको घरबाट पूर्व जाने बाटो स्तरोन्नती | बाइजुटार गिरिको घरबाट पूर्ब जाने बाटो स्तरोन्नती उ.स. | ० | ० | ० | २५६००० | ० | २५६००० | २५६००० |
| ५५ | कार्यक्रम खर्च | बालकोट वसिडोल युवा क्लव उपभोक्ता समिति | ० | ० | ० | १६०००० | ० | १६०००० | १६०००० |
| ५६ | भंगाल खानेपानी योजना, सूर्यविनायक-१० | भंगाल वृहत खानेपानी आयोजना | ० | ० | ० | १२००००० | ० | १२००००० | १२००००० |
| ५७ | चख्खु धारा ट्रस, चख्खुधारा ट्रस पुल, अन्डोल खोला सरस्वती पाखा ट्रस पुल, महादेवखोला झो.पु. | भातेढिकुर नन्दीकेश्वर भारआली खोला पुल निर्माण उपभोक्ता समिति | ० | ० | ० | २५०००० | ० | २५०००० | २५०००० |
| ५८ | सडक तथा पुल निर्माण | मुडबरि चौरदेखि पोखर थुम्का जाने सडक निर्माण उ.स. | ० | ० | ० | २२४००० | ० | २२४००० | २२४००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५९ | नगरस्तरीय विभिन्न पूर्वाधार निर्माण कार्य | माली गाउँ टोल सुधार समाज | ० | ० | ० | ३२०००० | ० | ३२०००० | ३२०००० |
| ६० | वातावरण तथा सांस्कृतीक धरोहर संरक्षण संस्था भवन निर्माण | वातावरण तथा साँस्कृतिक धरोहर सरक्षण सस्था | ० | ० | ० | ९६००० | ० | ९६००० | ९६००० |
| ६१ | श्रृजनानगरबाट पश्चिमको बाँकी बाटो स्तरोन्नति | श्रृजनानगर बाट पश्चिमको बाटो स्तरोन्नती उपभोक्ता समिति | ० | ० | ० | ३२०००० | ० | ३२०००० | ३२०००० |
| ६२ | सडक तथा पुल निर्माण | शिव मन्दिर तथा सत्तल सामुदायिक भवन निर्माण उ स | ० | ० | ० | ३१२००० | ० | ३१२००० | ३१२००० |
| ६३ | नगरस्तरीय विभिन्न पूर्वाधार निर्माण कार्य | सुर्योदय टोलबाट भट्टा जाने बाटो स्तरोन्नती उपभोक्ता समिति | ० | ० | ० | १६०००० | ० | १६०००० | १६०००० |
| ६४ | विभिन्न सार्वजनिक निर्माण कार्य | सिरुटार राजथला टोल सडक निर्माण उ.स. | ० | ० | ० | ६४००० | ० | ६४००० | ६४००० |
| ६५ | सडक तथा पुल निर्माण | हर्षचोक भित्री सडक ग्राभेल | ० | ० | ० | ८०००० | ० | ८०००० | ८०००० |
| ६६ | बगरखोला नदी कटान बाटो वडा नं १० | डाँडा टोल सडक उपभोक्ता समिति | ० | ३२०००० | ० | ० | ० | ३२०००० | ३२०००० |
| ६७ | लटरम्बेश्वर महादेव मन्दिर परिषर सुधार योजना | लटरम्भेश्वर महादेव पर्यटन पुर्वाधार विकास उ स | ० | ९६०००० | ० | ० | ० | ९६०००० | ९६०००० |
| ६८ | जोशीटोलबाट पश्चिम जाने बाटो स्तरोन्नति वडा नं. ५ | जोशीटोलबाट पश्चिम जाने बाटो स्तरोन्नती उपभोक्ता समिति | ० | ९६००० | ० | ० | ० | ९६००० | ९६००० |
| ६९ | डिगाउँ क्षेत्रमा पहिरो नियन्त्रण तथा ट्रस निर्माण वडा नं ८ | डि गाउ क्षेत्र पहिरो नियन्त्रण तथा ट्रस्ट निर्माण | ० | ३२०००० | ० | ० | ० | ३२०००० | ३२०००० |
| ७० | मुडवरी चौर हुँदै पोखर थुम्का जाने सडक वडा नं ४ | मुडबरि चौरदेखि पोखर थुम्का जाने सडक निर्माण उ.स. | ० | ३२०००० | ० | ० | ० | ३२०००० | ३२०००० |
| ७१ | लक्ष्मी नन्दन मार्गबाट दक्षिण (अर्याल टोल) जाने बाटो उकालो ढलान, वडा नं. ५ | लक्ष्मी नन्दन मार्गबाट दक्षिण अर्याल टोल जाने बाटो उकालो ढलान उ.स. | ० | २२४००० | ० | ० | ० | २२४००० | २२४००० |
| ७२ | प्रधानमन्त्री रोजगार कार्यक्रम बस्तुगत साझेदारी | गणेशस्थानवाट मुना राजथलाको घरजाने बाटोमा स्टोन पेभिंग उ.स. | ० | १४९००० | ० | ० | ० | १४९००० | १४९००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७३ | पाथिभारा मन्दिर निर्माण गर्न | पाथिभरा मन्दिर निर्माण गर्न उपभोक्ता समिति | ० | ३२०००० | ० | ० | ० | ३२०००० | ३२०००० |
| ७४ | सीपविकास तालिम | अनिता खत्री | ० | ० | ० | ३५००० | ० | ३५००० | ३५००० |
| ७५ | कार्यक्रम खर्च | पार्वती नगरकोटी | ० | ० | ० | ७०००० | ० | ७०००० | ७०००० |
| ७६ | संचार महसुल | मदन राजथला | ० | ० | ० | ५००० | ० | ५००० | ५००० |
| ७७ | कार्यक्रम खर्च | शन्तोष प्रसाद ढुंङ्गेल | ० | ० | ० | ९०००० | ० | ९०००० | ९०००० |
| ७८ | जेष्ठ नागरिक सम्मान+ अवलोकन भ्रमण गर्न | अनिता खत्री | ० | ४५००० | ० | ० | ० | ४५००० | ४५००० |
| ७९ | सीपविकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | अञ्जली तामाङ्ग | ० | १७८५०० | ० | ० | ० | १७८५०० | १७८५०० |
| | जम्मा | | ० | ७२८१३२४ | ० | २६४८२०४१ | ० | ३३७६३३६५ | ३३७६३३६५ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
-